सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ चैत २०८२, शुक्रबार (10 Apr 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३५१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ भेपमा लुकाएर सुन तस्करी प्रकरण

पूर्वसभामुख महरा र पुत्र राहुलसहित २८ विरुद्ध मुद्दा दायर



■ यी हुन् अभियुक्त

महरा बाबुछोरा र पोखरेलसहित तत्कालीन प्रमुख भन्सार अधिकृत अम्बिकाप्रसाद खनाल तथा भन्सार अधिकृतद्वय रमेशकुमार खतिवडा र सुवेन्द्र श्रेष्ठ, नासुहरू सुवर्णाप्रभा केसी, भुवनराज घिमिरे, उमेशप्रसाद कोइराला, रेवन्त खड्का र मधुसुदन पोखेल प्रतिवादी छन्। त्यस्तै, निर्मलकुमार विक, लोकेन्द्रकुमार पौडेल, दीपेश बस्नेत, गोपाल सुवेदी, दिनेश बस्नेत, वेदप्रकाश अग्रवाल, रामकेशव थापा क्षेत्री, अमृत कार्की, निमा गुरुङ, प्रेरणा थापा, ललिता थापा, दीपिका थापा पनि मुद्दाका प्रतिवादी छन्। चिनियाँ नागरिक ली हाङ सङ र दाओजिङ वाङ, बेल्जियमका नागरिक दावा छिरिङ, भारतीय नागरिक साहेब साब पान्डुरङ मरगले र डेक्स्टर ट्राभन्स एन्ड टुर्स प्रालिविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ।

■ बिगो दाबी

तस्करी भएको आठ हजार ४८० ग्राम सुनको हुन आउने मूल्य सात करोड ७८ लाख ६८ हजार ९५ रुपैयाँबराबरको सम्पत्ति हिनामिना हानि-नोक्सानी भएको भन्दै संयुक्त बिगो सात करोड ७८ लाख ६८ हजार ९५ रुपैयाँ कायम गरेर मुद्दा चलाइएको छ।

सुवास भट्ट/नयाँ पत्रिका

इलेक्ट्रिक सिगरेट (भेप)मा लुकाएर सुन तस्करी गरेको आरोपमा पूर्वसभामुख कृष्णबहादुर महरा र उनका पुत्र राहुलविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको छ। त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भन्सार छल्नेर गैरकानुनी रूपमा ल्याइएको भेपको सुन जफत गरी भन्सार ऐनबमोजिम कारबाही गर्नुपर्नेमा आपसी मिलेमतोमा बाहिर पुऱ्याएर बिक्री गरी भ्रष्टाचार गरेको कसुरमा मुद्दा दायर गरेको हो।

विमानस्थल भन्सार कार्यालयको यात्रु आगमन शाखामा १० पुस ०७९ मा फ्लाई दुबईको उडानबाट नेपाल आएका चिनियाँ नागरिक ली हाङ सङले दुईवटा सुटकेकभित्र ७३ बट्टामा ७३० थान भेपमा लुकाएर सुन ल्याएका थिए। भन्सार कार्यालयका कर्मचारीले भेपमा सुन भएको थाहा पाए पनि मिलेमतोमा सुन बाहिर निकालेर उक्त ठाउँमा सुन नभएको भेप सट्टापट्टा गरी तस्करी गरेका थिए। चिनियाँ तस्करसँग सुन विमानस्थलमा अवतरण भएकै दिन महराको फोन संवाद भएको र उनीमार्फत नै छोरा राहुलले तस्कर समूहसँग मिलेर विमानस्थल भन्सारका कर्मचारीलाई प्रभावमा पारी चलखेल गरेको अख्तियारको ठहर छ।

अख्तियारले महरा बाबुछोरा र विमानस्थल भन्सार कार्यालयका तत्कालीन प्रमुख भन्सार प्रशासक अरुण पोखरेलसहित २८ जनालाई प्रतिवादी कायम गरेको छ।

एउटै सुन तस्करी घटनामा चौथो मुद्दा

पोखरेल बहालवाला सहसचिव हुन्। उनले नै आफू कार्यालय प्रमुख हुँदा सुन तस्करी भएको घटनाको जाहेरी २६ वैशाख ०८० मा प्रहरीलाई दिएका थिए। त्यही जाहेरीका आधारमा २७ असार ०७९ मा मुद्दा चलेको थियो। तर, यसपटक अख्तियारले उनलाई नै प्रतिवादी कायम गरिदिएको छ।

तस्करी भएको आठ हजार ४८० ग्राम सुनको हुन आउने मूल्य सात करोड ७८ लाख ६८ हजार ९५ रुपैयाँबराबरको सम्पत्ति हिनामिना हानि-नोक्सानी भएको भन्दै संयुक्त बिगो सात करोड ७८ लाख ६८ हजार ९५ रुपैयाँ कायम गरेर मुद्दा चलाइएको छ। यस प्रकरणमा यसअघि नै तीनवटा मुद्दा दायर भइसकेकाले यो चौथो मुद्दा हो।

महरा बाबुछोरा र पोखरेलसहित तत्कालीन प्रमुख भन्सार अधिकृत अम्बिकाप्रसाद खनाल तथा भन्सार अधिकृतद्वय रमेशकुमार खतिवडा र सुवेन्द्र श्रेष्ठ, नासुहरू सुवर्णाप्रभा केसी, भुवनराज घिमिरे, उमेशप्रसाद कोइराला, रेवन्त खड्का र मधुसुदन पोखेल प्रतिवादी छन्। त्यस्तै, निर्मलकुमार विक, लोकेन्द्रकुमार पौडेल, दीपेश बस्नेत, गोपाल सुवेदी, दिनेश बस्नेत, वेदप्रकाश अग्रवाल, रामकेशव थापा क्षेत्री, अमृत कार्की, निमा गुरुङ, प्रेरणा थापा, ललिता थापा, दीपिका थापा पनि मुद्दाका प्रतिवादी छन्। चिनियाँ नागरिक ली हाङ सङ र दाओजिङ वाङ, बेल्जियमका नागरिक दावा छिरिङ, भारतीय नागरिक साहेब साब पान्डुरङ मरगले र डेक्स्टर ट्राभन्स एन्ड टुर्स

» पृष्ठ २ मा क्रमशः

■ निजी विद्यालय मापदण्डविपरीत शुल्क उठाउँदै

स्थानीय तहदेखि मन्त्रालयसम्म अभिभावकका गुनासा

गुनासा बढी नै आएपछि मापदण्डभित्र रहेर शुल्क लिन शिक्षा मन्त्रालयको निर्देशन



● **मधुप्रसाद घिमिरे,** सूचना अधिकारी, शिक्षा मन्त्रालय

विद्यालय शिक्षा स्थानीय तहअन्तर्गत भनिएको छ, तर स्थानीय तहहरूले यस्ता अभिभावक ठगिएका विषय उठाएका छैनन्। तोकिएकोभन्दा धेरै नै बढी शुल्क निजी स्कुलहरूले लिने गरेका छन्। मापदण्ड, निर्देशिका र नियमावलीमा टेकेर स्थानीय तहहरूले त्यस्ता स्कुलहरूलाई कारबाही गर्नुपर्छ।


काठमाडौं महानगरमा दैनिक २० भन्दा धेरै आउँछन्



● **इन्द्रप्रसाद दाहाल,** शिक्षा अधिकृत, काठमाडौं महानगर

सरकारले तोकेको मापदण्डविपरीत निजी विद्यालयहरूले शुल्क असुलेको भनेर महानगरमा दैनिक २० भन्दा धेरै अभिभावकका गुनासा आइरहेका छन्, हामीले सम्बन्धित विद्यालयलाई फिर्ता गर्न निर्देशन दिइरहेका छौं। हामी अनुगमन पनि गर्छौं।

बढी लिएको रकम फिर्ता गराउँछौं



● **सुनील प्रजापति,** मेयर, भक्तपुर नगरपालिका

नगरपालिकामा कतिपय निजी विद्यालयहरूले मापदण्डभन्दा धेरै शुल्क लिइरहेका गुनासा आइरहेका छन्। हामीले सम्बन्धित विद्यालयलाई फोन गरेर गुनासो सम्बोधन गर्ने गरेका छौं। बढी लिएको शुल्क फिर्ता गराउँछौं। हामी नगरपालिकाभित्रका निजी विद्यालयलाई क, ख, ग र घ वर्गमा विभाजन पनि गर्दै छौं।


शिवहरि घिमिरे/नयाँ पत्रिका

नयाँ शैक्षिक सत्रका लागि निजी विद्यालयले मापदण्डविपरीत शुल्क असुलेको भन्दै पीडित अभिभावकले पालिकादेखि शिक्षा मन्त्रालयसम्म गुहार्न थालेका छन्। पढिरहेकै विद्यालयमा नयाँ कक्षामा गएका विद्यार्थीसँग पनि भर्ना शुल्क लिएको र अन्य विभिन्न शीर्षकमा समेत

» पृष्ठ २ मा क्रमशः

■ निर्देशिकाअनुसार कुन शीर्षकमा कति शुल्क लिन पाइन्छ ?

मासिक शुल्क	विद्यालयको समग्र खर्च, विद्यार्थीको संख्या र शिक्षा नियमावलीले तोकेको मापदण्डलगायतलाई आधार मानेर तय गरिन्छ, तर अहिले विद्यालयहरूले मनपरी शुल्क तोकेर उठाइरहेका छन्
भर्ना शुल्क	एकपटक मात्र लिन पाउने, त्यो पनि एक महिनाको मासिक शुल्कबराबर
वार्षिक शुल्क	दुई महिनाको मासिक शुल्कबराबर रकम मात्र लिन पाइने
परीक्षा शुल्क	मासिक शुल्कको ५० प्रतिशतभन्दा नबढाईकन वार्षिक वा किस्तामा लिनुपर्ने (परीक्षाको मापदण्डमा सञ्चालित सम्पूर्ण खर्च र स्थानान्तरण प्रमाणपत्र छपाइबापतको खर्च यसैभित्र समेटिनुपर्ने)
शैक्षिक सामग्री शुल्क	मासिक शुल्क १० प्रतिशत मात्र वर्षमा एकपटक लिन पाइने
आवास शुल्क	यो शीर्षकको शुल्क निर्धारण आवासीय विद्यार्थीका अभिभावक र विद्यालयबिच सहमतिअनुसार गर्नुपर्नेछ, जसलाई अभिभावक भेलाबाट पारित गराउनुपर्नेछ
खाजा शुल्क	यस्तो सुविधा लिने विद्यार्थीका अभिभावकको भेलाबाट पारित गराउनुपर्छ
यातायात शुल्क	यो सुविधा लिने विद्यार्थीका अभिभावकको भेलाको दुईतिहाइबाट यस्तो शुल्क पारित गराउनुपर्नेछ
विशेष प्रशिक्षण शुल्क	खेलकुद, संगीत तथा साहित्यिक कार्यक्रमलगायतका तालिम, प्रशिक्षण लिनेहरूसँग लिन पाउनेछ, यो शुल्क पनि त्यो सुविधा लिने विद्यार्थीका अभिभावकहरूको दुईतिहाइ भेलाबाट पारित गर्नुपर्छ



यसबाहेक विद्यालयले धरौटी शुल्क (पछि फिर्ता हुने गरी), कम्प्युटर शुल्क (कम्प्युटर विषय पढ्नेका लागि), स्थानान्तरण प्रमाणपत्र शुल्क, शैक्षिक भ्रमण शुल्क र अन्तरविद्यालय प्रतियोगिता सञ्चालन शुल्क लिन पाउने व्यवस्था निर्देशिकामा छ।

पालता नगरे यस्तो कारबाही पहिलोपटक कसुर हेरेर सम्बन्धित विद्यालयलाई २५ हजारसम्म जरिवाना गरिनेछ। दोस्रोपटक विद्यालयको अनुमति स्वीकृति नै रद्द गरिनेछ।

विद्यालयले स्टेसनरी र पोसाक तोकेकै ठाउँमा किन्न दबाब दिन नपाउने

निजी विद्यालयहरूले स्टेसनरीदेखि विद्यालय पोसाकसम्म तोकेकै ठाउँमा किन्न अभिभावकलाई बाध्य पार्दै आइरहेका छन्। तर, विद्यालयले तोकेका पसलमा चर्को शुल्क तिर्नुपरेको गुनासो अभिभावकले गर्दै आइरहेका छन्।

मन्त्रालयले विद्यालयहरूले आफ्ना विद्यार्थीलाई विद्यालय परिसरभित्रै वा विद्यालयले तोकेको स्थान/पसलबाट पुस्तक, स्टेसनरी, पोसाकलगायतका सामग्री खरिद गर्न बाध्य नपार्न निर्देशन दिएको छ। मन्त्रालयले अभिभावकलाई खुला बजारबाट स्टेसनरी तथा विद्यालय पोसाक किन्न विद्यालयले सहजीकरण गर्नुपर्ने बताएको छ। 'कुनै पनि विद्यालयले अभिभावकलाई यही ठाउँबाटै पोसाक र स्टेसनरी किन्नुपर्छ भनेर दबाब दिन पाउँदैनन्, त्यसो गरे कारबाही हुन्छ,' मन्त्रालयका प्रवक्ता सापकोटाले भने।

■ नयाँ शैक्षिक सत्रको भर्ना १५ वैशाख र पठनपाठन २१ वैशाखदेखि

शिक्षा मन्त्रालयले आगामी शैक्षिक सत्रको पठनपाठन २१ वैशाखदेखि सञ्चालन गर्न विद्यालयहरूलाई निर्देशन दिएको छ। मन्त्रिपरिषद्को बैठकअनुसार मन्त्रालयले शैक्षिक सत्र ०८३ को भर्ना अभियान १५ वैशाखबाट सुरु गर्ने र नियमित पठनपाठन २१ वैशाखबाट सुरु गर्न संस्थागत र सामुदायिक विद्यालयलाई निर्देशन दिएको हो। मन्त्रालयले २ वैशाखदेखि प्रवर्द्धनात्मक तथा विद्यार्थी र शिक्षकहरूलाई रचनात्मक शैक्षिक कार्यहरू गराउनसमेत अनुरोध गरेको छ।

विवादमा मुछिएका श्रममन्त्री साह १४ दिनमै पदमुक्त

'राइट टु रिकल' व्यवस्थाअनुसार मन्त्री साहलाई जिम्मेवारीबाट अलग गराइएको रास्वपाको भनाइ

प्रेम गौतम/नयाँ पत्रिका

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले विवादमा तानिएका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहलाई १४ दिनमै बिहीबार पदमुक्त गरेका छन्। रास्वपा सभापति रवि लामिछानेको लिखित सिफारिसका आधारमा प्रधानमन्त्री शाहले श्रममन्त्री साहलाई पदमुक्त गर्नुका साथै स्वास्थ्यमन्त्री निशा मेहतालाई सचेत गराएका छन्। साह १३ चैतमा मन्त्री बनेका थिए।

क्षेत्राधिकाराबाहिर गएर अभिव्यक्ति दिएका तथा पदीय मर्यादाको दुरुपयोग गरी श्रीमती जुनु श्रेष्ठलाई लामो समयदेखि निष्क्रिय रहेको स्वास्थ्य बिमा बोर्ड सदस्यमा नियमित कार्यमा संलग्न गराएपछि रास्वपा सभापति

» पृष्ठ २ मा क्रमशः



दीपककुमार साह

● विश्लेषक दीपेश घिमिरे भन्छन्-

प्रश्न उठ्नेबित्तिकै मन्त्रीलाई कारबाही गरेर सरकारले मानक सिर्जना गऱ्यो



सरकारले श्रममन्त्रीलाई प्रश्न उठ्नेबित्तिकै कारबाही गरेर एउटा मानक सिर्जना गऱ्यो। अहिलेको सरकार यति निर्मम हुनुपर्छ, जसले गर्दा सुशासनको बलियो जग बस्न सक्छ। एउटा तहमा अध्ययन गरेर निर्मम हुने कुराले सुशासनको जग बस्छ। टाउकोबाटै सुशासन हुनुपर्छ। घर सफा गर्दा छतबाटै सफा गर्न थाल्नुपर्छ। सुशासनको दृष्टिले सरकार निर्मम बन्नु र तत्काले एक्सनमा जाने कुरा अत्यन्त महत्त्वपूर्ण छ। तर, लोकतान्त्रिक व्यवस्थामा एउटा तहको स्पष्टीकरणको मौकाचाहिँ दिनुपर्थ्यो। आन्तरिक रूपमा त्यो प्रक्रिया पूरा गरेको भए ठिकै हुन्थ्यो। यस सम्बन्धमा स्वार्थको द्वन्द्वसम्बन्धी कानुन आएपछि अझ सहज हुन्छ।

१३ दिनपछि हिरासतमुक्त भए ओली र लेखक

जेन-जी आन्दोलनमा भएको दमन र हेलचेक्र्याइँबारे अनुसन्धान जारी रहने





(विस्तृत पृष्ठ ३)

फेरि सुरु भयो हेटौंडा कपडा उद्योग सञ्चालनको बहस

गृहमन्त्री गुरुङको प्रस्तावसँगै नेपालमा नयाँ कपडा उद्योग खोल्ने कि पर्याप्त संरचना भएको हेटौंडा उद्योग पुनः सञ्चालन गर्ने भन्ने बहस हुन थालेको छ।

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सम्साँझै सयौंको भिडभाडमा चक्कु हानेर दाजुभाइको हत्या


मृतकका बुबा भन्छन्- युवतीको संलग्नताको आशंका छ, कल डिटेल्स हेरेर अनुसन्धान होस्

टेकराज थामी/नयाँ पत्रिका

सयौं मानिसको भिडभाडमै ललितपुर मंगलबजारस्थित कृष्णमन्दिर परिसरमा सोमबार सम्साँझै चक्कु प्रहार गरेर दुई दाजुभाइको बीभत्स हत्या भयो। घटनाको विस्तृत अनुसन्धानमै रहेको प्रहरी झुक्किएर अपरिचित नम्बरमा फोन जाँदा निम्तिएको विवादले हत्याको रूप लिएको प्रारम्भिक निचोडमा छ। तर, मृतकका बुबाले घटनाको केही घण्टाअघि कुनै केटीसँग छोराको फोन संवाद सुनेको भन्दै कल डिटेल्स हेरेर गम्भीर अनुसन्धान गर्न माग गरेका छन्।

जिल्ला प्रहरी परिसर ललितपुरका अनुसार मारिएका युवा झापा कमल गाउँपालिका- ४ का ३३ वर्षीय सुमित नेम्वाङ र उनका सहोदर भाइ २५ वर्षीय सिर्जन हुन्। ललितपुर महानगरपालिका- ९, भोलढोकाका ३२ वर्षीय सज्जु भनिने सञ्जीव नेपाली र नवलपरासी गैँडाकोट नगरपालिका- १ का २२ वर्षीय गगन सुनारले उनीहरूको हत्या गरेको प्रहरीले जनाएको छ।

» पृष्ठ २ मा क्रमशः



ललितपुर कृष्णमन्दिर परिसरमा सोमबार चक्कु प्रहार गरेर दुई दाजुभाइको बीभत्स हत्या भयो। विवादपछि सञ्जीव नेपालीले चक्कु निकालेर सुमित नेम्वाङमाथि प्रहार गरेको सिसिक्यामेरामा कैद भिडियोको स्क्रिनसट।

'सुमितले कुनै युवतीसँग संवाद गरेको मैले नै सुनेको थिएँ'



देवकुमार नेम्वाङ

मृतक सुमित र सिर्जनका बुबा देवकुमार नेम्वाङले भने नचिनेको नम्बरमा फोन गएको कारणले मात्रै हत्या भएकोमा आशंका गरेका छन्। उनले घटनाको केही घण्टाअघि सुमितको कुनै केटीसँग फोन संवाद सुनेको भन्दै कल डिटेल्स हेरेर अनुसन्धान गर्न माग गरेका छन्। 'यो घटना झुक्किएर अपरिचित नम्बरमा फोन गएको आधारमा मात्रै भएको भन्नेमा मलाई विश्वास छैन। किनभने घटना हुनुभन्दा तीन घण्टाअघि सुमितले कुनै युवतीसँग संवाद गरेको मैले नै सुनेको थिएँ,' उनले भने, 'ती युवती को थिइन् ? उनीसँग के संवाद भयो। यस विषयमा उनको कल डिटेल्स हेर्दा थाहा हुन्छ। गम्भीर अनुसन्धान होस्।'

संसद्ले पाउँदै छ जेन-जी उपसभामुख

उपसभामुखमा श्रम संस्कृति पार्टीकी रुबीकुमारी ठाकुर र राप्रपाकी सरस्वती लामाको उम्मेदवारी, झन्डै दुईतिहाइ सदस्य भएको रास्वपाले समर्थन गरेकाले २५ वर्षीया रुबी उपसभामुख बन्ने पक्का



नयाँ पत्रिका

नेपाली संसद्ले इतिहासकै कान्छी उपसभामुख पाउने भएको छ। श्रम संस्कृति पार्टीकी २५ वर्षीया सांसद रुबीकुमारी ठाकुर उपसभामुख बन्ने निश्चित भएको छ। झन्डै दुईतिहाइ सदस्य रहेको रास्वपाले समर्थन गरेसँगै उनको उपसभामुख पक्का भएको हो। यसको औपचारिक घोषणा भने शुक्रबारको प्रतिनिधिसभा बैठकमा हुने निर्वाचनपछि हुनेछ।

उपसभामुखमा राप्रपाले सरस्वती लामालाई उम्मेदवार बनाएको छ। निर्णायक रास्वपासँग श्रम संस्कृति र राप्रपाले उपसभामुखमा सघाउन आग्रह गरेका थिए। राप्रपा आशावादी पनि देखिएको थियो। तर, अन्तिममा रास्वपाले श्रम संस्कृतिकी ठाकुरलाई समर्थन गर्ने निर्णय गऱ्यो। कांग्रेस, एमाले र नेकपाले उम्मेदवारी दिएका छैनन्। उनीहरूले पनि रुबीलाई नै समर्थन रहेको बताएका छन्।

सभामुख र उपसभामुख फरक दल र लिंगको हुनुपर्ने संवैधानिक व्यवस्थाका कारण रास्वपाबाहेकको दलबाट महिला उम्मेदवार हुनुपर्थ्यो। सभामुखमा रास्वपाका डिपी अर्याल

» पृष्ठ २ मा क्रमशः

वनवाटिकाका नाममा डेढ करोड खर्च गरेपछि बल्ल डिपिआर र आइईईको तयारी

झापामा **चिरञ्जीवी घिमिरे**



सहिद वनवाटिकाका लागि बनाइएको प्रवेशद्वार

झापाको दमक नगरपालिका- २ स्थित हम्सेदुम्से सामुदायिक वनमा सहिद वनवाटिकाका नाममा डेढ करोड खर्च गरेपछि बल्ल जग्गा भोगाधिकारका लागि प्रक्रिया थालिएको छ। १२ वर्षसम्म विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) र प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन (आइईई) पनि भएको छैन।

जबकि, दमक नगरपालिकाले कम्पाउन्डवालसहितका लागि एक करोड ४६ लाख रकम खर्च गरिसकेको छ भने कोशी प्रदेश सरकारले पोखरी निर्माणका लागि थप २५ लाख खर्च गरेको छ।

अहिले आएर नगरपालिकाले संघ सरकारसँग भोगाधिकार मागेको हो। वन ऐन, २०७६ को दफा ३ (२) अनुसार नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयविना राष्ट्रिय वन क्षेत्रको भू-उपयोग परिवर्तन गर्न, राष्ट्रिय वनको भोगाधिकार कसैलाई उपलब्ध गराउन, धितो बन्धकी, सट्टापट्टा वा अन्य किसिमले हक हस्तान्तरण गर्न पाइँदैन।

वन तथा वातावरण मन्त्रालयले आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन, वन क्षेत्र प्रयोग गर्नुपर्ने तथ्यपरक आधार र कारण खुलेको प्रतिवेदन वातावरणीय अध्ययन प्रतिवेदन, विस्तृत अध्ययन प्रतिवेदन, इन्जिनियरिङ डिजाइन प्रतिवेदनलगायत स्वीकृत कार्यक्रम, प्रयोग गर्नुपर्ने राष्ट्रिय वनको क्षेत्रफल, हटाउनुपर्ने रुख-बिरुवाको लगत, राष्ट्रिय प्राथमिकता आयोजना निर्धारण गरेको राष्ट्रिय योजना आयोगको पत्र, स्थानीय तहले आयोजनाका लागि बजेट सुनिश्चितता गरेको निर्णयसहितको कागजात उपलब्ध गराउन अनुरोध गरेको छ। वन मन्त्रालयको पत्रपछि दमक नगरपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण, विस्तृत अध्ययन प्रतिवेदनलगायतका कागजात तयार पार्न सुरु गरेको छ।

डिपिआर र आइईईका लागि दमक नगरपालिकाले बजेट विनियोजन गरेको दमक नगरपालिकाका मेयर रामकुमार थापाले बताए। उनले अब बहुउद्देश्य पार्क निर्माण गर्दा विगतमा निर्माण भएको संरचनालाई पनि प्रयोग गर्न मिल्ने गरी निर्माण गरिने बताए। दमकलाई पर्यटकीय हब बनाउनका लागि अब ५० करोड लगानीमा पार्क निर्माण गरिने उनले बताए। उनले संघीय सरकार, प्रदेश सरकारसहित दातृ निकायको लगानीमा वा नगर विकास कोषबाट सहुलियतमा ऋण लिएर भए पनि पार्क निर्माण गर्ने जानकारी दिए। इलाम, मोरङसहितको जिल्लाबाट नजिक रहेका कारण पनि पर्या-पर्यटनमा राम्रो सम्भावना रहेको उनको भनाइ छ। 'यो दमकको प्रतिष्ठासँग गाँसिएको छ। दमकमा पर्यटकीयस्थल छैन। यो पार्क निर्माण भएपछि पर्यटकीय सम्भावना रहन्छ। हामीलाई अब ५० बिघा जग्गा चाहिने देखिन्छ,' उनले भने, 'त्यहाँ भुटानी शरणार्थी, संग्रहालय, भूपूसैनिक संग्रहालय, मनोरञ्जनस्थल, स्विमिङ पुल, तालिम केन्द्रसहितको पार्क निर्माण गर्ने योजनामा छौँ।'

विगतमा कानुनविपरीत दमक नगरपालिकाले सहिद वनवाटिकाको नाममा वन क्षेत्रमा संरचना बनाएको डिभिजन वन झापाका प्रमुख नथुनी गोहिवार यादवले बताए। 'थाहा भएकै कुरा हो। विगतमा प्रधानमन्त्री (ओली) त्यहीँको हुँदा नहुने काम पनि गरिएको थियो,' उनी भन्छन्, 'अहिले भोगाधिकारका लागि उहाँहरू (दमक नगरपालिका)ले तयारी गर्दै हुनुहुन्छ। अब डिपिआर पेस गरेपछि हामी माथि पठाउँछौँ।'

दमक नगरपालिकाले हम्सेदुम्से सामुदायिक वनको सहकार्यमा वन क्षेत्रमा पर्या-पर्यटनको वनवाटिकामा बजेट लगाएर काम गरिरहेको छ।

हम्सेदुम्से सामुदायिक वनले एक वर्षअघि मात्र डिभिजन वन कार्यालय झापाबाट पर्या-पर्यटनका लागि कार्ययोजना स्वीकृत गरेको डिभिजन वन कार्यालय झापाका सूचना अधिकारी अमृतबहादुर लिम्बूले बताए।

नगरपालिकाले एक करोड ४६ लाख खर्च गरेर सात सय मिटर कम्पाउन्डवालसँगै सामुदायिक भवन मर्मत, शौचालय मर्मत, पार्कमा रहेको झाडी हटाएर सरसफाइ गर्नेलगायतको काम गरेको छ। तर, संरक्षण अभावमा अहिले वन क्षेत्रभित्र रहेको सामुदायिक भवनको सिसा फुटाइएको छ। त्यहाँ बनेका संरचना अहिले प्रयोगविहीन अवस्थामा छ। जंगलभित्र रहेको सामुदायिक भवन लागुऔषध प्रयोगकर्ता र अवैध गतिविधि गर्नेको अखडा बनेको दमक- २ का प्रेम विश्वकर्माले बताए।

२५ लाखमा पोखरी बन्यो, पानी जमेन

कोशी प्रदेश सरकारले सहिद वनवाटिकाभित्र सिमसार बनाउने योजनाका साथ करिब एक हेक्टर क्षेत्रफलमा पोखरी निर्माण गरेको छ। हम्सेदुम्से सामुदायिक वन उपभोक्ता समितिको सहकार्यमा आर्थिक वर्ष ०७५/७६ मा २५ लाख लागतमा पोखरी निर्माण गरेको वन उपभोक्ता समितिका तत्कालीन अध्यक्ष हिमालय दाहालले बताए। पर्यटकीय क्षेत्र बनाउने उद्देश्यले त्यहाँ पोखरी निर्माण गरिएको उनले बताए। तर, २५ लाख लागतको पोखरी अहिले सुक्खा छ। पानी नजम्दा अहिले पोखरी झाडीमा परिणत भएको छ।

दमक नगरपालिकाका अनुसार पानी नजम्नुको कारणबारे धरान इन्जिनियरङ क्याम्पसले स्थलगत अध्ययन गरेको छ। उक्त अध्ययन टोलीले पानी जम्मा गर्ने उपाय पनि दिएको दमक नगरपालिकाले जनाएको छ। सामुदायिक वनका तत्कालीन अध्यक्ष दाहालले पोखरी खन्ने वेलामा भएको गल्तीका कारण पानी जम्न नसकेको बताए। 'त्यो वेलामा चुरे क्षेत्रमा यो पोखरी नयाँ भयो। हामीले जानेनौँ। प्राविधिक टोलीका अनुसार पोखरी खनेपछि ६ इन्च गोबरले लिप्नुपर्ने रहेछ,' उनी भन्छन्, 'केही नगरी हामीले पानी हाल्यौँ। दुई हप्तामा पानी सुक्यो। अहिले त्यहाँ बिरुवा उम्रिएका छन्। अबचाहिँ पानी जम्न सक्छ।'

मृतकका बुवा...

पृष्ठ १ बाट क्रमशः

प्रहरीका अनुसार ललितपुरकै इमाडोल बस्ने सुमितले कसैलाई फोन गर्दा झुक्किएर सञ्जीवको नम्बरमा फोन गएको थियो। तर, फोनमै विवाद भएर गालीगलौजमा उत्रिएपछि सञ्जीवले सुमितलाई मिलापत्रका लागि कृष्णमन्दिर आउन भनेका थिए। सुमित भाइ सिर्जनलाई लिएर कृष्ण मन्दिर पुगे भने सञ्जीव पनि गगनलाई लिएर आए। त्यहाँ पुग्नेबित्तिकै सञ्जीवले केही समयअघि आएको नम्बरमा कल ब्याक गरे।

मन्दिरको माथिल्लो सिँढीमा बसिरहेका सुमितले फोन उठाएर हात हल्लाउँदै आफूलाई देखाए। सञ्जीव फोन काटेर सरासर सुमित भएको ठाउँमा पुगेर भनाभनमा उत्रिए। सोही क्रममा सञ्जीवले चक्कु निकालेर सुमितमाथि प्रहार गरेको सार्वजनिक भिडियोहरूमै देखिन्छ। रोक्न खोज्दा सिर्जनमाथि पनि आक्रमण गरेका थिए। सञ्जीवलाई गगनले साथ दिएका थिए। उक्त दृश्य हेरिरहेको भिडले झगडा छुट्याउने हिम्मत गरेन, प्रहरीलाई भने खबर गरेको थियो। गम्भीर घाइते भएका सुमित र सिर्जनको बेलुका ८:३० बजे ग्वार्कोस्थित बी एन्ड बी अस्पतालमा मृत्यु भएको थियो।

क्षणिक आवेग नियन्त्रण गर्न नसक्दा सञ्जीव र गगनले सुमित र सिर्जनमाथि चक्कु प्रहार गरेको जिल्ला प्रहरी परिसर ललितपुरका डिएसपी हेमन्त भण्डारीले बताए। 'सुमितको मोबाइलबाट झुक्किएर सञ्जीवको नम्बरमा फोन गएकै आधारमा विवाद बढेपछि हत्याको रूप लिएको प्रारम्भिक अनुसन्धानमा देखिन्छ। क्षणिक आवेग नियन्त्रण गर्न नसक्दा चक्कु प्रहारबाट हत्या भएको छ,' उनले भने, 'हत्यामा संलग्न दुवै युवा पक्राउ परेका छन्, चक्कु पनि बरामद गरिएको छ। थप अनुसन्धान भइरहेकाले बाँकी तथ्य खुल्दै जाला।'

मृतकहरूको घाँटी र पेटमा छुरा प्रहार हुँदा अत्यधिक रक्तस्राव भएको थियो। स्थानीयले खबर गरेपछि प्रहरी घटनास्थलमा पुगेर उनीहरूलाई अस्पताल लगेको थियो। सञ्जीव र गगनलाई भने भाग्दै गर्दा प्रहरीले पक्राउ गरेको थियो। प्रहरीका अनुसार हत्यामा संलग्न सञ्जीव यसअघि पनि झैझगडामा संलग्न भएको खुलेको छ।

सर्टिफिकेट हरायो

मिति २०८२/१२/२० गते भिमसेन गोला, कत्यायनी मन्दिरदेखि, नयाँ बानेश्वर जाँदा TU बाट जारी भएको मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको नम्बरमा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध छ।

नाम : ज्योति दाहाल
Reg.No.: 3-2-6-241-2006
Contact : 9851063189

संसद्ले...

पृष्ठ १ बाट क्रमशः

यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन्।

धनुषाको सामान्य परिवारमा जन्मिएकी रुबी राजनीतिक पृष्ठभूमिकी होइनन्। उनका बुवा वैदेशिक रोजगारीमा छन् भने आमा गृहणी हुन्। उनको परिवारले दुई बिघा जग्गा अधियाँमा लिएर खेती गरेको छ। तीनवर्षे डिप्लोमा इन्जिनियरिङ अध्ययन पूरा गरेकी रुबी सांसद बन्नुअघि कन्सल्टेन्सीमा काम गर्थिन्। चुनावी अभियानका क्रममा श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ धनुषा पुगेका वेला उनको भेट भएको थियो। त्यसपछि उनी चुनावी प्रचारप्रसारमा हिँडेकी थिइन्। श्रम संस्कृतिले उनलाई मधेशी महिलाबाट समानुपातिक सांसद बनाएको थियो। रुबीको उम्मेदवारीको प्रस्तावकमा श्रम संस्कृतिका आरेन राई र समर्थकमा रास्वपाका अशोक चौधरी र श्रम संस्कृतिकी अम्बिकादेवी संग्रौला छन्। उम्मेदवारी दर्तापछि उनले उपसभामुखको जिम्मेवारी आफ्ना लागि ठुलो भए पनि इमानदारीपूर्वक निर्वाह गर्ने बताइन्।

यसैबीच शुक्रबारको प्रतिनिधिसभा बैठकमा उपसभामुखको निर्वाचन हुनेछ। त्यसपछि दुवै सदनको संयुक्त बैठकलाई राष्ट्रपति रामचन्द्र पौडेलले सम्बोधन गर्ने कार्यक्रम छ। त्यससँगै संघीय संसद्का दुवै सदनको अधिवेशन अन्त्य हुनेछ। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार राति १२ बजेदेखि लागू हुने गरी अन्त्यको घोषणा गरेका छन्।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. १७ (हाल नेपालगंज उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. १९० को क्षेत्रफल ६९४ (व.मि) को घर/जग्गा।
२.	काठमाडौं जिल्ला, थली डाँछी गा.वि.स वडा नं. ३ग (हाल कागेश्वरी मनोहरा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४ को क्षेत्रफल १२७.१९ (व.मी) को घरजग्गा।

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (आइतबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन्।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

स्थानीय तहदेखि...

पृष्ठ १ बाट क्रमशः

संस्थागत विद्यालय शुल्क मापदण्ड निर्देशिकाले तोकेभन्दा महँगो शुल्क लिएको भन्दै उजुरी तथा गुनासो गर्न थालेका हुन्। शिक्षा मन्त्रालयका अनुसार यस्ता उजुरी तथा गुनासा दिनमै ५० भन्दा बढी आउन थालेका छन्। निर्देशिकाले तोकेभन्दा दुई/तीन गुणा बढी शुल्क असुलेको गुनासो अभिभावकहरूबाट आएको मन्त्रालय स्रोतले जनायो। मन्त्रालयका सूचना अधिकारी मधुप्रसाद घिमिरेले अभिभावकका गुनासा आएको पुष्टि गरे। ती गुनासा सम्बोधनका लागि मन्त्रालयले पालिकासँग समन्वय र सहजीकरण गर्ने गरेको पनि उनले बताए। 'विद्यालय शिक्षा स्थानीय तहअन्तर्गत भनिएको छ, तर स्थानीय तहहरूले यस्ता अभिभावक ठगिएका विषय उठाएका छैनन्,' उनले भने, 'तोकिएकोभन्दा धेरै नै बढी शुल्क निजी स्कुलहरूले लिने गरेका छन्, तर मन्त्रालयले सिधै कारबाही गर्न मिल्दैन। मापदण्ड, निर्देशिका र नियमावलीमा टेकेर स्थानीय तहले कारबाही गरे राम्रो हुने थियो।'

गुनासा बढी नै आएपछि मन्त्रालयले मंगलबार सूचना नै जारी गरेर शैक्षिक सत्र सुरु नहुँदै विद्यार्थी भर्ना नगर्न, नयाँ कक्षामा गएका विद्यार्थीसँग भर्ना शुल्क नलिन तथा निर्देशिकाले तोकेअनुसार १४ शीर्षकमा मात्रै मापदण्डभित्र रहेर शुल्क लिन भनिसकेको छ। यसलाई कडाइका साथ कार्यान्वयन गर्न र कुनै विद्यालयले अग्रिम शुल्क लिएको भए फिर्ता गराउन सम्बन्धित पालिकाहरूलाई भनेको छ। शिक्षा नियमावली २०५९ को परिच्छेद १५ मा पनि शैक्षिक सत्र सुरु नभई विद्यार्थी भर्ना गर्न, गराउन नपाइने व्यवस्था छ।

मन्त्रालयमा मात्रै होइन, पीडित अभिभावकले पालिकामा पनि गुनासो गरिसकेका छन्। काठमाडौं र ललितपुर महानगरपालिका तथा भक्तपुर नगरपालिकाले यस्ता गुनासा आएको पुष्टि गरे। काठमाडौं महानगरको शिक्षा विभागका अनुसार दैनिक २० भन्दा धेरै अभिभावकले बढी शुल्क असुलेको विषयमा गुनासो गरिरहेका छन्। महानगरपालिकाले महानगरपालिकाले मापदण्डविपरीत शुल्क र भर्ना शुल्क लिए कारबाही गरिने सूचनासमेत जारी गरेको छ।

'निजी विद्यालयहरूले सरकारले तोकेको मापदण्ड उल्लंघन गरेर बढी शुल्क असुलेको भनेर महानगरमा गुनासो आइरहेका छन्, दैनिक २० भन्दा धेरै अभिभावकका गुनासा आउँछन्, गुनासा आउँदाबित्तिकै हामीले विद्यालयलाई फोन गरेर फिर्ता गर्न निर्देशन दिइरहेका छौँ,' काठमाडौं महानगरका शिक्षा अधिकृत इन्द्रप्रसाद दाहालले भने, 'विद्यालयले महँगो शुल्क लिएको छ भने त्यसबराबरको सुविधा दिएको छ वा छैन त्यसमा पनि हामीले अनुगमन गर्छौं।'

ललितपुर महानगरको शिक्षा शाखाले पनि महानगरभित्रका कैयौँ निजी विद्यालयले बढी शुल्क लिएको, भर्ना शुल्क लिएको, शैक्षिक सत्र सुरु नहुँदै भर्ना कार्यक्रम सुरु गरिसकेको, सरकारको निर्णयविपरीत ५ वैशाखदेखि नै कक्षा सञ्चालन गर्न लागेकोजस्ता गुनासा अभिभावकले गर्ने गरेको जनाएको छ। ललितपुर महानगरपालिकाका शिक्षा अधिकृत नवराज रिजालले अभिभावकहरूको गुनासा निरन्तर आइरहेको बताए। तर, शिक्षा नियमावली र संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिकाले व्यवस्था गरेको शुल्क निर्धारण पनि वैज्ञानिक नदेखिएकाले कार्यान्वयनमा कडाइ गर्न समस्या भएको उनको भनाइ छ। यसका लागि शिक्षा मन्त्रालयले स्पष्ट कानुन ल्याउनुपर्ने पनि बताए।

भक्तपुरमा पनि बढी शुल्क लिएको भनेर गुनासो आउने गरेका छन्। मेयर सुनील प्रजापतिले उही विद्यालयमा पढेका विद्यार्थीको नयाँ कक्षामा भर्ना शुल्क लिएको भए फिर्ता गरिने बताए। 'हामीले निजी विद्यालयलाई क, ख, ग र घ वर्गमा विभाजन गर्दै छौँ, त्यसमा राम्रादेखि कमजोर विद्यालयसम्म पर्छन्। ल्याब, शैक्षिक गुणस्तरदेखि भौतिक सुविधा बढी व्यवस्थित भएका विद्यालयले अलि बढी शुल्क लिन्छन्, अन्यले अलि कम लिन्छन्,' उनले भने, 'उही विद्यालयमा पढेका विद्यार्थीको नयाँ कक्षामा भर्ना शुल्क लिएको भए फिर्ता गर्न लगाउँछौँ।'

काठमाडौं, ललितपुर र भक्तपुरमा मात्रै होइन, उपत्यकाबाहिर पनि निजी विद्यालयले चर्को शुल्क लिएको भनेर गुनासा आउने गरेका छन्। पोखरा महानगरपालिकाका शिक्षा अधिकृत हेमप्रसाद आचार्यले पोखरामा केही विद्यालयहरूले सोही विद्यालयमा पढिरहेका विद्यार्थीसँग नयाँ कक्षाका लागि भर्ना शुल्क लिएको गुनासो आएको बताए। 'हामीकहाँ पनि अभिभावकले गुनासा गरिरहेका छन्। अधिकांशको गुनासो विद्यालयले भर्ना शुल्क लिएको भन्ने छ,' उनले भने, 'भर्ना गर्न समय अझै बाँकी छ। त्यति वेलासम्म झन् धेरै गुनासो आउने होला।'

धरान उपमहानगरपालिकामा पनि शैक्षिक सत्र सुरु हुनुअघि नै विद्यार्थी भर्ना सुरु गरेका छन्। प्रमुख प्रशासकीय अधिकृत तीर्थराज राईले संस्थागत विद्यालयको भर्ना अभियान १५ गतेदेखि भए पनि केहीले छिटो गरेको भन्ने गुनासा आइरहेको बताए। 'यस विषयमा शिक्षा समन्वय इकाइको कार्यक्रम पनि थियो, त्यहाँ भर्ना छिटो गरेको, शुल्क बढी लिएको भन्नेजस्ता सवालहरू उठेका थिए, शिक्षा प्रत्यक्ष जनतासँग जोडिएको विषय हो, संस्थागत विद्यालयले सरकारको नियम पालना गर्नुपर्छ,' उनले भने, 'जथाभावी शुल्क लिने र तोकिएको समयभन्दा पहिले नै भर्ना कार्यक्रम गर्न पाइँदैन।'

बुटवल उप-महानगरपालिकामा भने अहिलेसम्म गुनासा नआएको सूचना प्रविधि शाखाका सहायक प्रमुख हेमप्रसाद आचार्यले बताए। भर्ना गर्ने समय बाँकी नै रहेकाले गुनासो आउन सक्ने बताउँछन्। 'गत वर्ष गुनासा आएका थिए,' उनले भने, 'यस वर्ष पनि भर्ना समय भएकाले गुनासाहरू आउन सक्छन्।'

पीडित अभिभावकहरू भने भोलिका दिनमा आफ्ना बालबच्चामाथि विद्यालयले नराम्रो व्यवहार गर्न सक्ने त्रासका कारण खुलेर बोल्न सकेका छैनन्। काठमाडौंको स्वयम्भूस्थित द एक्सलसिअर स्कुलमा अध्ययनरत विद्यार्थीका एक अभिभावकले शिक्षा मन्त्रालय र महानगरपालिकामा गुनासो गर्दा पनि कारबाही नभएको बताए।

'विद्यालयले भर्ना शुल्क पनि लियो, वार्षिक शुल्क पनि लियो, भर्ना गर्दा लिने सबै शुल्क गरेर ६२ हजार तिर्नुपर्‍यो, यो त सरासर लुट नै हो,' ती अभिभावकले भने, 'यसबारे शिक्षा मन्त्रालय र काठमाडौं महानगरपालिकामा गुनासो गर्दा पनि केही गरेनन्। भर्ना गर्ने समय नहुँदै भर्ना कार्यक्रम सुरु मात्रै गरेको छैन, अनावश्यक शुल्क पनि असुलेको छ। सरकारी निकायले अनुगमन गरेर कारबाही गरोस्।'

ललितपुरको खुमलटारस्थित प्रिमियर स्कुलले पनि भर्ना सुरु गरिसकेको, पुराना विद्यार्थीको पनि भर्ना शुल्क लिएको र अन्य वार्षिक शुल्क पनि तोकिएभन्दा बढी लिएको भन्दै एक अभिभावकले गुनासो गरे। 'हरेक वर्ष भर्ना गर्दा ८० हजारभन्दा बढी शुल्क बुझाउनुपर्छ। अझ शुल्कका शीर्षक पनि ३० भन्दा बढी छन्,' उनले भने, 'सरकारी निकायले अनुगमन र कारबाहीमा कडाइ नगर्दा नै यस्तो मनपरी गरेका हुन्।'

संस्थागत विद्यालय शुल्क मापदण्ड निर्देशिकाले १४ शीर्षकमा मात्रै विद्यार्थीसँग शुल्क लिन पाउने व्यवस्था गरेको छ। कुनै पनि विद्यालयले हरेक विद्यार्थीको 'भर्ना शुल्क' एक महिनाको मासिक शुल्कबराबर एकपटक मात्रै लिन पाउने निर्देशिकामा उल्लेख छ। त्यस्तै, 'वार्षिक शुल्क' दुई महिनाको मासिक शुल्कबराबर मात्रै लिन पाउने भनिएको छ। यसबाहेक पढाइ भएको महिनाको 'मासिक शुल्क' लिन पाउने भनिएको छ। विद्यालयको समग्र खर्च, विद्यार्थीको संख्या र नियमावलीले तोकेको मापदण्डलगायतलाई आधार मानेर मासिक शुल्क तोक्ने उल्लेख छ।

'परीक्षा शुल्क' शीर्षकमा मासिक शुल्कको ५० प्रतिशतसम्म वार्षिक वा किस्तामा लिनुपर्ने उल्लेख छ। परीक्षाको मापदण्डमा सञ्चालित सम्पूर्ण खर्च र स्थानान्तरण प्रमाणपत्र छपाइबापतको खर्च पनि यसैभित्र समेटिनुपर्ने भनिएको छ। त्यस्तै, 'शैक्षिक सामग्री शुल्क' शीर्षकमा मासिक शुल्कको १० प्रतिशत वर्षमा एकपटक मात्र लिन पाउने निर्देशिकामा स्पष्ट छ।

त्यस्तै, 'आवास शुल्क'अन्तर्गत विद्यार्थीका अभिभावक र विद्यालयको सहमतिअनुसार निर्धारण गर्ने भनिएको छ। जसलाई अभिभावक भेलाबाट पारित गराउनुपर्छ। 'खाजा शुल्क' र 'यातायात शुल्क' पनि यी सुविधा लिने विद्यार्थीका अभिभावकको भेलाबाट पारित गर्नुपर्छ। यसबाहेक धरौटी शुल्क (पछि फिर्ता हुने गरी), कम्प्युटर शुल्क (कम्प्युटर विषय पढ्नेका लागि), स्थानान्तरण प्रमाणपत्र शुल्क, शैक्षिक प्रमाणपत्र शुल्क र अन्तरविद्यालय प्रतियोगिता सञ्चालन शुल्क लिन पाउने व्यवस्था निर्देशिकामा छ।

पूर्वसभामुख...

पृष्ठ १ बाट क्रमशः

प्रालिविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ।

अख्तियारले मुद्दा चलाउँदा नेपाल सरकारबाट गठित सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोग, २०८० र भन्सार विभागका निर्देशकसमेतले पेस गरेको २३ साउन ०८० को छानबिन प्रतिवेदनसमेतलाई आधार लिएको छ। अघिल्लो मुद्दामा अदालतले गरेको फैसलालाई पनि अख्तियारले आधारका रूपमा लिएको छ।

चिनियाँ नागरिक ली हाङ सङले दुईवटा सुटकेसभित्र ७३ बट्टामा ७३० थान भेपजस्तो देखिने वस्तुमा सुन लुकाइछिपाइ लिएर आएका थिए। त्यसलाई भन्सार कार्यालयका तत्कालीन पहिलो जाँचकी (एक्सरे स्क्रिनर) नासुले परीक्षण गरेका थिए। एक्सरे स्क्रिनमा ब्यागेजभरि एउटै साइजको निलो रंगको कभरजस्तो आकारभित्र कालो शंकास्पद वस्तु देखेपछि भौतिक रूपमा पनि चेकजाँच गरी यकिन गरेर आवश्यक कारबाही गर्नुपर्ने भनी 'आरसी' (पुनर्जाँच) लेखेका थिए।

'आरसी' क्षेत्रमा खटिएका भन्सारका अधिकृत सुबेन्द्र श्रेष्ठसमेतले अरू व्यक्तिहरूसमेतको मिलेमतोमा भेपभित्र सुन लुकाइछिपाइ ल्याएको जानकारी पाएका थिए। एक्सरे मेसिनले चेकजाँचका क्रममा स्पष्ट रूपमा अर्गानिक र इनअर्गानिक वस्तु छुट्याउन सक्छ। सुनचाँदीलगायतका धातु तथा सोबाट तयार भएका गहनालगायतका सामग्रीको बाक्लोपनका आधारमा निलो, गाढा निलो र कालो रङ देखाउँछ। त्यस्तो, देखिएमा भौतिक रूपमा खोली चेकजाँच गर्नुपर्छ र ऐनबमोजिम लिलामीको प्रक्रियामा जानुपर्छ। तर, कर्मचारीहरूले भन्सार ऐनविपरीत चेकजाँच नै नगरी पछि अनुकूल समयमा सट्टापट्टा तथा परिवर्तन गरेर लिएर जाने गरी सुरक्षित गरेर जफत गर्ने निर्णय गरेका थिए। भन्सारका अधिकृत श्रेष्ठसमेतले अरू व्यक्तिहरूसमेतको मिलेमतोमा बदनियत राखी पद तथा ओहोदाको दुरुपयोग गरी यस्तो काम गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ।

जफत सामग्रीलाई तोकिएको गोदाममा बन्द गरी सुरक्षित राख्नुपर्ने थियो। तर, त्यसो नगरी दूषित मनसायले लामो समयसम्म प्रमुख भन्सार अधिकृत मुक्तिप्रसाद श्रेष्ठको कार्यकक्षमा राखेका थिए। त्यसपछि सुन ल्याउने तथा छुटाउने समूहका प्रतिवादीहरूसमेतसँग अस्वाभाविक भेटघाट र टेलिफोन सम्पर्क गरी कानुनविपरीत सुन लिएर आउने चिनियाँ नागरिक ली हाङ सङको राहदानीसमेतका प्रमाण लोप गर्ने बदनियतले उनैलाई फिर्ता दिएको पुष्टि भएको अख्तियारको आरोपपत्रमा उल्लेख छ।

जफत गरिएको सुन बेरितपूर्वक आफ्नो कार्यकक्षमा राखी २० माघ ०७९ मा मात्र मुद्दा तथा लिलामी शाखामा पठाएको देखिएको छ। लुकाइछिपाइ भेपमा सुन ल्याएको सामग्री प्राप्त भइसकेपछि उपयुक्त समयमा सामग्री परिवर्तन गर्ने बदनियतले गोदाम कोठामा रहेको सिसिटिभीले नदेखिने स्थानमा स्थानान्तरण गरिएको थियो। कार्यालयका सुरक्षागार्ड निर्मलकुमार विकले नासु मधुसुदन पोखेलसमेतसँग मिलेमतो गरी एउटा भेप झिक्न लगाएर कोटेश्वरको सुनचाँदी पसलमा लगेर परीक्षण गर्दा ९९.६ लाल सुन रहेको खुलेको थियो। त्यसैलाई उनले सिक्री बनाएर लगाएका थिए।

अख्तियारको आरोपपत्रअनुसार यसपछि महरा जोडिन्छन्। चिनियाँ नागरिक भेपमा सुनसहित विमानस्थल अवतरण भएकै दिन १० पुस ०७९ देखि नै महरा र उनीमार्फत सहोदर पुत्र राहुलले अस्वाभाविक चलखेल सुरु गरेका थिए। राहुलले चिनियाँ नागरिकहरू दाओजिन वाङ, ली हाङ सङ, बेल्जियम नागरिक दावा छिरिङ र निमा गुरुङलगायतका प्रतिवादीहरूसँगको मिलेमतो र योजनामा चलखेल गरेका थिए। यस क्रममा भन्सार कार्यालयका कर्मचारीलाई महराले प्रभावमा पारेको अख्तियारको दाबी छ। भेपमा लुकाइछिपाइ ल्याएको सुनसमेतका सामग्री गैरकानुनी तवरबाट भन्सार कार्यालयबाट लिएर जाने बदनियतले महरा बाबु-छोराले भन्सार कार्यालयका कर्मचारीहरूसँग पटक-पटक भेटघाट तथा फोन सम्पर्क गरेको पुष्टि भएको अख्तियारको दाबी छ।

योजना बनाएर जफत गरी सुरक्षित राखिएको सामग्री भेप गोदाम कोठाबाट झिकेर परिवर्तन गरी सुन नभएको भेप राखिदिएका थिए। यसपछि आफ्नो कसुर लुकाउने छिपाउने बदनियतले सामग्री लिलाम भएको देखाएका थिए। आपसी मिलेमतो र योजनाबमोजिम मुद्दा तथा लिलामी शाखाका नासु रेवन्त खड्का, व्यापारी दिनेश बस्नेतसमेतले अर्का व्यापारी वेदप्रकाश अग्रवालसमेतसँग साँठगाँठ गरी काठमाडौंको भद्रकाली चोक ओटुमा पशुपति सुनचाँदी पसल चलाउने भारतीय नागरिक साहेबराव पान्डुरङ मरगले र स्पष्ट नाम, थर, वतन नखुलेका अन्य भारतीयलाई उक्त सुन बिक्री गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ। भ्रष्टाचारजन्य कसुरबाट प्राप्त गैरकानुनी सम्पत्ति राष्ट्रसेवक र गैरराष्ट्रसेवक प्रतिवादीहरूको मिलेमतोबमोजिम दीपिका थापा, प्रेरणा थापा, ललिता थापा, डेक्सटर ट्राभल्स एन्ड टुर्स प्रालिसमेतको खातामा रकम जम्मा गरिएको थियो। रामकेशव थापा क्षेत्री र अमृत कार्कीको नाममा जग्गा खरिदलगायतका आर्थिक कारोबारहरूको माध्यमबाट कसुर गरी प्राप्त सम्पत्तिको रूपान्तरण तथा हस्तान्तरण गरी व्यवस्थापन गरे-गराएको अख्तियारको आरोप छ।

एउटै सुन तस्करी घटनामा चौथो मुद्दा

सुन तस्करीको यही एउटै घटनामा यसअघि तीन मुद्दा दायर भइसकेका छन्। यस घटनाको पहिलो मुद्दा २७ असार ०७९ मा काठमाडौं जिल्ला अदालतमा दायर भएको थियो। उक्त मुद्दामा विमानस्थल कार्यालयका तत्कालीन नासु रेवन्त खड्कासहित सात प्रतिवादी थिए। त्यसको तीन महिनापछि पूरक अभियोग लगेर २३ असोजमा महरापुत्र राहुलसहित चारजनाविरुद्ध मुद्दा दायर गरिएको थियो। यो मुद्दा अदालतले ठहर गरिसकेको छ। १३ भदौ ०८१ मा अदालतको फैसलाले राहुललाई एक वर्ष दुई महिना कैद सजायको ठहर गरेकामा उनले उक्त सजाय भुक्तान गरिसकेका छन्।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले राहुलसहित ११ जनाविरुद्ध सम्पत्ति शुद्धीकरणको मुद्दा पनि दायर गरेको छ। भेपमा लुकाएर सुन तस्करी गरेकामा संलग्न र अप्रत्यक्ष रूपमा सघाउने भूमिकामा रहेकाहरूविरुद्ध १९ चैत ०८१ मा विभागले काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको हो। भेपमा सुन ल्याएर तस्करी गरेकै आरोपमा गत २६ असोजमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले रामबहादुर महराविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो। त्यस मुद्दामा उनीविरुद्ध आठ करोड ५५ लाख रुपैयाँ बिगो र तीन वर्षभन्दा बढी कैद सजाय दाबी छ। बिहीबार दायर भएको मुद्दा चौथो हो।

विवादमा...

पृष्ठ १ बाट क्रमशः

लामिछानेले बिहीबार नै प्रधानमन्त्रीलाई पत्र लेख्दै पदमुक्तका लागि सिफारिस गरेका थिए। 'श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री माननीय दीपककुमार साहले मन्त्रीमा बहाल रहँदा पदीय मर्यादाको दुरुपयोग गरी श्रीमतीलाई लामो समयदेखि निष्क्रिय राखिएको स्वास्थ्य बिमा बोर्डको सदस्यमा नियमित गराउने कार्य गरेको व्यहोरा पार्टीको केन्द्रीय अनुशासन आयोगको अध्ययनबाट देखिएको र आयोगबाट आवश्यक कारबाहीका लागि मिति ०८२ चैत २५ गते पत्र प्राप्त भएको जानकारी गराउँदछु। यसबाट पार्टीको छवि, आदर्श, सिद्धान्त र मर्यादामाथि आँच आउने देखिएको छ,' लामिछानेले प्रधानमन्त्रीलाई गरेको सिफारिसमा भनिएको छ, 'पार्टी विधानको धारा २५ (४) (क)ले पार्टी सभापतिलाई पार्टीको आदर्श, सिद्धान्त र मर्यादामाथि आँच आउन नदिन जिम्मेवारी सुम्पेको र पदको दुरुपयोग भएको अवस्थामा विधानको धारा ६९ मा पार्टीले जिम्मेवारीबाट फिर्ता बोलाउन (राइट टु रिकल) सक्ने व्यवस्था भएकाले निज माननीय मन्त्रीलाई जिम्मेवारीबाट अलग गर्न साथै यस्तो गम्भीर विषयमा आफ्नो जिम्मेवारीमा अपेक्षित गाम्भीर्यता नदेखिएकोले स्वास्थ्य तथा जनसंख्यामन्त्री माननीय निशा मेहतालाई सचेत गराउन सिफारिस गर्दछु।'

यसअघि बुधबार रास्वपाको केन्द्रीय अनुशासन आयोगले अध्ययन गरी साहलाई कारबाही गर्नुपर्ने प्रतिवेदन पार्टीसमक्ष पेस गरेको थियो। रास्वपा केन्द्रीय अनुशासन आयोगका कार्यवाहक प्रमुख रमाकान्त रिमालले अनुशासनको कारबाहीका लागि सभापति लामिछानेलाई सिफारिस गरेका थिए। जसमा भनिएको छ, 'माननीय मन्त्री साहले गर्नुभएको व्यवहार जनअपेक्षाविपरीत र पार्टीको विधान, कार्यविधि, अनुशासन आचारसंहिता, मूल्य, मान्यता, नीति, सिद्धान्तको समेत प्रतिकूल हुन गई पार्टीको छवि र प्रतिष्ठामा गम्भीर आँच पुग्ने देखिएकोले माननीय मन्त्री दीपककुमार साहलाई आवश्यक कारबाहीका लागि पार्टी सभापतिज्यूसमक्ष ध्यानाकर्षण गरिन्छ।'

मन्त्री साहले गरेको कार्यप्रति समाचार आएसँगै अनुशासन समितिले जानकारी मागेको थियो। रिमालका अनुसार मन्त्री साहले सुरुमा जानकारी दिन आनाकानी गरेका थिए। पछि अपूर्ण र झुटो विवरण पठाएका थिए। मन्त्री साहको यस्तो गतिविधिबाट पार्टीको छवि, आदर्श, सिद्धान्त र मर्यादामा गम्भीर आँच पुग्ने देखिएको निष्कर्षसहित लामिछानेले प्रधानमन्त्री शाहसमक्ष आयोगको प्रतिवेदनसहित सिफारिस पेस गरेका थिए। सोही सिफारिसका आधारमा प्रधानमन्त्री शाहले श्रममन्त्री साहलाई पदमुक्त गरेको प्रधानमन्त्रीकी प्रेस विज्ञ दीपा दाहालले बताइन्। रास्वपाको विधानको धारा २५ (४) (क)मा पार्टी सभापतिलाई पार्टीको आदर्श, सिद्धान्त र मर्यादामा आँच आउन नदिने जिम्मेवारी सुम्पेको छ। साथै, पदको दुरुपयोग भएको अवस्थामा पार्टी विधानको धारा ६९ मा पार्टीले जिम्मेवारीबाट फिर्ता बोलाउन सक्ने (राइट टु रिकल) व्यवस्था भएकाले मन्त्री साहलाई तत्काल जिम्मेवारीबाट अलग गर्न सिफारिस गरिएको थियो।

श्रम मन्त्रालय प्रधानमन्त्रीकै काँधमा

श्रममन्त्री साहलाई बर्खास्त गरेर प्रधानमन्त्री शाहले श्रम मन्त्रालयको जिम्मेवारी आफैँसँग राखेका छन्। प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को कार्यविभाजनमा हेरफेर गरेका हुन्। नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम कार्यविभाजन गरी हेरफेर गरिएको राष्ट्रपतिको कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले जनाएका छन्। प्रधानमन्त्री शाहले रक्षा, उद्योग, वाणिज्य तथा आपूर्ति र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय पनि आफैँसँग राखेका छन्।

■ १३ दिनपछि हिरासतमुक्त भए ओली र लेखक

जेन–जी आन्दोलनमा भएको दमन र हेलचेक्रयाइँबारे अनुसन्धान जारी रहने

● एसपी **पवन भट्टराई**, प्रवक्ता
जिल्ला प्रहरी परिसर काठमाडौं



पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री लेखक हिरासतमुक्त हुनुभएको छ। उहाँहरूलाई परिवारका सदस्यको जिम्मामा हाजिर जमानीमा छाडिएको हो। यसको अर्थ उहाँहरूविरुद्धको अनुसन्धान सकिएको होइन। अनुसन्धान जारी नै छ। आवश्यक परेको खण्डमा उहाँहरू जुनसुकै वेला हामीकहाँ आउनुहुन्छ। उहाँहरूले पनि अनुसन्धानलाई सघाउने भन्नुभएको छ।

टेकराज थामी/नयाँ पत्रिका

जेन-जी आन्दोलन छानबिन गर्न गठित जाँचबुझ आयोगको सिफारिसमा पक्राउ गरेका पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखक रिहा भएका छन्। प्रहरीले बिहीबारको समयसीमाभित्र मुद्दा चलाउनुपर्ने आधार र प्रमाण नै फेला पार्न नसक्दा सर्वोच्च अदालतको आदेश र जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंको निर्णयअनुसार ओली र लेखक हाजिरी जमानीमा रिहा भएका हुन्। पूर्वप्रधानमन्त्री ओली महाराजगन्जस्थित शिक्षण अस्पतालमा उपचाररत थिए भने लेखक महाराजगन्जस्थित नेपाल प्रहरीको २ नम्बर गणमा थिए। उनीहरूलाई परिवारको जिम्मामा छाडिएको हो। दुवैजना १४ चैतमा पक्राउ परेका थिए।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी पवन भट्टराईले ओली र लेखकलाई हाजिर जमानीमा हिरासतमुक्त गरिएको बताए। 'पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री लेखक हिरासतमुक्त हुनुभएको छ। उहाँहरूलाई परिवारका सदस्यको जिम्मामा हाजिर जमानीमा छाडिएको हो। यसको अर्थ उहाँहरूविरुद्धको अनुसन्धान सकिएको होइन। अनुसन्धान जारी नै छ। आवश्यक परेको खण्डमा उहाँहरू जुनसुकै वेला हामीकहाँ आउन सक्नु हुन्छ। उहाँहरूले पनि अनुसन्धानलाई सघाउने भन्नुभएको छ,' उनले भने।

२३ र २४ भदौमा भएको जेन-जी आन्दोलनका क्रममा भएका हत्या, तोडफोड तथा आगजनीको छानबिन गर्न सुशीला कार्की नेतृत्वको सरकारले गत ९ असोजमा विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो। करिब ६ महिनाको छानबिनपछि ओली र लेखकले पदीय जिम्मेवारी ननिभाएको निष्कर्ष निकालेको थियो।

लापरबाहीपूर्ण ढंगले काम गरेको निष्कर्षपछि आयोगले ओली र लेखकसहित नेपाल प्रहरीका तत्कालीन आइजिपी चन्द्रकुवेर खापुड, तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र बलका आइजिपी राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुख हुतराज थापा र काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजालविरुद्ध मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ (१) र १८२ अनुसार तहकिकात र अभियोजन गर्न सिफारिस गरेको थियो। 'तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक र तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुडसहित





■ आधार र प्रमाण नभेटिएपछि गैरकानुनी नियन्त्रणबाट रिहा भएँ : ओली

एमाले अध्यक्ष केपी ओलीले सरकारले आफूलाई गैरकानुनी रूपमा नियन्त्रणमा राखे पनि मुद्दा चलाउने आधार र प्रमाण नै नपुगेपछि रिहा भएको प्रतिक्रिया दिएका छन्। 'सरकारले पूर्वाग्रह र प्रतिशोधपूर्ण रूपमा फौजदारी अभियोग लगाई १३ दिनसम्म गैरकानुनी नियन्त्रणमा राखे पनि मुद्दा चलाउने आधार र प्रमाण नपुगेपछि अन्ततः म रिहा भएको छु,' ओलीले रिहापछि बिहीबार सामाजिक सञ्जालमा भनेका छन्, 'मेरो रिहाइका लागि आवाज उठाउनुहुने सम्पूर्ण न्यायप्रेमी दिदीबहिनी तथा दाजुभाइहरू, कानुनी लडाइँमा अहोरात्र साथ दिनुहुने कानुन व्यवसायी मित्रहरू, न्यायकर्मीहरू, न्यायको पक्षमा वकालत गर्ने विभिन्न राजनीतिक दल, नेताहरू र सञ्चारकर्मीप्रति आभार प्रकट गर्दछु।'

तीनजनालाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ को उपदफा (१) र सोही संहिता,२०७४ को दफा १८२ अनुसार कसुर हेर्ने अनुसन्धान, तहकिकात र अभियोजन गर्न गराउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने निर्णय गरियो,' प्रतिवेदनमा छ।

आन्दोलनका क्रममा ओली, लेखक र खापुडले घण्टौंसम्म गोली चल्दा रोक्ने प्रयास नगरी मौन बसेको आयोगको दाबी छ। अन्तिम बल प्रयोग गर्नुपर्दा आनुपातिक र आवश्यकताको सिद्धान्तलाई राम्ररी पालना नगरेको संकलित प्रमाणबाट देखिने आयोगले प्रतिवेदनमा उल्लेख गरेको छ। प्रतिवेदनमा भनिएको छ, 'घण्टौंसम्म लाइभ फाइरिङ हुँदा रोक्ने प्रयास नगरी मौन बसेको हुँदा अन्तिम बल प्रयोग गर्नुपर्दा आनुपातिक र आवश्यकताको सिद्धान्तलाई राम्ररी पालना नगरेको आयोगबाट संकलित प्रमाणबाट देखिन्छ। १७ जना संसद् परिसर बाहिर मारिएकामा आफूलाई घटनाहरूका सम्बन्धमा थाहा नभएको भनी दायित्वबाट पन्छिन खोज्नु सिद्धान्ततः मिल्ने देखिएन। संविधानले ग्यारेन्टी गरिएको सर्वसाधारण जनताको जिउ-ज्यानको सुरक्षा, शान्तिपूर्ण निःशस्त्र भेला-प्रदर्शन गर्न पाउने अधिकारको मर्यादा, मान्यता र राज्यबाट संरक्षण हुने विश्वासमा निस्किएका शान्तिपूर्ण जुलुसमा समेत आवश्यकभन्दा बढी बलको प्रयोग भएको देखिन आएको छ।' सोही कारण उनीहरूविरुद्ध मुलुकी अपराध संहिता, २०७४ का दफा १८१ अनुसार कारबाही सिफारिस गरिएको भनिएको छ। उक्त दफामा कसैले पनि लापरबाहीपूर्ण काम गरी कसैको ज्यान मार्न नहुने व्यवस्था छ। कसुर गर्नेलाई तीन वर्षदेखि १० वर्ष कैद सजाय र तीन हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। 'कसुर गर्ने व्यक्तिलाई दफा १७७, १७८ र १७९ को अवस्थामा बाहेक तीनदेखि दश वर्षसम्म कैद र ३० हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ,' दफामा भनिएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह बालेनको नेतृत्वमा सरकार गठन भएलगत्तै आयोगको प्रतिवेदन तत्कालन कार्यान्वयनमा लैजाने निर्णय गरेको थियो। सोही निर्णयपछि ओली र लेखक पक्राउ परेका थिए। तर, प्रहरीको हकमा भने विशेष अध्ययनपछि मात्रै कारबाही अघि बढाउने भनिएको थियो। पक्राउको १३ दिनमा प्रहरीले ओली र लेखक दुवैको बयान लिएको छ। आन्दोलन दमनमा उनीहरूको भूमिका अध्ययन गरेको छ। यसक्रममा उनीहरूले मातहतका अधिकारीसँग गरेको टेलिफोन संवाद, दिएको निर्देशन, प्रत्यक्ष रूपमा गरिएका संवाद अध्ययन गरेको छ। त्यसबाहेक घटनालगत्तै बसेको मन्त्रिपरिषद् बैठक, त्यसका निर्णय, चारवटै सुरक्षा निकायका प्रमुखसँग ओलीले प्रधानमन्त्री निवासमा गरेको संवाद पनि प्रहरीले अप्रत्यक्ष रूपमा अध्ययन गरेको छ।

घटनासँगै जोडिएर पक्राउपछि हिरासतमुक्त भएका काठमाडौं जिल्ला प्रशासन कार्यालयका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविराज रिजाल, तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडीको भूमिकाका सम्बन्धमा पनि प्रहरीले अध्ययन गरेको छ। अनुसन्धानमा संलग्न जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी भट्टराईले अनुसन्धानका विशेषवस्तु खुलाउन चाहेनन्। 'ओली र लेखकसँगै उक्त मुद्दामा जोडिएका सबैजनाविरुद्ध प्रहरीले अनुसन्धान गरिरहेको छ। अनुसन्धान छानबिन आयोगकै प्रतिवेदनका वरिपरि केन्द्रित छ। अनुसन्धान कहाँ पुग्यो, कति पूरा भयो, अब कति बाँकी छ भन्ने विषय सार्वजनिक गर्न आवश्यक छैन। र, गर्नु पनि हुँदैन। अहिले यति बुझ्नौं। अनुसन्धान जारी छ,' उनले भने।

२३ र २४ भदौको वस्तुगत अनुसन्धान गर्दा तत्कालीन समयमा खटिएका प्रहरी अधिकृतदेखि जवानसम्म अनुसन्धान गर्नुपर्छ। ओली र लेखकविरुद्ध लागेको अभियोग पुष्टि गर्न पनि उनीहरूविरुद्धको अनुसन्धान आवश्यक देखिन्छ। तर, बालेन सरकारले प्रहरी अधिकारीविरुद्धको अनुसन्धान तत्कालन नगर्ने नीति लिएपछि ओली र लेखकविरुद्धको अनुसन्धान प्रभावित बन्न पुगेको छ। '२३ र २४ भदौको वस्तुगत अनुसन्धान गर्ने हो भने तत्कालीन अवस्थामा फिल्डमा खटिएका सुरक्षाकर्मीलाई पनि हिरासतमा लिनुपर्छ। उनीहरूविरुद्ध पनि अनुसन्धान गर्नुपर्छ। तर, सरकारले उनीहरूविरुद्ध तत्कालन अनुसन्धान नगर्न भनेको छ। अभियोग तलदेखि नै स्थापित गर्दै ल्याउन सकिएन भने माथिका मान्छेको भूमिका पुष्टि हुन सक्दैन। त्यसो हुँदा अनुसन्धान जटिल मोडमा पुगेको छ,' प्रहरी उच्च स्रोतले भन्यो। त्यसकारण पनि ओली र लेखकविरुद्धको मुद्दा अदालतमा दर्ता हुने समय निश्चित छैन। काठमाडौंका परिसरका प्रवक्ता एसपी भट्टराईले यस्ता मुद्दाको कुनै म्याद नहुने हुँदा अनुसन्धान निरन्तर चलिरहने बताए।

बादलको अभिव्यक्तिले एमाले संस्थापनइतर तरंगित

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमाले कार्यवाहक अध्यक्ष रामबहादुर थापा बादलको पछिल्लो अभिव्यक्तिबाट संस्थापनइतर पक्ष नेताहरू तरंगित बनेका छन्। पार्टीको नेतृत्व गरिरहेका बादलले पार्टीकै नीतिविरुद्ध अभिव्यक्ति दिएको भन्दै इतर पक्षका नेताहरू सुरेन्द्र पाण्डे, योगेश भट्टराई, खिमलाल भट्टराईलगायत नेताहरूले प्रतिवाद गरेका छन्। बुधबार पोखरामा आयोजित पार्टी कार्यक्रममा बादलले आफूले संसद्मा पार्टी नीतिअनुसार नै अभिव्यक्ति दिए पनि उपाध्यक्षले सार्वजनिक रूपमा विरोध गरेर दक्षिणपन्थी प्रवृत्ति उजागर गरेको भन्दै विष्णु पौडेललक्षित टिप्पणी गरेका थिए। उनको त्यही अभिव्यक्तिको इतर पक्षका नेताहरूले सामाजिक सञ्जालबाट प्रतिवाद गरेका हुन्।



सचिव पद्मा अर्याललेकार्यवाहक अध्यक्ष बादलले पछिल्लोपटक सार्वजनिक कार्यक्रममा दिएको अभिव्यक्तिबारे आफू जानकार नभएको बताइन्। कुनै त्यस्तो विषय भए पार्टीकै बैठकहरूमा सल्लाह र छलफल गरिने उनको भनाइ छ। 'के बोल्नुभो मलाई थाहा छैन, उहाँसँग भेट पनि भएको छैन, केही छलफलकै विषय रहेछ भने सल्लाह गर्छौं, पार्टीभित्रै छलफल गर्छौं, तर मैले कुनै पनि विषय बुझेको छैन,' अर्याललले नयाँ पत्रिकासँग भनिन्।

उपमहासचिव भट्टराईले कार्यवाहक अध्यक्ष बादलको पछिल्लो अभिव्यक्तिबारे प्रतिक्रिया दिन चाहेनन्। यद्यपि, उनले सामाजिक सञ्जालमा बादलको पछिल्लो अभिव्यक्तिलाई नै व्यंग्य गर्दै कविता पोस्ट गरेका छन्। 'बादल मडारियो। मुसलधारे वर्षा भयो। जबज निथ्रुक्कै भिज्यो। मदन तीन छक्क पर्नुभयो। हामी हेरेको हेर्‍यै भयौं! (स्वाट्ट बिउँझिएको त कोठामा घाम छिरिसकेको रहेछ)' भट्टराईले यसरी कविता लेखेका छन्।

पूर्वउपाध्यक्ष सुरेन्द्र पाण्डेले बादलले जबजको नीतिविपरीत अभिव्यक्ति दिएर तत्कालीन माओवादीको जनयुद्धको भाष्य निर्माण गर्न खोजेको टिप्पणी गरेका छन्। 'हामीले स्पष्ट हुनुपर्छ- माओवादी जनयुद्धको भाष्य एमालेको आधिकारिक भाष्य होइन र हुन सक्दैन। एमालेको मूल बाटो जनताको बहुदलीय जनवाद (जबज) हो, जसले शान्तिपूर्ण प्रतिस्पर्धा, संवैधानिक सर्वोच्चता र जनताको मतलाई नै परिवर्तनको अन्तिम आधार मान्छ,' पाण्डेले लेखेका छन्, 'पार्टीभित्र विभिन्न पृष्ठभूमिबाट आउनुभएका साथीहरूको आफ्नो भोगाइ र बुझाइ हुन सक्छन्, तर जब हामी एमालेको झन्डामुनि गोलबद्ध हुन्छौं, तब हाम्रो बोली र व्यवहार पार्टीको दस्ताबेजसँग मेल खानुपर्छ। संसद् मा वा सार्वजनिक मञ्चमा व्यक्त हुने व्यक्तिगत भावनाहरूलाई 'पार्टी लाइन' भनेर व्याख्या गर्दा त्यसले कार्यकर्तामा भ्रम र जनतामा अविश्वास मात्र पैदा गर्छ। त्यसमाथि यस्ता अतिवादी र उग्र दृष्टिकोणले हाम्रो पार्टीलाई समयको गतिसँगै अगाडि लैजानुको साटो झन् पछाडि धकेल्नेछन्।'

अर्का नेता खिमलाल भट्टराईले कार्यवाहक अध्यक्ष बादलबाट एमालेको नेतृत्व सम्भव नभएको भन्दै अध्यक्ष केपी ओली र केन्द्रीय सचिवालयको ध्यानाकर्षण गराएका छन्। 'हामी कब्जा होइन, जनताको मन जितेर प्रतिस्पर्धामा श्रेष्ठ हुन्छौं, कब्जा हाम्रो नीति होइन। हामीले आक्रमण होइन, शान्तिपूर्ण संघर्षबाट विजयलाई सुनिश्चित गर्छौं। हामी प्रतिस्पर्धा गर्छौं दुस्मनी गर्दैनौं। एमालेको संघर्षको नीति यो हो। कार्यवाहक अध्यक्षज्यूलाई सिकाउन खोजेको बिल्कुल होइन, उहाँको पुरानो धड्धडी एमालेको नीति हुन सक्दैन मात्रै भन्न खोजेको हुँ। उहाँले न पार्टीको अवस्था, न दृष्टिकोण दुवै बुझेको देखिएन। फर्स्टमयानको पगरी धान्न नसक्ने पक्का भयो,' भट्टराईले लेखेका छन्।

संक्षेप

नवनियुक्त सैनिक अधिकृतहरूलाई प्रधानमन्त्रीको निर्देशन



काठमाडौं/ प्रधानमन्त्री बालेन्द्र शाहले नेपाली सेनाका नवनियुक्त अधिकृतहरूलाई कर्तव्यनिष्ठ, अनुशासित र जिम्मेवार भएर राष्ट्रसेवामा समर्पित हुन निर्देशन दिएका छन्। बिहीबार भक्तपुरको खरीपाटीस्थित नेपाली सैनिक प्रतिष्ठानमा आयोजित अधिकृत क्याडेट तालिमको आयुक्त पद प्रदान कवाज समारोहलाई सम्बोधन गर्दै उनले चेन अफ कमान्ड र अनुशासनको दायरामा रहेर काम गर्न निर्देशन दिएका छन्। प्रधानमन्त्री भएपछि शाह पहिलोपटक सेनाको कार्यक्रममा सहभागी भएका छन्। प्रधानमन्त्री शाहले मातृभूमि र जनताप्रति पूर्ण समर्पित भएर आफ्नो जिम्मेवारी निर्वाह गर्न आग्रह गरे। उनको सचिवालयका अनुसार प्रधानमन्त्री शाहले सैनिक आचरण, 'चेन अफ कमान्ड' र अनुशासनको दायराभित्र रही सदैव आफ्नो कर्तव्यप्रति सजग रहनुपर्ने बताएका थिए। प्रधानमन्त्रीले फरक सामाजिक पृष्ठभूमिका जवानहरूको नेतृत्व गर्दै एकीकृत र सक्षम टोली निर्माण गर्न अधिकृतहरू सफल हुने विश्वास व्यक्त गरे।

सिंहदरबार जलेको तस्बिर 'वर्ल्ड प्रेस'मा उत्कृष्ट



काठमाडौं/ पत्रकार नरेन्द्र श्रेष्ठले खिचेको तस्बिर 'वर्ल्ड प्रेस फोटो'मा उत्कृष्ट भएको छ। उनले जेन-जी आन्दोलनका क्रममा सिंहदरबार जल्दै गरेको फोटो उत्कृष्ट भएको हो। श्रेष्ठले वर्ल्ड प्रेसमा चयन भएको तस्बिर युरोपियन फोटो एजेन्सी (इपिए)का लागि खिचेका हुन्। यसपटक १४१ देशका ३७ हजार ४७ फोटो पत्रकारहरू प्रतियोगितामा सहभागी भएका थिए। '२५ वर्षदेखि निरन्तर रूपमा फोटो पत्रकारितामा लागिरहँदा यो प्रतियोगितामा सहभागी भएको थिएँ। यसपटक सफलता पाउँदा एकदमै खुसी छु,' श्रेष्ठले भने, 'विश्वका कुनै पनि फोटो पत्रकारहरूका लागि यो प्रतियोगितामा जित्नु निकै ठुलो कुरा हो।' नेदरल्यान्ड्समा रहेको यो गैरसरकारी संस्थाले विश्वभर फोटो प्रदर्शनीलगायतका गतिविधि गर्छ।

स्वास्थ्य तथा जनसंख्या वैज्ञानिक सम्मेलन हुँदै

काठमाडौं/ नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (एनएचआरसी)ले स्वास्थ्य तथा जनसंख्या वैज्ञानिकहरूको शिखर सम्मेलन आयोजना गर्ने भएको छ। यस वर्षको १२औं शिखर सम्मेलन २७ चैतदेखि २९ सम्म काठमाडौंमा आयोजना गर्न लागिएको हो। सम्मेलनमा नर्सने रोग, प्रजनन स्वास्थ्य, मातृ, नवजात तथा बाल स्वास्थ्य र परिवार नियोजन, मानसिक स्वास्थ्य, स्वास्थ्य सुशासन, स्वास्थ्य वित्त तथा जनशक्ति, संक्रामक रोग, महामारी तयारी तथा विपत् व्यवस्थापन, चिकित्सकीय विज्ञान, आयुर्वेद तथा परम्परागत चिकित्सा, वातावरणीय तथा पेसागत स्वास्थ्य, जलवायु परिवर्तन, स्वास्थ्य सेवा पहुँचमा असमानता, स्वास्थ्यका सामाजिक निर्धारक, स्वास्थ्य शिक्षा तथा प्रवर्द्धन, पोषण तथा खाद्य सुरक्षा, बसाइँसराइ र स्वास्थ्य, ज्येष्ठ नागरिक स्वास्थ्यः तथा औषधिमा पहुँचलगायत मुद्दामा अन्तर्क्रिया र अनुभव आदानप्रदान तथा रिपोर्ट प्रस्तुत गरिनेछ। सम्मेलनको मुख्य नारा 'नेपालमा स्वास्थ्य अनुसन्धान सुशासनका लागि प्रमाणमा आधारित निर्णय तथा कार्यान्वयन प्रक्रिया' भन्ने छ। सम्मेलनले राष्ट्रिय तथा विश्वव्यापी स्वास्थ्य चुनौतीको समाधानका लागि अनुसन्धान, नीति र अभ्यासबिचको सम्बन्ध सुदृढ पार्ने एनएचआरसीका कार्यकारी प्रमुख तथा सदस्यसचिव डा. प्रमोद जोशीले बताए। उनका अनुसार सम्मेलनमा नीति निर्माता, अनुसन्धानकर्ता, विश्वविद्यालय, विकास साझेदारहरू एउटै मञ्चमा हुनेछन्। जहाँ स्वास्थ्य क्षेत्र र यसको अनुसन्धान क्षेत्रबारे विचार, अनुभव र नवीनतम प्रयोगहरू साटासाट गरिनेछ।

■ ढकमक्क धोबीखोला करिडोर



ढकमक्क फुलेका फूल र सरसफाइ हुन थालेपछि धोबीखोला करिडोर क्षेत्र आकर्षक देखिन थालेको छ। **तस्बिर : सतिश पोखरेल/नयाँ पत्रिका**

जयशंकरको निम्तोमा परराष्ट्रमन्त्री खनाल मौरिससमा



काठमाडौं/ परराष्ट्रमन्त्री शिशिर खनाल नवौं हिन्द महासागरीय सम्मेलनमा सहभागी हुन मौरिससको राजधानी पोर्ट लुइस प्रस्थान गरेका छन्। इन्डिया फाउन्डेसन आयोजक रहेको सम्मेलनको आयोजक समितिका तर्फबाट परराष्ट्रमन्त्री खनाललाई भारतीय समकक्षी डा. एस जयशंकरले निमन्त्रणा गरेका हुन्। परराष्ट्रमन्त्री खनालको यो पहिलो विदेश भ्रमण हो, तर यो उनको औपचारिक द्विपक्षीय भ्रमण होइन।

शुक्रबारदेखि आइतबारसम्म आयोजना हुने सम्मेलनमा परराष्ट्रमन्त्री खनालले सम्बोधन गर्ने कार्यक्रम छ। सम्मेलनमा भारतीय विदेशमन्त्री जयशंकर, भुटानका विदेशममन्त्री डिएन ढुंगेल, बंगलादेशका विदेशमन्त्री खालिलुर रहमान, कम्बोडियाका परराष्ट्र राज्यमन्त्री युएन खियाङ, इजिप्टका उपविदेशमन्त्री मोहम्मद अबु बक्र, मेडागास्करका परराष्ट्र मन्त्रालयकी महासचिव रजानाद्राओसा मारी लियोन्टिन, मौरिससका परराष्ट्र, क्षेत्रीय एकीकरण तथा अन्तर्राष्ट्रिय व्यापार मन्त्री धनञ्जय रामफुल, ओमानका विदेशमन्त्री सैयद बद्र हमद अल बुसैदी, ओमानका उपविदेशमन्त्री वलिद एलखेरैजी, साउदी अरबका परराष्ट्र तथा प्रवासी मामिलामन्त्री बेरी फाउरले सम्बोधन गर्ने कार्यक्रम छ। बिमस्टेकका महासचिव इन्द्रमणि पाण्डे पनि कार्यक्रममा सहभागी हुँदै छन्।

इन्डिया फाउन्डेसनले मौरिसस सरकारसँगको सहकार्यमा यो कार्यक्रम आयोजना गर्न लागेको हो। सम्मेलनको आयोजक समितिमै मौरिससका विदेशमन्त्री छन्। परराष्ट्र मन्त्रालयका अनुसार परराष्ट्रमन्त्री खनालले हिमाल-समुद्र पारिस्थितिक सम्बन्ध, आर्थिक विकासका लागि समुद्री सम्पर्क सञ्जालको महत्वबारे सम्बोधन गर्नेछन्। खनालले भारतीय समकक्षी जयशंकरलगायत विभिन्न मुलुकका विदेशमन्त्रीहरूसँग साइडलाइन भेटवार्ता गर्ने कार्यक्रम छ।

कर्मचारी कुटेको आरोपमा सिराहाका मेयरविरुद्ध पक्राउ पुर्जी जारी, कर्मचारी आन्दोलनमा

सिराहामा **सुरेन्द्रकुमार कामती**

कर्मचारी कुटेको आरोपमा सिराहा नगरपालिका प्रमुख नवीन यादवविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। उनीमाथि कार्यालय सहयोगी रामशरण यादवलाई कुटपिट गरेको आरोप लागेको हो। आफूविरुद्ध पक्राउ पुर्जी जारी भएपछि मेयर यादव सम्पर्कविहीन बनेका छन्।

जिल्ला प्रहरी कार्यालय सिराहाका प्रमुख वासुदेव पाठकले कार्यालय सहयोगीमाथि कुटपिटमा संलग्नविरुद्ध 'अभद्र व्यवहार'मा मुद्दा दर्ता भएको बताए। कार्यालय सहयोगी रोहित मेस्तरलाई नियन्त्रणमा लिइसकेको भन्दै उनले जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको बताए। पाठकले मेयर यादवविरुद्ध पक्राउ पुर्जी जारी भएको बताए। 'घाइते हाम्रो सम्पर्कमा छैनन्। थप उपचारका लागि काठमाडौं लगिएको भन्ने जानकारी पाएको छु,' उनले भने, 'विराटनगरमा जाँच गरिएको रिपोर्टका आधारमा मुद्दा दर्ता गरी अघि बढेका छौं।'

मेयर नै कर्मचारीमाथि कुटपिटमा संलग्न रहेको आरोप लगाउँदै नगरपालिकाका कर्मचारी आन्दोलित भएका छन्। हाजिरी रजिस्टरमा दस्तखत गर्ने विषयमा मेयर र उनका सहयोगीले मिलेर आफूमाथि कुटपिट गरेको रामशरणले बताएका छन्। मेयरको कार्यकक्षमै चोट लागेका यादवलाई उपचार गर्न प्रादेशिक अस्पताल सिराहा भर्ना गरिएको थियो। त्यहाँबाट थप उपचार गर्न २४ चैतमा विराटनगरको न्युरो अस्पताल लगिएको थियो। न्युरो अस्पतालको रिपोर्टमा यादवको बायाँ करङमा चोट लागेको देखाएको छ।

मेयर यादवले भने आफूले कुटपिट नगरेको बताएका छन्। २४ चैत बिहान करिब ८:३० बजे आफू कार्यालय पुग्दा कर्मचारीहरू अनुपस्थित देखिएपछि फोनमार्फत बोलाउन निर्देशन दिएको भन्दै उनले दरबन्दी र काज (खटाइ) सम्बन्धी विषयमा सोधपुछ गर्दा कार्यालय सहयोगी रामशरण आफूविरुद्ध गालीगलोजमा उत्रिएको दाबी गरे। कार्यकक्षबाट बाहिर गएर गालीगलोज गर्न थालेपछि अन्य कर्मचारीले सम्झाउन खोजेको भन्दै मेयर यादवले आफूले हातपात नगरेको र आफैं भाग्ने क्रममा लडेको बताए। घटनापछि आफूले नै प्रहरीलाई खबर गरी कर्मचारीलाई अस्पताल पठाएर उपचार गराउन लगाएको उनको भनाइ छ।



मेयरको ज्यादतीविरुद्ध सिराहा नगरपालिकाका कर्मचारीहरू धर्नामा।

कर्मचारी आन्दोलनको नेतृत्व गरेका शाखा अधिकृत बलिराम यादवले कर्मचारीले सुरक्षित वातावरणमा काम गर्न पाउनुपर्ने बताए। कार्यालय सहयोगीलाई कुटपिटमा संलग्न रहेको मेयरलाई कानुनी प्रक्रियामा ल्याउन आन्दोलन गरेको भन्दै उनले नगरपालिकाको जनप्रतिनिधिबाट आन्दोलन व्यवस्थापनबारे खासै वास्ता नभएको गुनासो गरे। कर्मचारीलाई धाकधम्की देखाउनेजस्ता काम भइरहेको भन्दै उनले कानुनअनुसार अघि बढ्ने र कर्मचारीले सुरक्षित वातावरणमा काम गर्न पाउनुपर्ने बताए। आन्दोलित कर्मचारीले जनप्रतिनिधिको आचरणमा सुधार ल्याउनुपर्ने, कुटिएका कर्मचारीको निःशुल्क उपचार र क्षतिपूर्ति दिनुपर्ने, कर्मचारीको शान्ति सुरक्षा हुनुपर्नेलगायत माग राखेका छन्।

कर्मचारीको आन्दोलनले नगरपालिकाका सम्पूर्ण प्रशासनिक कार्यदेखि स्वास्थ्य सेवासम्म ठप्प भएको छ। नगरपालिकाभित्रका स्वास्थ्य, कृषि, पशु शाखासँगै वडा कार्यालयको सेवा पनि अवरुद्ध भएको छ। कर्मचारीको तीन दिनदेखिको आन्दोलनले सेवाग्राही मारमा पर्न थालेका छन्। कर्मचारीको आन्दोलनले सबै सेवा बन्द भएको सिराहा नगरपालिका- २२ का वडाध्यक्ष जीवछनारायण यादवले बताए। आफूले आन्दोलन टुंग्याउन पहल गरिरहेको भन्दै उनले सेवाग्राहीको काम रोक्न नहुने बताए।

श्रम आप्रवासन व्यवस्थापनमा सुधारको जिम्मेवारी

नेपालमा आन्तरिक रोजगारीका पर्याप्त अवसर सिर्जना नहुँदासम्म वैदेशिक रोजगारी देशको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहिरहने अवस्था छ



● डिकबहादुर खत्री (कुमार)

अग्रलेख

नेपाल अहिले राजनीतिक संक्रमणको घडीबाट बाहिर आएको छ। गत भदौ २३ र २४ गते देशको राजधानीलगायत विभिन्न सहरमा भएको जेन-जी आन्दोलनका कारण देशमा राजनीतिक कोर्स नै बदलिन पुग्यो। राजनीतिक परिवर्तनपछिको निर्वाचनबाट बनेको सरकारसँग विभिन्न क्षेत्रले आशा र अपेक्षा गरेको छ। आर्थिक समृद्धि, सामाजिक तथा भौतिक पूर्वाधारको विकास र आन्तरिक रोजगारीका अवसर सिर्जना आजको टड् कारो आवश्यकता हो। तर, यथार्थ के हो भने यी सबै सम्भावना तत्कालै र भर्खरै व्यवहारमा परिणत हुँदैनन्। समय, योजना तथा सक्षम नेतृत्वको कुशलताले मात्र यो सम्भव छ। सम्भावना र अवसर खोज्दै गर्दा गहिरो अध्ययन र त्यसको दीर्घकालीन असरको अन्दाज गरेर मात्र अर्थतन्त्रको मेरुदण्ड बलियो बनाउन सकिन्छ र अर्थतन्त्र बलियो बने मात्र सबै सम्भव छ।

०५० पछाडि देशको अर्थतन्त्र र विदेशी मुद्रा सञ्चितिको प्रमुख आधार नै वैदेशिक रोजगार हो। अनेकौं संकटको घडीमा देशको अर्थतन्त्रलाई चलायमान बनाउने र अर्थतन्त्रलाई जोगाउने मुख्य आधार वैदेशिक रोजगार र विप्रेषण नै रह्यो, दशकौं लामो माओवादी द्वन्द्वकाल, २०७२ सालको विनाशकारी भूकम्प, भारतले लगाएको नाकाबन्दी, कोभिड-१९ महामारी, राजनीतिक अस्थिरताजस्ता अनेक गम्भीर चुनौतीबिच पनि मुलुकले विदेशी मुद्रा सञ्चिति र आयात-निर्यातको सन्तुलन कायम राख्न वैदेशिक रोजगारमा रहेका श्रमिकले पठाएको विप्रेषण जीवनदायी साबित भएको जगजाहेर नै छ। आन्तरिक रोजगारीको पर्याप्तता नहुँदासम्मका लागि यसको विकल्प छैन र करिब वार्षिक सात लाख जनशक्ति श्रमका लागि नेपालबाट श्रम गन्तव्य मुलुकतर्फ गइरहेको तथ्यलाई नकार्न सकिन्न, यो अवस्थामा करिब ४० लाख श्रमशक्ति बाहिर रहेको र दैनिक श्रमका लागि बाहिर जाने श्रमिकको समग्र हितलाई ध्यानमा राखेर नीति, ऐन-कानुन बन्नुपर्छ, समयानुकूल परिमार्जित हुनुपर्छ, अनुगमन र नियमन हुनुपर्छ। श्रमिकलाई आर्थिक भार पार्ने खालका श्रम आप्रवासनसँग जोडिएका एकाधिकार हटाइनुपर्छ र प्रयास भइरहेका एकाधिकारलाई निस्तेज बनाइनुपर्छ। निःशुल्क, न्यून शुल्क र सशुल्क तीनवटा हिस्सामा बाँडेर व्यवस्थित गरिनुपर्छ।

अन्तर्राष्ट्रिय श्रम संगठनको श्रम आप्रवासनसम्बन्धी नीति, नागरिक समाजको यथार्थमा आधारित दृष्टिकोण, राज्यको वैदेशिक रोजगारसम्बन्धी कानुन खास गरेर वैदेशिक रोजगार ऐन-२०६४ को संशोधित ऐन-२०७५ र २०७२ को राज्यमन्त्रीस्तरीय (३ महिनाको परीक्षणकालका लागि भनेर गरिएको निर्णयलाई वैधानिकता वा पूर्णता दिन वा प्रभावकारिता मापन गर्न विशेष समिति गठन गरी अध्ययन प्रतिवेदन लिएर प्रतिवेदनकै आधारमा निरन्तरता वा यथास्थिति वा उपयुक्त नयाँ कानुन बनाएर जाने भन्ने ठोस कदम नचाली फ्री भिसा, फ्री टिकट र १० हजार सेवा शुल्कलाई दिइएको निरन्तरता अवैधानिक देखिन्छ)। निर्णय र वैदेशिक रोजगार व्यवसायीको व्यावहारिक विवशतालाई एउटै धरातलीय दृष्टिकोणमा ल्याउन सक्नुपर्छ वा सहमतिको विन्दुमा पुऱ्याउन सक्नुपर्छ।

आजको परिवर्तित राजनीतिक वातावरणमा वैदेशिक रोजगारलाई अझ व्यवस्थित, मर्यादित र पारदर्शी बनाउन आवश्यक छ र यो नै उपयुक्त समय पनि हो। यसका लागि व्यवसायीले व्यावसायिक शुद्धता कायम गर्नुपर्छ। अस्वस्थ प्रतिस्पर्धा गर्नुहुँदैन। संस्थागत व्यवस्थापकीय पक्षलाई मजबुत बनाउनुपर्छ। सरकारले श्रमिकको सीप विकासलाई ध्यानमा राख्दै श्रमिकको लागत निर्धारण स्पष्ट पार्नुपर्छ। व्यवसायीले सेवा दिएबापत लिन पाउने सेवाशुल्क न्यायोचित बनाउनुपर्छ। 'ट्रेडिसनल' र 'राइजिङ डेस्टिनेसन'बाट आउने मागपत्र प्रमाणीकरण तथा सहजीकरण गर्नुपर्छ। वैदेशिक रोजगार व्यवसायमा गैरव्यवसायीको संलग्नता र गैरकानुनी हस्तक्षेप रोकेर भ्रष्टाचारमुक्त वातावरण सिर्जना गर्दै वैदेशिक रोजगारमा गई विदेशबाट फर्किएका श्रमिकले प्राप्त गरेका सीप र अनुभवलाई नेपालको आर्थिक निर्माणमा उपयोग गर्नका लागि तिनको क्षमता निर्माण र वैदेशिक रोजगारीमा रहँदा कमाएको पुँजीलगानीको उचित व्यवस्थापन र लगानीबाट वैदेशिक रोजगारीमा रहेका श्रमिकको श्रमपछिको जीविकोपार्जनलाई सुनिश्चित गरिनुपर्छ। अनि मात्र आन्तरिक रोजगारीको सिर्जना, उद्यमशीलताको विकास र स्टार्टअप बिजिनेससँग जोड्न सकिन्छ।



०७२ को राज्यमन्त्रीस्तरीय निर्णयको पुनरावलोकन, ०७५ को ऐन संशोधन तथा परिमार्जन र वैदेशिक रोजगार ऐनको दफा १५ देखि १९ लाई समयसापेक्ष संशोधन/परिमार्जन नै वैदेशिक रोजगार क्षेत्र सुधारको कोसेढुंगा साबित हुनेछ

नीतिगत सुधार गर्नु भनेको ठुल्ठुला क्रान्ति वा असम्भव प्रयास होइनन्। सामान्य नीतिगत परिवर्तन र व्यावहारिक निर्णयले पनि वैदेशिक रोजगार क्षेत्रमा आमूल सुधार ल्याउन सकिन्छ। यो क्षेत्रमा अपेक्षाकृत सुधार हुन सकेको छैन, त्यसमा वैदेशिक रोजगार व्यवसायी मात्र दोषी छैनन्। विभिन्न समयमा सरोकारवाला मन्त्रालयको नेतृत्व गर्ने व्यक्तिको अदूरदर्शिता, लोकप्रिय तर अव्यावहारिक निर्णय र ऐन-कानुनका अवरोध प्रमुख चुनौती बनेका छन्। अबको नयाँ सरकारले आप्रवासी श्रमिक भर्ना प्रक्रियासम्बन्धी अन्तर्राष्ट्रिय प्रचलन, श्रमिक स्रोत मुलुक र खासगरी नेपालका प्रतिस्पर्धी मुलुकमा रहेको प्रचलन, गन्तव्य देशमा रहेको श्रम आप्रवासनसम्बन्धी आन्तरिक कानुनसमेतको गहन र मिहिन अध्ययन गरी समयसापेक्ष यस्ता कानुनी अवरोध परिमार्जन, सेवाशुल्क व्यवस्थापन, श्रमिकलाई न्याय हुने नीति-निर्माणजस्ता विषयमा ध्यान दिन अत्यन्तै जरुरी छ।

> वैदेशिक रोजगार व्यवसायीले सेवा दिएबापत प्राप्त गर्नुपर्ने शुल्क निर्धारण गरी सो शुल्कको सम्पूर्ण कारोबार बैंकिङ प्रणालीमार्फत गराएर राज्यले प्राप्त गर्ने राजस्व सुनिश्चित गरिनुपर्छ र व्यवसायीको आयलाई वैधानिक बनाइनुपर्छ

नेपालबाट वैदेशिक रोजगारीमा जाने करिब सात प्रतिशत श्रमिक नैतिक भर्ना प्रक्रियाअन्तर्गत जाने गर्छन्, त्यो पनि नेपालको कानुनका कारण नभई रोजगारदाताको श्रमिक भर्ना प्रक्रियाको नीतिका कारण। तसर्थ, बाँकी करिब ९३ प्रतिशत वैदेशिक रोजगारीमा जाने नेपाली जनशक्तिलाई न्याय हुने किसिमको नीति बनेमा यो क्षेत्रलाई गैरसरकारी संस्था वा बाह्य हस्तक्षेपले सुधार्न खोज्नैपर्दैन, आफैं व्यवस्थित हुँदै जानेछ। नेपाल सरकार र व्यवसायी स्वयंले चाहेजस्तै मर्यादित, पारदर्शी, सम्मानित र परिमार्जित स्वरूपमा वैदेशिक रोजगारीलाई स्थापित गर्न सकिन्छ।

नेपाल सरकारको पहिलो प्राथमिकतामा आन्तरिक रोजगार सिर्जना नै पर्नुपर्छ। देशको आर्थिक मजबुतीविना तत्कालै करिब ४०-५० लाख बेरोजगारका लागि रोजगारी सिर्जना हुँदैन। नेपालमा आन्तरिक रोजगारीका पर्याप्त अवसर सिर्जना गर्न नसक्दासम्म वैदेशिक रोजगारी अझै केही समयसम्म देशको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहने अवस्था छ, वर्तमान सरकार स्थिरताको दिशामा अघि बढिरहेको अवस्थामा, समग्र दीर्घकालीन हितलाई ध्यानमा राख्दै श्रमिकको हितलाई सर्वोपरी राखेर व्यवसायीलाई राज्यले अबको बाटो प्रस्ट देखाएर सुधारतर्फ उन्मुख गराउनुपर्छ। सरकारले प्राप्त गर्ने राजस्वसमेतलाई ध्यानमा राखी नीति-नियम ल्याउनुपर्छ।

वैदेशिक रोजगार ऐन-२०६४ को परिच्छेद ४ दफा १५ देखि १९ सम्मको प्रावधान परिमार्जन अपरिहार्य छ। पूर्व र अन्तिम स्वीकृतिको प्रावधानले समयको बर्बादी र भ्रष्टाचार दुवै भएको छ। श्रम गन्तव्य मुलुकले दिनुपर्ने श्रम स्वीकृति स्रोत मुलुकले दिने अनौठो प्रचलन हाम्रो देशमा छ, त्यस्ता अनावश्यक प्रावधानलाई हटाइनुपर्छ।

स्वास्थ्य परीक्षण, अभिमुखीकरण तालिमलगायत विषयलाई अत्यन्त प्रभावकारी र जिम्मेवार बनाइनुपर्छ। प्रविधिका माध्यमबाट सूचना सम्प्रेषण गरिनुपर्छ। पुरातनवादी शैलीलाई विस्थापित गर्दै डिजिटल माध्यमलाई अधिकतम उपयोगमा ल्याइनुपर्छ अनि मात्र शुद्धीकरणको अपेक्षा राख्न सकिन्छ। त्यसैगरी, वैदेशिक रोजगारीमा जाने श्रमिकको लागत निर्धारण (अनिवार्य लागत जस्तै- राहदानी, कल्याणकारी कोष, बिमा, सामाजिक सुरक्षा कोषलगायत) सबैले थाहा पाउने गरी सरकारले नै सार्वजनिक गर्नुपर्छ। वैदेशिक रोजगार व्यवसायीले सेवा दिएबापत प्राप्त गर्नुपर्ने शुल्क निर्धारण गरी सो शुल्कको सम्पूर्ण कारोबार बैंकिङ प्रणालीमार्फत गराएर राज्यले प्राप्त गर्ने राजस्व सुनिश्चित गरिनुपर्छ र व्यवसायीको आयलाई वैधानिक बनाइनुपर्छ। निर्धारित शुल्कभन्दा बढी एक रुपैयाँ मात्र पनि असुली भए-गरेको पाइएमा सरकारले त्यस्ता इजाजतपत्र प्राप्त संस्थालाई खारेजीसम्मको प्रावधान ल्याउनुपर्छ।

संस्थागत मागपत्र प्रमाणीकरण प्रक्रिया हटाई करारपत्रका आधारमा श्रमस्वीकृति दिने व्यवस्था उचित विकल्प हुन सक्छ। मागपत्र प्रमाणीकरणको अनिवार्य प्रावधानले हाम्रो श्रम आप्रवासनको प्रक्रियालाई अत्यन्त सुस्त बनाएको छ। झट्ट हेर्दा ऐनले हाम्रा परम्परागत श्रम गन्तव्यलाई मात्र निरन्तरता दिने तर बढी मानव अधिकार सम्पन्न, सेवा सुविधा सम्पन्न उदीयमान श्रम गन्तव्य मुलुकमा श्रमिकलाई जान बन्देज गरेको देखिन्छ।

अन्त्यमा, २०७२ को राज्यमन्त्रीस्तरीय निर्णयको पुनरावलोकन, २०७५ को ऐन संशोधन तथा परिमार्जन र वैदेशिक रोजगार ऐनको दफा १५ देखि १९ लाई समयसापेक्ष संशोधन/परिमार्जन नै वैदेशिक रोजगार क्षेत्र सुधारको कोसेढुंगा हुनेछ भन्ने विषयलाई सरकारले बुझेर अगाडि जान सके नेपाली श्रमिकको सर्वोपरी हित, सरकारले यस क्षेत्रमा चुहावट भइरहेको राजस्व प्राप्ति र व्यवसाय मर्यादित हुनेछ। यदि यस्ता सुधारका पहल समयमै लागू गरिएनन् भने वैदेशिक रोजगार क्षेत्र निरन्तर राजनीतिक एजेन्डा मात्र बन्ने जोखिम रहिरहनेछ।

(खत्री नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान प्रथम उपाध्यक्ष हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **रोशन जनकपुरी**लाई



एमालेमा विशेष महाधिवेशन र नेतृत्व परिवर्तनको सम्भावना कति देख्नुहुन्छ ?

यतिखेर एमाले अध्यक्ष केपी ओली अप्ठ्यारोमा हुनुहुन्छ। त्यसले गर्दा पार्टी केन्द्र कमजोर देखिएको छ। त्यसैले, त्यहाँ नेतृत्व परिवर्तनको सम्भावना पचास-पचास प्रतिशतको अवस्थामा देखिँदै छ। ओली स्वयं नेतृत्वमा कति बस्नुहुन्छ, त्यसले पनि नयाँ कोर्समा जाने या नजाने भन्ने निर्धारण गर्न सक्छ। परिवर्तित सन्दर्भमा पार्टीभित्र रूपान्तरण अति जरुरी छ। तर, त्यसका लागि ओली नै निर्णायक हुनुहुन्छ, किनकि पार्टीको नेटवर्कमा अहिलेसम्म उहाँकै बलियो पकड छ। उहाँले बुद्धि पुऱ्याएर सक्रिय नेतृत्वबाट हटेर संरक्षकजस्तो भूमिकामा बस्नुभयो भने उहाँ सिंगो एमालेपंक्तिको नेता हुने सम्भावना पनि छ। पार्टीभित्र अन्तर्विरोध चलिरहेको अहिलेको समयमा विरोधी समूहले 'प्रेसर' बढाउँदै लानु स्वाभाविक हो। तर, यसले पार्टीलाई निरन्तर अस्थिर र कमजोर बनाउँछ।

एमालेमै जीवन बिताएका नेतामाथि 'आन्तरिक दुस्मन र दक्षिणपन्थी'को आरोप लाग्नुले के संकेत गर्छ ?

एमाले विचारप्रति भन्दा पनि सत्ताप्रति प्रतिबद्ध पार्टी हो। उसको नाम मात्र कम्युनिस्ट हो, विचार कम्युनिस्ट छैन। त्यहाँ दुई-तीनवटा गुटबिच टकराहट छ। शक्ति संघर्ष तीव्र छ भन्ने संकेत हो यो आरोप-प्रत्यारोपको शृंखला।

पछिल्लो हारबाट पाठ सिकेर एमाले सच्चिने सम्भावना कति देख्नुहुन्छ ?

एमाले चुनावअघिसम्म शक्तिशाली संरचना भएको दल हो। तर, निर्वाचनपछि त्यहाँ निकै हतासा बढेको देखिन्छ। तैपनि, एमाले सकिइहाल्छ भन्ने अवस्था भने छैन। तर, नेतृत्वले राजनीतिक 'ट्रेन्ड' बदलेन भने पार्टी थप कमजोर हुनेछ। एमालेभित्र अवसरको राजनीति गर्नेहरू धेरै छन्। सत्ताको अवसर नदेखेपछि अवसरवादीहरू भाग्छन् नै। यस्तोमा एमालेले आगामी प्रदेश र स्थानीय तहको निर्वाचनबाट आफूलाई सच्याएर बलियो बनाउन सक्नुपर्छ।

प्रेरक प्रसंग

दुईटाउके पक्षीको नियति

उहिल्यै जंगलमा भारुन्ड नामको एउटा विचित्र किसिमको पक्षी बस्थ्यो। उसको शरीर एउटै थियो भने शिरचाहिँ दुई थिए। दुवै शिरको स्वभाव अलग-अलग थियो, किनकि उनीहरूको मस्तिष्क दुइटा थिए। यसैका कारण यी दुई शिरबिच पटक्कै मेल थिएन। दुवै शिर आपसमा झगडा गरिरहन्थे।



एक दिन आहारा खोज्दै जाने क्रममा एउटा शिरले जमिनमा अनौठो फल देख्यो। यसो ठुँगेर चाख्दा त्यो फल निकै स्वादिष्ट लाग्यो। ऊ निकै खुसी भयो। जिब्रो फड्कारी-फड्कारी स्वादको बखान गर्न थाल्यो। बखान सुनेर दोस्रो शिरले पनि फल चाख्न चाह्यो। तर, पहिलो शिरले छुनसमेत दिएन। उसले दुवैको शरीर एउटै भएकाले आफूले खाए पनि एकै ठाउँमा पुग्ने भन्दै दोस्रो शिरलाई त्यसको स्वाद लिनै दिएन। आफूले मात्र जिब्रो फड्कारी-फड्कारी फलको स्वाद लियो।

यस घटनापछि दोस्रो शिरले जसरी भए पनि पहिलो शिरसित बदला लिएरै छाड्ने अठोट गऱ्यो। एक दिन आहारा खोज्दै जाने क्रममा दोस्रो शिरले आफूले खोजेजस्तै विशेष फल देख्यो र हतपत्त त्यसलाई खान तयार भयो। यो सब देखेपछि पहिलो शिरले उसलाई रोक्दै भन्यो- यो फल निकै विषालु छ। यसको सेवनबाट हाम्रो ज्यानसमेत जान सक्छ। दोस्रो शिरले भन्यो- चुप लाग, उस दिन आफूले देखेको फल आफूले मात्र खाएको तैंले बिर्सिस् ? म जेसुकै खाऊँ, तँलाई के चासो ? पहिलो शिरले उसलाई सम्झाउँदै भन्यो- यो फल खाँदा हामी दुवै मर्छौं।

पहिलो शिरको चेतावनीपछि पनि दोस्रो शिरले चर्को स्वरमा जवाफ दियो- ए, तैंले फल खाँदा स्वादिलो, मुखै रसाउने हुने, मैले खाँदाचाहिँ तँ मर्छस् कि भन्ने चिन्ता मैले नै गरिदिनुपर्ने ? तँ चुप लाग, म फल खाएरै छाड्छु। दोस्रो शिरले फटाफट त्यो विषालु फल ठुँगीठुँगी खायो। एकैछिनमा विषको प्रभावले छट्पटिँदै दुवैको ज्यान गयो।

अर्कोको ईर्ष्या गर्दागर्दै कतै हामी पनि भारुन्ड पक्षी त बनिरहेका छैनौं ? एकपटक सोचौं।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

साइकललाई प्राथमिकता दिऊँ

वर्तमान अवस्थामा पश्चिम एसियाको युद्धको कारण नेपालमा पनि इन्धनका साथै अन्य दैनिक उपभोग्य सामानमा समेत असर परेको छ। त्यसैले, विश्वकै सुन्दर देश नेपालमा नेपालीले बिहानदेखि बेलुकासम्म सबैले साइकलबाटै यात्रा गर्ने हो भने आर्थिक पनि बचत हुने र स्वस्थ पनि हुने भएकाले कार्यालय, स्कुल, कलेज, विश्वविद्यालय, बजार, पर्यटन तथा अन्य मेला, भेला र उत्सवमा पनि साइकल प्रयोग गर्नु बढी नै उपयोगी हुने देखिन्छ। त्यसैले, साइकल चढौं, स्वस्थ बनौं, खर्च बचाऔं र बचेको समय र आर्थिक स्रोत विकासमा लगाऔं। सबैले साइकल चढेर देशहितका लागि काम गरौं।

● **बलराम थापा,** क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

इन्धनको मूल्य घट्नुपर्ने होइन ?

सरकारले पेट्रोलियम पदार्थबाट लिँदै आएको कर कटौती गरे पनि नेपाल आयल निगमले इन्धनको मूल्य घटाउनुपर्ने होइन र ? सरकारले कटौती गरेको कर के आयल निगमलाई नाफा दिलाउन र त्यहाँका कर्मचारीलाई त्यही नाफा देखाएर बोनस खुवाउन सरकारले कर कटौती गरेको हो र ? होइन भने खुरुक्क घटेको करबराबर हुने गरी इन्धनको मूल्य तत्काल घटाइयोस्। अन्यथा, नयाँ सरकारले पनि निगमका कर्मचारीको मात्र हित हेरेर निर्णय लिएको पुष्टि हुनेछ।

● **सपना महतरा,** कीर्तिपुर, काठमाडौं

छानबिन निष्पक्ष होस्

यतिखेर सरकारले सम्पत्ति शुद्धीकरणको अनुसन्धानमा तीव्रता दिएको छ। सम्पत्ति शुद्धीकरण विभागले विभिन्न नेता, उच्चपदस्थ वर्तमान तथा पूर्वकर्मचारी तथा व्यापारीको सम्पत्तिमाथि छानबिन गरिरहेको छ। यस क्रममा विभागले पूर्वप्रधानमन्त्री तथा कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा र उनकी पत्नी आरजु राणा देउवाको सम्पत्ति पनि छानबिन गर्न उनीहरूविरुद्ध पत्राउ पुर्जी जारी गरेको छ। यो निकै सराहनीय काम हो। तर, छानबिनचाहिँ निष्पक्ष होस्, पूर्वाग्रह नभल्किएोस्।

● **सुदीप परियार,** मंगलबजार, ललितपुर

जसरी पनि मारमा सर्वसाधारण

जे गर, जता लैजाऊ, जेसुकै गर, मारमा पर्ने भनेको सर्वसाधारण नै हो। अहिले इरान र अमेरिकाबिचको युद्धले नेपालमा असर परेको छ। हरेक वस्तु तथा उपभोग्य सामग्रीमा परनिर्भर हाम्रो देशको बाध्यता नै यही बनेको छ। अरू देशबिच युद्ध हुँदा पनि त्यसको मार हाम्रो देशमा समेत पर्दै आएको छ। अहिले अन्तर्राष्ट्रिय बजारमै इन्धनको भाउ अचाक्ली बढेको छ। जसका कारण आयल निगमले पेट्रोलियम पदार्थको भाउ बढाएको छ। यसलाई गलत मान्न मिल्दैन। महँगोमा ल्याएर सस्तोमा बेच्न सकिँदैन, त्यसमा गुनासो छैन। तर, नेपाल सरकारले त जनतालाई राहत दिन सक्छ नि !

सरकारले पेट्रोलियम पदार्थमा लिँदै आएको करमा कटौती त गरेको छ। तर, मूल्य अझै घटेको छैन। सरकारले उच्चपदस्थ व्यक्तिलाई दिँदै आएको इन्धन सुविधामा कटौती गर्नुपर्छ। कर्मचारीलाई दिँदै आएको इन्धनमा पनि कटौती गर्नुपर्छ। यसबाट बचेको रकम सर्वसाधारणलाई राहत दिन उपयोग गर्नुपर्छ। इन्धनकै कारण देखाएर व्यापारीले बजारभाउ अचाक्ली बढाएका छन्। अझै कति बढाउने हुन्, त्यसको कुनै वैज्ञानिक आधार छैन। यसले गर्दा सर्वसाधारणको दैनिकी कष्टकर बन्दै छ।

सरकार एकपटक सोच्ने कि ? बजार भाउ बढ्दा हुनेखानेलाई त खासै समस्या नहोला। तर, दिनभरि ज्याला मजदुरी गर्ने निम्नवर्गीय परिवारलाई कष्ट भयो नि ! दिनभरि कमाएको पैसाले खान नपुग्ने भयो, शिक्षा र स्वास्थ्यका लागि कसरी सोच्ने ?

● **पुरुषोत्तम घिमिरे,** जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

अमेरिका-इरान युद्धविराममा पाकिस्तानको मौन कूटनीति

युद्धविराम दिगो सम्झौतामा परिणत हुने-नहुने निश्चित नभए पनि इस्लामावादका लागि युद्धविराम एक महत्त्वपूर्ण कूटनीतिक उपलब्धि हो



देश/विदेश

● अनवर इकबाल

संयुक्त राज्य अमेरिका र इरानले दुई साताको युद्धविराम पालना गर्न सहमत भएको घोषणा हुनुअघि दुई साताभन्दा बढी समयदेखि इस्लामावादले धेरै हदसम्म अदृश्य कूटनीतिलाई द्रुत गतिमा अगाडि बढाइरहेको थियो। पहिलो आक्रमणको केही दिनभित्रै पाकिस्तानी अधिकारीले विभिन्न देशका राजधानीमा कूटनीतिक च्यानल सक्रिय गर्न थालेका थिए। सार्वजनिक रूपमा तटस्थता कायम राख्दै पाकिस्तानले चुपचाप आफूलाई वासिंटन र तेहरानबिच पुलका रूपमा स्थापित गऱ्यो।

'अमेरिका-इरान शान्ति सहजीकरणको उच्च जोखिममा रहेका वेला पाकिस्तान किन अग्रपंक्तिमा रह्यो ?' दक्षिण एसियाली मामिलाका वासिंटनस्थित विद्वान् माइकल कुगेलम्यान प्रश्न गर्छन्। बेइजिङले तेहरानसँग महत्त्वपूर्ण लाभ उठाएको उल्लेख गर्दै उनी अगाडि भन्छन्, 'सबै प्रमुख खेलाडीसँग बलियो सम्बन्ध, ह्वाइट हाउसबाट विश्वास, इरानसँग प्रत्यक्ष संलग्नता र चीनबाट निरन्तर सहयोग।'

इस्लामावादसँग पनि शान्ति वार्ता पहलका लागि अगाडि बढ्ने बलिया कारण रहेको उनी बताउँछन्। 'पाकिस्तान, विशेषगरी द्वन्द्वको असरका दृष्टिले जोखिममा छ। ऊ द्वन्द्वमा तानिन चाहँदैन र आफ्नो एजेन्सीलाई प्रभावशाली क्षेत्रीय अभिनेताका रूपमा प्रदर्शन गर्न रणनीतिक स्वार्थ राख्छ,' उनी थप्छन्। उनले सामाजिक सञ्जाल एक्समा अगाडि थपे कि पाकिस्तानले 'वर्षौंमा आफ्नो सबैभन्दा ठुलो कूटनीतिक जितमध्ये एक' हासिल गऱ्यो।

वासिंटनमा इरानी मामिलाका प्रख्यात विद्वान् भली नम्रले अर्को अप्रत्याशित आयामलाई जोड दिए। युद्धविरामबारे पाकिस्तानी प्रधानमन्त्री सेहबाज सरिफको पोस्टलाई रि-ट्विट गर्दै उनले उल्लेख गरेका छन्, 'पाकिस्तानका प्रधानमन्त्रीले युद्धविराममा लेबनान पनि समावेश हुने बताएका छन्।' उनले अगाडि थपे, 'इरानले पहिलेदेखि नै यो माग गर्दै आएको थियो, तर यो सधैं अनौठो अधिकतम मागजस्तो देखिन्थ्यो। तर, अहिले वार्ताको टेबलमा छ भन्ने कुरा एकदमै अप्रत्याशित परिणाम हो।'

पाकिस्तानको प्रयासको सबैभन्दा देखिने युद्धविराम प्रस्तावको चरण मार्च २९-३० मा आयो, जब पाकिस्तान, साउदी अरेबिया, इजिप्ट र टर्कीका विदेशमन्त्रीहरूले इस्लामावादमा तनाव कम गर्ने बाटो खोज्न बैठक गरे। विदेशमन्त्री इसाक दारको नेतृत्वमा भएका परामर्श थप सैन्य वृद्धि रोक्न र अमेरिका-इरान वार्ताका लागि एक रूपरेखा विकास गर्न केन्द्रित थिए।

प्रस्तावमा इस्लामावादमा संरचित वार्ताको परिकल्पना गरिएको थियो। तत्काल वार्ता सफल नभएपछि केही पर्यवेक्षकले यो पहल असफल भएको निष्कर्ष निकाले। तथापि, वार्ता प्रयासबाट पाकिस्तान पछाडि हटेन। कूटनीतिक स्रोतहरूका अनुसार इस्लामावादले आफ्नो पहुँचलाई पछाडि सार्नुको सट्टा तीव्र बनायो।

त्यसपछिका दिनमा प्रधानमन्त्री सेहबाज सरिफ र विदेशमन्त्री दारले वासिंटन, मस्को, बेइजिङ, प्रमुख युरोपेली राजधानीहरू, खाडी सहयोग परिषद्का देशहरू, टर्की, इजिप्ट र साउदी अरेबियामा रहेका एक दर्जनभन्दा बढी विश्वनेताहरू र वरिष्ठ अधिकारीहरूसँग कुरा गरे। औपचारिक वार्तातर्फ पहिलो चरणका रूपमा सीमित युद्धविराम सहमति निर्माण गर्नु उद्देश्य थियो।

पाकिस्तानको सैन्य नेतृत्वले पनि यसमा भूमिका खेलेको थियो। सेना प्रमुख सैयद असिम मुनिरले राष्ट्रपति डोनाल्ड ट्रम्पलगायत वरिष्ठ अमेरिकी अधिकारीसँग कुराकानी गरेका थिए, जसले कूटनीतिक प्रयासलाई बलियो बनायो। यसका साथै, पाकिस्तानी अधिकारी इरानी समकक्षीसँग सम्पर्कमा रहे, जसमा इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्ससँग सम्बन्धित व्यक्ति पनि समावेश थिए।

अप्रिलको सुरुवातसम्ममा इस्लामावादले युद्धविरामको ढाँचालाई तत्काल रोक्ने प्रस्ताव राख्यो, त्यसपछि वार्ताका लागि लगभग दुई साताको समयसीमा तय गरियो। यद्यपि, ढिलाइ जारी रह्यो र मतभेदहरू तीव्र रहे (विशेषगरी क्षेत्रीय सुरक्षा व्यवस्था र समुद्री पहुँचमा)। बढ्दो सैन्य र राजनीतिक दबाबले सम्झौताका लागि ठाउँ सिर्जना गऱ्यो। समयसीमा नजिकिँदै जाँदा र व्यापक क्षेत्रीय युद्धको डर तीव्र हुँदै जाँदा पाकिस्तानको प्रस्तावले गति लिन थाल्यो।

अप्रिल ७ मा वासिंटन र तेहरानले दुई साताको युद्धविराम पालना गर्ने घोषणा गरे। ठुला आक्रामक कारबाही रोक्दै प्रत्यक्ष वा परोक्ष वार्ताको ढोका खोल्ने उनीहरूले घोषणा गरे। धेरै देशका अधिकारीले पाकिस्तानको निरन्तर मध्यस्थता-विशेषगरी एउटा पक्षसँग मात्र झुकाव नदेखाई सबै पक्षसँग कुरा गर्ने क्षमतालाई गतिरोध तोड्ने निर्णायक कारकको रूपमा श्रेय दिए।

इस्लामावादको भूमिकालाई उसको अद्वितीय कूटनीतिक स्थितिले सक्षम बनाएको थियो, इरानसँग लामो र संवेदनशील सीमा साझा गर्दै संयुक्त राज्य अमेरिकासँग सम्बन्ध कायम राख्नु। उसले साउदी अरेबिया, टर्की र अन्य क्षेत्रीय पक्षसँग पनि राम्रो सम्बन्ध राख्छ। उनीहरूको समर्थन दुई देशबिचको तनाव न्यूनीकरणका लागि गति निर्माण गर्न आवश्यक साबित भयो।

अर्को चरण अप्रिल १० मा इस्लामावादमा सुरु हुने अपेक्षा गरिएको छ, जहाँ प्रतिनिधिमण्डलले अझ दिगो व्यवस्थाको रूपरेखाको खोजी गर्नेछन्। अस्थायी युद्धविराम दिगो सम्झौतामा परिणत हुन्छ कि हुँदैन भन्ने कुरा तीव्र कूटनीतिक प्रयासमा निर्भर गर्छ। यद्यपि, इस्लामावादका लागि युद्धविराम पहिले नै एक महत्त्वपूर्ण कूटनीतिक उपलब्धि हो।

(इकबाल डनका वासिंटन डिसीस्थित संवाददाता हुन्)

पाकिस्तानी समाचार संस्था डनबाट

के अमेरिकाले अर्को युद्ध हारेको हो ?

भेनेजुएलामाथि अमेरिकी सेनाको सफल कारबाही र सैन्य पराक्रमको अतिरञ्जित अपेक्षाले ट्रम्पलाई साँच्चै अन्धो बनाइदियो

'आज राति सम्पूर्ण सभ्यता नष्ट हुनेछ' भन्ने धम्की दिएको भोलिपल्ट अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आफ्नो अडानबाट पछि हट्नुपऱ्यो । लगतै उनले आफ्नो धम्की पूरा गर्न दुई साता ढिलाइ गर्ने घोषणा गर्नुपऱ्यो । यस गतिरोधको समयमा इजरायलसँगै अमेरिका र इरान शान्ति वार्ता गर्ने प्रयास गर्दै छन् । विडम्बनाको कुरा अमेरिकाले अत्यधिक सैन्य हमला गरे पनि इरानले हर्मुजको जलमार्गलाई नियन्त्रण गरेर रणनीतिक कार्ड उपयोग गरेको छ, त्यसले पेट्रोल र डिजेल इन्धनको मूल्य र विश्वव्यापी सेयर बजारको अवस्थामा ठुलो प्रभाव कायम राखेको छ ।

अहिलेको गतिमा इरान युद्धले अमेरिकाले लडेका युद्धमा जित्न वा सफल नतिजा प्राप्त गर्न विगतका असफलता दोहोऱ्याउनेछ । सन् १९६० र १९७० को दशकको सुरुवातमा भियतनाम युद्ध अमेरिकी सेनाले सधैँ जित्ने युद्धभूमिमा हारेको थिएन, बरु अमेरिकी टेलिभिजन र भोजनकक्षमा हारेको थियो, जहाँ द्वन्द्वबारे भनिएका झुटहरूको एकपछि अर्को शृंखला र ५८ हजार अमेरिकी सेनाको शवको झोलाले अन्ततः आफ्नो क्षति पुऱ्यायो ।



● डा. हार्लन उलम्यान

डा. उलम्यान वासिंटन डिसीको एट्लान्टिक काउन्सिलका वरिष्ठ सल्लाहकार हुन् ।

अफगानिस्तानमा पनि अमेरिकाको सैन्य श्रेष्ठता थियो, तर त्यो 'जित्न' पर्याप्त थिएन । अर्बौं डलर चुसेको दुई दशकको असफल 'राष्ट्र निर्माण' अभियानले अमेरिकी समर्थक कमजोर संस्थाहरू गठन गऱ्यो, जसले तालिवानको दृढ संकल्पलाई टिकाउन सकेन । सन् २००३ को आक्रमणपछि इराकमा सद्दाम हुसेनको शासन हटाउन अमेरिका सफल भयो । तर, त्यसले देशलाई अराजकतामा डुबायो, जसले गर्दा दुई दशकसम्म यस क्षेत्रमा अस्थिरता बढ्यो, जसका कारण अमेरिका र यसका क्षेत्रीय सहयोगीलाई ठुलो क्षति भयो ।

यी असफलताको एउटा कारण यो हो कि एकपछि अर्को अमेरिकी राष्ट्रपति युद्ध र शान्तिको मामिलामा आफ्नो पदको गम्भीरताका लागि तयार थिएनन् । उनीहरूमा बल प्रयोग गर्ने अवस्थाको ज्ञान र बुझाइको गहिरो अभाव थियो । युद्धमा जाने मान्यतालाई चुनौती दिन असफल, अमेरिकी बौद्धिक र सैन्य श्रेष्ठतालाई सामान्य रूपमा लिने अहंकार, समूहगत सोच र अमेरिकी सेना जतिसुकै कुशल भए पनि सबै सम्भावित परिणामको परीक्षण नगर्ने नोकरशाही अयोग्यताबाट पीडित छन् । यी सबै कुराले अन्ततः त्रुटिपूर्ण रणनीतिक निर्णय निम्त्याए ।



भियतनाम युद्धको समयमा तत्कालीन अमेरिकी राष्ट्रपति लिन्डन जोनसनले जस्तै युद्ध अन्त्य गर्न ट्रम्पले इरानका सर्त स्वीकार गर्नुपर्छ अन्यथा अमेरिका लामो समयसम्म चल्ने द्वन्द्वमा फस्न सक्छ

अब यस्तो देखिन्छ कि विगतका यी असफलताले इरानको युद्धलाई संक्रमित गरे । खाडीमा खेलिएका हरेक युद्ध खेल र अभ्यासमा हर्मुजको जलमार्ग बन्द थियो । के कसैले ट्रम्पलाई त्यो आकस्मिकताबारे सल्लाह दिएनन् वा उनले सुनेनन् ? किन उनले युद्धमा जाने वा उनको शब्दमा इरानमा 'भ्रमण' सुरु गर्ने छनोट गरे ? केही दिनमा युक्रेनी राजधानी किभ पतन हुनेछ भन्ने रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको ठुलो गलत अनुमान दोहोऱ्याउँदै अमेरिकी राष्ट्रपति किन इरान युद्धमा हाम फाले ? यसमा अमेरिकाको गलत आकलनका साथै राष्ट्रपतिका सल्लाहकारले दिएको सुझावले काम नगरेको हुन सक्छ । कतिपय अवस्थामा राष्ट्रपति स्वयंले अमेरिका-इरान युद्धमा होमिन नहुने भनी केही सल्लाहकारले दिएको सुझावलाई बेवास्ता गरेको देखिन्छ ।

इजरायलीले ट्रम्पलाई हतारमा निर्णय लिनका लागि उत्प्रेरित गर्नुभन्दा पहिले नै राष्ट्रपतिमा अहंकार र पूर्ण बुझाइको स्पष्ट अभाव थियो । यस्तै अज्ञानता इजरायली संस्था र प्रधानमन्त्री बेन्जामिन नेतन्याहुमा थियो । अमेरिकी राष्ट्रपतिका प्रमुख वार्ताकार स्टिब विटकफ र जारेड कुसनरसँग आणविक हतियारबारे प्राविधिक ज्ञानको कमी थियो, जसले गर्दा उनीहरू इरानीसँगको वार्तामा निष्प्रभावी र अदूरदर्शी साबित भए । ह्वाइट हाउसले इरानलाई आणविक हतियार निर्माण गर्न र लामो दूरीको क्षेप्यास्त्र विकसित गर्न लाग्ने समयलाई गलत अनुमान मात्र लगाएन, घोर बढाइचढाइ गऱ्यो, जुन गलत आकलनले अमेरिकालाई युद्धमा लाग्न प्रेरित गरेको हुन सक्छ ।

यसबाहेक, भेनेजुएलामाथि अमेरिकी सेनाको सफल कारबाही र अमेरिकी सैन्य पराक्रमको अतिरञ्जित अपेक्षाले ट्रम्पलाई साँच्चै अन्धो बनायो । उनले तेहरानको शासन पतन हुन लागेको इजरायलको भाष्य र कथनलाई सजिलै विश्वास गरे ।

अब, वास्तविकताले पकड जमाइसकेको छ । हरेक लडाइँ जित्दैमा युद्ध जितिँदैन । उत्तर भियतनाम र तालिबानजस्तै हार नमानेर जित्ने इरानको रणनीति कम महत्त्वपूर्ण छैन । तेल प्रवाहका लागि महत्त्वपूर्ण समुद्री नाका हर्मुजको बन्द इरानीले चलाएको सबैभन्दा शक्तिशाली हतियार साबित भयो । विश्वव्यापी ऊर्जाको २० प्रतिशत, मलका लागि आवश्यक पर्ने धेरैजसो फस्फेट र चिप निर्माणका लागि आवश्यक पर्ने हेलियम खाडीमा सिल गरिएको हुनाले लामो समयसम्म चलेको द्वन्द्वको परिणाम स्पष्ट थियो, आर्थिक विपत्ति । हर्मुज बन्द हुँदा अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य आकासिनुका साथै आर्थिक उथलपुथलले विश्व अर्थतन्त्रमा ठुलो हलचल ल्याएको छ ।

इरानको सफलताको मापदण्ड दुई अमेरिकी लडाकु विमान खसालिएको वा अमेरिकी सैन्य अड्डामा प्रहार भएको संख्या थिएन । यो अमेरिकामा पेट्रोलको मूल्य र सेयर बजारको निराशाजनक अवस्था थियो । सुरुवाती दिनमा पनि युद्ध अत्यधिक अलोकप्रिय थियो, लगभग दुईतिहाइ अमेरिकीले यसको विरोध गरेका थिए । अहिले पनि अधिकांश अमेरिकी युद्धको विरोधमा छन् । युद्धका कारण ट्रम्पप्रतिको अनुमोदन दरमा निरन्तर गिरावट आएको विभिन्न सर्वेक्षणले देखाएका छन् । पेट्रोलको उच्च मूल्य र बढ्दो मुद्रास्फीतिको जोखिमको अर्थ अमेरिकामा हुने प्रमुख मध्यावधि चुनावअघि सामाजिक असन्तुष्टि बढाउनु थियो ।

अब ट्रम्पसामु दुई विकल्प छन्, भियतनाम युद्धको समयमा राष्ट्रपति लिन्डन जोनसनले जस्तै युद्ध अन्त्य गर्न ट्रम्पले इरानका सर्त स्वीकार गर्न सक्छन् वा लामो समयसम्म चल्ने द्वन्द्व अर्थात् 'सदाका लागि युद्ध'मा फस्न सक्छन् ।

हालका लागि अमेरिकी राष्ट्रपतिले बेलायती प्रधानमन्त्री विन्स्टन चर्चिलको धारणालाई रोजेका छन् कि संवाद र कूटनीति सशस्त्र द्वन्द्वभन्दा धेरै उच्च छन् । ट्रम्पले जुनसुकै बाटो जाने निर्णय गरे पनि उनी आफैँ कुनै राम्रो विकल्पविना फसेको कारणले गर्दा इरान युद्ध राष्ट्रपतिको रूपमा उनले गरेको सबैभन्दा विनाशकारी निर्णय साबित हुनेछ ।

- अलजजिराबाट

इतिहासमा आज



सन् १८१५ : इन्डोनेसियाको माउन्ट ट्याम्बोरामा विश्वमा रेकर्ड राख्न थालेपछिकै सबैभन्दा ठुलो ज्वालामुखी विस्फोट भयो । झन्डै एक लाखको ज्यान लिएको त्यस ज्वाला विस्फोटपछि आकाशमा जम्मा भएको विशाल खरानीले सूर्यको किरण छेक्दा विश्वभर चिसो बढेको थियो ।

सन् १७१० : बौद्धिक सम्पत्तिमाथि संरक्षण प्रदान गर्ने विश्वको पहिलो सर्वाधिकारसम्बन्धी कानुन 'स्ट्याचुट अफ एन' बेलायतमा जारी भयो ।

सन् १८६१ : अमेरिकाको चर्चित विश्वविद्यालय 'म्यासाचुसेट इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआइटी)' यसै दिन गठन भएको थियो ।

सन् १९१२ : टाइटानिक जहाजले यसै दिन साउथएम्पटनबाट आफ्नो पहिलो र अन्तिम यात्रा सुरु गऱ्यो ।

सन् १९१५ : नर्वेले 'कास्टबरगियन बाल कानुन' पारित गर्दै विश्वमा पहिलोपटक विवाहेत्तर सम्बन्धबाट जन्मिएका बालबालिकाको सुरक्षा प्रदान गऱ्यो ।

सन् १९४६ : दोस्रो विश्वयुद्धपछि मित्रशक्तिको कब्जामा रहेको जापानमा पहिलो संसदीय निर्वाचन भयो ।

सन् १९७२ : अमेरिका, सोभियत संघ र सत्तरी देश सम्मिलित 'जैविक हतियारसम्बन्धी सम्मेलन'ले जैविक तथा विशाक्त हतियारको विकास, निर्माण र भण्डारणमा प्रतिबन्ध लगाउने सन्धि तयार पाऱ्यो ।

सन् १९८८ : नर्दन आयरल्यान्ड सम्बन्धमा आइरिस सरकार र ब्रिटिस सरकारबिच 'गुड फ्राइडे सम्झौता'मा (बेलफास्ट सम्झौता पनि भनिने) हस्ताक्षर भयो ।

सन् १९९६ : अस्ट्रेलियाको ब्यारो आइल्यान्डमा आएको हुरीको गति ४०८ किमि मापन भयो, जुन हालसम्म रेकर्ड भएको सबैभन्दा तीव्र गतिको हुरी हो ।

सन् २०१९ : ब्ल्याक होलको पहिलो वास्तविक तस्बिर सार्वजनिक भयो । 'इभेन्ट होराइजन टेलिस्कप (इएचटी)' सहकार्यले सार्वजनिक गरेको तस्बिर एम-८७ तारापुञ्जको केन्द्रमा रहेको कालो छिद्रको थियो, जसको पिण्ड हाम्रो सूर्यभन्दा ६.५ अर्ब ठुलो भएको बताइएको छ ।

सन् २०२२ : संसद्मा विश्वासको मत पाउन नसकेपछि पाकिस्तानी प्रधानमन्त्री इमरान खान पदबाट हटाइए ।

भारतका आसाम, केरलम र पुडुचेरी राज्यमा विधान सभा चुनाव सम्पन्न



नयाँदिल्ली / भारतका तीन राज्य आसाम, केरलम र पुडुचेरीमा बिहीबार विधानसभा चुनाव सम्पन्न भयो । एकल चरणमा भएका ती विधान सभाको मतगणना भने तमिलनाडु र पश्चिम बंगालको मतदानपछि एकै दिन मे ४ मा गरिनेछ । विधान सभामा आसामका १२६ सिट, केरलमको १४० र पुडुचेरीका ३० सिट छन् । अब तमिलनाडुमा अप्रिल २३ र पश्चिम बंगालमा अप्रिल २३ र २९ मा मतदान हुने समयतालिका छ ।

पाँचैवटा राज्यको मतपरिणाम मे ४ पछि आउन थाल्नेछ । यी चुनावमा अभूतपूर्व सहभागिता रहेको भारतको निर्वाचन आयोगले जनाएको छ । आयोगका अनुसार दिउँसो ३ बजेसम्म आसाममा ७५.९१ प्रतिशत, पुडुचेरीमा ७२.४० प्रतिशत र केरलममा ६२.७१ प्रतिशत मतदाताले मत हालेको पाइएको थियो ।

केरलममा मुख्यतः सत्तारुढ भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) नेतृत्वको 'लेफ्ट डेमोक्रेटिक फ्रन्ट (एलडिएफ)' र विपक्षी युनाइटेड डेमाक्रेटिक फ्रन्ट (युडिएफ)बिच बलियो प्रतिस्पर्धा हुने ठानिएको छ । राज्यमा दशकौँदेखि सिपिआइ (एम) र कंग्रेसको नेतृत्वमा रहेको गठबन्धनको पालैपालोजस्तो सरकार बन्ने गरेको छ । तथापि, पछिल्लो समय भाजपाको नेतृत्वमा रहेको एनडिएले राज्यमा भोट हिस्सा बढाउँदै लगेको छ । उता उत्तरपूर्वी राज्य आसाममा भने कंग्रेसले सत्तारुढ भाजपाको नेतृत्वमा रहेको एनडिएलाई चुनौती दिन ६-दलीय गठबन्धन बनाएको छ । तथापि, हालसम्म बलियो देखिएको भाजपाले जितमार्फत लगातार तेस्रो कार्यकाल शासन गर्ने प्रयास गर्नेछ । उता तुलनात्मक सानो राज्य पुडुचेरीको विधानसभा चुनावमा भने मुख्य प्रतिस्पर्धा सत्तारुढ एनडिए कंग्रेस-द्रमुक गठबन्धनबिच हुने ठानिएको छ । तमिल अभिनेता विजयको तमिलगा वेत्री कझगम (टिभिके)को प्रवेशले प्रतिस्पर्धा त्रिकोणीय बन्न सक्ने केहीले प्रक्षेपण गरेका छन् । अप्रिलमा चुनाव तोकिएका पाँचै राज्य विधानसभाको कार्यकाल जुन १५ मा समाप्त हुँदै छ ।

आसामको चुनावमा कंग्रेसको रणनीति र भाजपाको सबलता

राहुल गान्धीले आसाममा सरकार बनाए हालका मुख्यमन्त्रीलाई जेल पठाउने धम्की दिएका छन् । यो भनाइका आधारमा राहुल आसाममा कंग्रेस सत्तामा फर्कने कुरामा विश्वस्त देखिन्छन् जस्तो लाग्छ । तर, उनी किन यति विश्वस्त छन् ?

भारतीय राष्ट्रिय कंग्रेसले आसाम राज्यमा उसको चिरपरिचित रणनीति अपनाउँदै छ । यो राहुल गान्धीले सन् २०२४ को लोकसभा चुनावमा अपनाएको 'चौकीदार चोर है' अभियानको केही परिमार्जित संस्करणजस्तो देखिन्छ । कंग्रेसले आसामको मुख्यमन्त्री हिमन्त विश्व शर्मालाई भ्रष्टको रूपमा चित्रण गर्ने हरसम्भव प्रयास गरिरहेको छ । यहाँसम्म कि गान्धीले सरमालाई जेल पठाउने धम्कीसमेत दिइरहेका छन् । यी भनाइ हेर्दा राहुल आसाममा कंग्रेस सत्तामा फर्कने कुरामा विश्वस्त देखिन्छन् । तर, उनी किन यति विश्वस्त छन् ?

कंग्रेस नेताका अनुसार यसका कम्तीमा तीन प्रमुख कारण छन् । पहिलो, भाजपा नेतृत्वको विपक्षी गठबन्धन 'नेसनल डेमोक्रेटिक अलायन्स (एनडिए)' सरकारविरुद्ध १० वर्षको सत्ताविरोधी भावनामाथि कंग्रेसको मुख्य विश्वास देखिन्छ । यद्यपि, मुख्यमन्त्री सरमाको व्यक्तिगत लोकप्रियता भाजपाको आसाम शाखाको सबैभन्दा ठुलो ढाल हो । त्यसैले, विपक्षीले निरन्तर उनको छवि बिगार्न खाल्डोजिरहेको छ । अर्थात्, यस रणनीतिमा केन्द्रमा प्रधानमन्त्री मोदीविरुद्ध राहुल गान्धीले अपनाएको रणनीतिको झल्को देखिन्छ । दोस्रो कारण, गौरव गोगोईको नेतृत्वमा कंग्रेसले पाँच दलसँग मिलेर बनाएको व्यापक सामाजिक गठबन्धनमाथिको विश्वास हुन सक्छ । कंग्रेसले बनाएको गठबन्धनमा अखिल गोगोईको रायजोर दल, लुरिनज्योति गोगोईको आसाम जातीय परिषद्, भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी), सिपिआई (एमएल) र अल पार्टी हिल लिडर कन्फरेन्स समावेश छन् ।

'तीन गोगोई'को एकताका कारण राज्यका प्रभावशाली अहोम समुदायको समर्थन प्राप्त हुने अपेक्षा गरिएको छ । यो समुदायको बसोवास मुख्यतया माथिल्लो आसाममा देखिन्छ, जुन क्षेत्रमा लगभग ४० वटा विधानसभा सिट छन् । चियाखेती र व्यापारमा संलग्न जनजातिले ३५ भन्दा बढी सिटमा नतिजा निर्धारण गर्न प्रमुख भूमिका खेल्न सक्छन् । अहोम र चियाखेतीमा संलग्न जनजाति दुवै कंग्रेससँग मिलेकाले पार्टीले यस क्षेत्रमा ठुलो विजयको आशा गरेको छ । तर, अहिलेका लागि यो केवल आशा मात्र देखिन्छ ।

सन् २०१६ र २०२१ मा चियाखेतीमा संलग्न जनजातिहरू भाजपातर्फ सर्दा नै पार्टीले जित हासिल गर्न सकेको थियो । कंग्रेसले तिनलाई फिर्ता ल्याउन हरसम्भव प्रयास गरिरहेको छ ।

यसका लागि पार्टीले चिया भेगका जनजाति र अहोमहरूसहित ६ समुदायलाई अनुसूचित जनजातिको दर्जा दिने वाचा गरेको छ । राहुल गान्धीले चिया बगानका कामदारको ज्याला प्रतिदिन ४५० भारु पुऱ्याउने वाचा पनि गरेका छन्, जुन हालको ज्यालाबाट २०० भारु बढी हो । १३ वटा विधानसभा सिट भएको बाराक उपत्यकाका धेरै क्षेत्रमा चियाखेतीमा संलग्न जनजातिको उल्लेखनीय उपस्थिति छ । निश्चित रूपमा 'एसटी'को दर्जा र ज्याला वृद्धिको वाचा उनीहरूका लागि महत्त्वपूर्ण छ । तर, अरू पनि धेरै कारकले उनीहरूको मतदान निर्णयलाई प्रभाव पार्ने गर्छ । 'झारखण्ड मुक्ति मोर्चा (झामुमो)'को चुनावमा प्रवेशले विषयलाई अझ रोचक बनाएको छ ।

कंग्रेसले गठबन्धनमा आठ सिट दिन अस्वीकार गरेपछि झामुमोले १६ जना उम्मेदवारलाई मैदानमा उतारेको छ । झारखण्डका मुख्यमन्त्री हेमन्त सोरेन र कम्तीमा १५ झामुमो विधायक एक हप्ताभन्दा बढी समय डिब्रुगढमा बसेका थिए । धेरै चियाखेती हुने क्षेत्रका जनजातिका पुर्खालाई ब्रिटिस कालमा छोटा नागपुरबाट आसामका चिया बगानमा काम गर्न ल्याइएको थियो । झामुमो यो सम्बन्धको फाइदा उठाएर आसाममा आफ्नो पकड जमाउन खोजिरहेको छ । कंग्रेसका आशाको तेस्रो कारण सिंगापुरमा चर्चित आसामी गायक जुबिन गर्गको मृत्युप्रति जनताको आक्रोश र निराशा हो । कांग्रेसले सत्तामा आएको १०० दिनभित्र यस घटनाको अनुसन्धान गर्ने र न्याय प्रदान गर्ने वाचा गरेको छ । हिमन्त सरमा सरकारले यस 'हत्या'को अनुसन्धान गर्न पहिले नै विशेष अनुसन्धान टिम (एसआइटी) गठन गरिसकेको छ । सिंगापुर कोरोनरले यसलाई दुर्घटनावश डुबेर मृत्यु भएको ठहर गरेको छ । गल्तीलाई अस्वीकार गरेको छ ।





● डिके सिंह

सिंह राजनीति र शासनबारे कलम चलाउँछन् ।

यी तीन कारकको प्रभाव स्पष्ट छैन । उदाहरणका लागि यसअघि सन् २०२१ को विधानसभा चुनावमा पनि कंग्रेसले आठ दलको महागठबन्धन गठन गरेको थियो । त्यतिखेरका यसका दुई सहयोगी एआइयुडिएफ र 'बोडोल्यान्ड पिपुल्स फ्रन्ट' अहिले गठबन्धनमा पर्न सकेका छैनन् । यी दुई दल मिलेर सन् २०२१ मा १२ प्रतिशतभन्दा बढी मत प्राप्त गरेका थिए । के सन् २०२६ मा एजेपी र रायजोर दलको प्रवेशले ती दलको अनुपस्थितिको क्षतिपूर्ति गर्ला ? सन् २०२१ मा यी दुईले तेस्रो मोर्चाको रूपमा चुनाव लडेका थिए र कुल ५.२ प्रतिशत मत प्राप्त गरेका थिए ।

हिमन्त सरमाको ध्रुवीकरण मुद्दालाई बढावा दिनबाट बच्न कंग्रेसले बद्रुद्दिन अजमलबाट आफूलाई टाढा राखेको छ । तर पनि यसले पार्टीका कठिनाइ कम हुँदैनन् । सन् २०२३ को निर्वाचन क्षेत्रको पुनसीमांकनपछि, आसाममा मुस्लिमबहुल सिटको संख्या ३५ बाट घटेर २३ भएको छ । यसपटक यी सिटमा प्रतिस्पर्धा अझ तीव्र हुन सक्छ । उदाहरणका लागि, अलिगढपुर-काटलीछेरा निर्वाचन क्षेत्रमा तीनजना वर्तमान मुस्लिम विधायक चुनाव लडिरहेका छन् । यसमा अलिगढपुर, काटलीछेरा र हैलाकाण्डीका विधायक समावेश छन् ।

सीमांकनपछि, अलिगढपुर र काट्लीचेरालाई मिलाएर ८० प्रतिशतभन्दा बढी मुस्लिम जनसंख्या भएको सिट बनाइयो । जबकि हैलाकाण्डी हिन्दुबहुल निर्वाचन क्षेत्र बन्यो । यसले गर्दा त्यो निर्वाचन क्षेत्रका विधायक नयाँ सिटमा सर्न बाध्य भए । उनी एनडिए सहयोगी एजिपीको टिकटमा चुनाव लडिरहेका छन् । त्यसैले, हिमन्त सरमाले सीमांकनलाई प्रमुख रणनीति मानेका छन् । अहिले एआइयुडिएफ गठबन्धन नरहेकाले मुस्लिम सिटमा कंग्रेसका लागि प्रतिस्पर्धा अझ कठिन हुन सक्छ । हाग्रामा मोहिलारी नेतृत्वको बिपिएफले सन् २०२१ मा ३.३९ प्रतिशत मत र चार सिट जितेको थियो । यो अहिले एनडिएमा जोडिएको छ । गत सेप्टेम्बरमा यसले बोडोल्यान्ड क्षेत्रीय परिषद्को ४० मध्ये २८ सिट जितेको थियो । त्यसपछि नै हिमन्त सरमाले पार्टीलाई एनडिएमा पुनः सामेल गराएका हुन् । यसपटक बिपिएफले बोडोल्यान्ड क्षेत्रका १५ मध्ये ११ सिटमा चुनाव लडिरहेको छ । तथापि, एनडिएमा सामेल भएर यसले पहिले यसलाई समर्थन गर्ने मुस्लिम मतदाताको समर्थन गुमाउने जोखिम छ । जहाँसम्म जुबिन फ्याक्टरको कुरा छ, आसामी जनता उनको मृत्युको स्पष्ट कारण बाहिर नआउँदा दुखी छन् । तर, डिब्रुगढ विश्वविद्यालयका विद्यार्थीले यही कुराले उनीहरूको मतलाई असर नगर्ने बताइरहेका छन् । तथापि, एक शिक्षकले भने कम्तीमा तीनमध्ये एकजना विद्यार्थी सरकारको मनोवृत्तिबाट असन्तुष्ट रहेको, तर खुला रूपमा आफ्नो रिस व्यक्त नगरिरहेको बताए ।

भाजपाको कल्याणकारी प्याकेज

भाजपाबाट टिकट नपाएका कारण पार्टीमा देखिएको विद्रोह र आक्रोशले पनि उसलाई आशा दिएको हुन सक्छ । तर, भाजपासँग कम्तीमा दुई बलिया सकारात्मक पक्ष छन्, 'विकास पुरुष'को रूपमा हिमन्त सरमाको लोकप्रियता र डिबिटीमार्फत नगद सहयोग । हिमन्त सरमाको मुस्लिमविरोधी राजनीतिले माथिल्लो आसाममा धेरै प्रभाव पारेको छैन । किनकि, यस क्षेत्रको जनसंख्यामा लगभग १० प्रतिशत मात्र मुस्लिम छन् । उल्टो डिब्रुगढ र वरपरका मानिसको उल्टो मुस्लिमको अतिक्रमण हटाउने विवादास्पद अभियानलाई अत्यधिक समर्थन देखिन्छ ।

माथिल्लो आसाममा पुल र फ्लाई ओभरजस्ता पूर्वाधार विकासबारे जनमत स्पष्ट सकारात्मक देखिन्छ । यसबाहेक, हिमन्त सरमाको सरकारले ल्याएको कल्याणकारी योजनाहरू र वित्तीय सहायताबाट धेरै मानिस लाभान्वित छन् । डिब्रुगढ विश्वविद्यालय क्याम्पसमा धेरै विद्यार्थी नै हिमन्त सरमाको विकास कार्यबाट निकै उत्साहित देखिन्छन् ।

यसअघि विहारमा महिलाहरूको बैंक खातामा भारु १०,००० स्थानान्तरणलाई चुनाव जित्ने चाल मानिएको थियो । खासमा त्यो हिमन्त शर्माको विचार थियो । उनले विगत पाँच वर्षमा आसाममा विभिन्न रूपमा यस्ता धेरै कार्यक्रम लागू गरेका छन् । हुन त कंग्रेसले आफूले सरकार बनाएमा प्रत्येक महिलालाई भारु पचास हजार दिने वाचा गरेको छ, तर हालैका चुनावमा देखिएझैँ, मतदाताले अहिले पाइरहेको रकमलाई ध्यान दिन्छन्, पछि दिने आशा देखाइएको रकममा होइन । कंग्रेसका रणनीतिकार आसामको चुनाव अझै भाजपाले जित्ने पक्का नरहेको बताउँछन् । निश्चित रूपमा यो सही हो । तर, यो अनिश्चितता दुवै पक्षका लागि हो । आखिरमा नतिजा नआएसम्म कुनै पनि चुनावबारे यकिनका साथ भन्न सकिँदैन ।

- द प्रिन्टबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २७ चैत ०८२

फेरि सुरु भयो हेटौँडा कपडा उद्योग पुनः सञ्चालनको बहस

१६ चैतमा गृहमन्त्री सुधन गुरुङले प्रहरीको पोसाकको गुणस्तर कमजोर भएको उल्लेख गर्दै स्वदेशमै उच्च गुणस्तरको कपडा उत्पादन गर्ने बताएका थिए

मकवानपुरमा **पोष्टराज अधिकारी**

देशका बन्द तथा रुग्ण सरकारी उद्योगहरू निजीकरण गर्ने सरकारी योजनाबिच हेटौँडा कपडा उद्योगको पुनः सञ्चालनको बहस फेरि सुरु भएको छ। तत्कालीन प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारले १५ वैशाख ०८२ मा मन्त्रिपरिषद्बाट बन्द तथा रुग्ण अवस्थामा रहेका नौ सरकारी उद्योग निजीकरण गर्ने निर्णय गरेको थियो। प्रारम्भिक सूचीमा समावेश भए पनि हेटौँडा कपडा उद्योग र विराटनगर जुट मिल भने अन्तिम निर्णयमा हटाइएको थियो।

हेटौँडा कपडा उद्योगको भौतिक संरचना, मेसिनरीलगायतका विषयमा सेनाले समेत अध्ययन गरेर न्यून लगानी र मर्मत गरेर उद्योग सञ्चालन गर्न सकिने निष्कर्ष निकालेको थियो। सोही कारण तत्कालीन सरकारले अन्तिम सूचीबाट निजीकरण गर्ने उद्योगको सूचीबाट हेटौँडा उद्योगलाई हटायो।

यसैबिच गत साता १६ चैतमा भएको एक कार्यक्रममा गृहमन्त्री सुधन गुरुङले प्रहरीको पोसाकको गुणस्तर कमजोर भएको उल्लेख गर्दै स्वदेशमै उच्च गुणस्तरको कपडा उत्पादन गर्ने उद्योग स्थापना गरिने बताएका छन्। प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले प्रहरीको पोसाकको गुणस्तरको विषयमा गुनासो गरेपछि गृहमन्त्रीले यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन्। 'अरू देशका प्रहरीको पोसाक देख्दा अपराधी नै तर्सिने खालको हुन्छ। तर, हाम्रो प्रहरीको पोसाक उधिएको र खुईलिएको देखिन्छ,' उनले भनेका थिए, 'अब हामी आफैं लुगा उत्पादन गर्ने कारखाना खोल्छौं, जसबाट स्थानीयले रोजगारी पनि पाउनेछन्।'

गृहमन्त्री गुरुङको प्रस्तावसँगै नेपालमा नयाँ कपडा उद्योग खोल्ने कि पर्याप्त संरचना भएको हेटौँडा उद्योग पुनः सञ्चालन गर्ने भन्ने बहस हुन थालेको छ। कुनै समय नेपाली सेनाले समेत प्रयोग गर्ने उच्च गुणस्तरको कपडा उत्पादन गर्ने हेटौँडा कपडा उद्योग पुनः सञ्चालन गर्न स्थानीयले पनि माग गरेका छन्। प्रधानमन्त्री बालेन्द्र शाहले पनि सरकारी उद्योगलाई पनि निजी उद्योगहरूकै दाँजोमा सञ्चालन गर्न सकिने बताउँदै आएका छन्। यसले पनि वर्तमान सरकारबाट वर्षौंदेखि बन्द रहेको कपडा उद्योगले पुनः जीवन पाउँछ आशा पलाएको छ।



■ खण्डहर बनेको ऐतिहासिक उद्योग

देशमै कपडा उत्पादन गर्ने लक्ष्यसहित ३० भदौ ०३२ मा कम्पनी दर्ता र पुसमा शिलान्यास गरिएको कपडा उद्योगले कात्तिक ०३५ बाट परीक्षण उत्पादन गरेको थियो। ५ माघ ०३५ मा विधिवत् उद्घाटन भएर मुख्य गरी सुती धागो, कोरा, रंगीन, बुट्टेदार र सेतो कपडा उत्पादन गर्दै आएको हेटौँडा कपडा उद्योगले सेनाका लागि आवश्यक कपडा पनि उत्पादन गर्थ्यो। त्यतिबेला उद्योगमा १२ सय श्रमिकले प्रत्यक्ष रोजगारी पाएका थिए।

तर, २०४६ सालपछि भएको राजनीतिक नियुक्ति बन्द र हडतालका कारण उद्योगले बिस्तारै घाटा व्यहोर्न थाल्यो। पहिलोपटक आर्थिक वर्ष ०५३/५४ मा उद्योग घाटामा गएको थियो। उद्योग निरन्तर घाटमा जान थालेपछि १८ माघ ०५७ मा बन्द गर्ने निर्णय भयो। ०५९ मा पहिलोपटक उद्योग खारेजीको प्रक्रियामा लगियो। त्यसयता उद्योग सञ्चालनका लागि प्रयास नभएका होइनन्। तत्कालीन बाबुराम भट्टराई सरकारले आर्थिक वर्ष ०६५/६६ मा उद्योग पुनः सञ्चालनको निर्णय गरेको थियो। सामान्य मर्मत-सम्भारपछि उद्योगले ०६६ सालमा परीक्षण उत्पादनसमेत गरेको थियो। तर, उद्योग पुरानै अवस्थामा सञ्चालन गर्न नसकिने निष्कर्षसहित ११ कात्तिक ०६६ मा दोस्रोपटक खारेजीको निर्णय गरियो।

त्यसयता हेटौँडा कपडा उद्योग लामो समयदेखि बन्द अवस्थामा छ। करोडौं मूल्यका मेसिन,ुलो भौतिक संरचना र उद्योग सञ्चालनका लागि आवश्यक पूर्वाधार हुँदाहुँदै पनि उद्योग वर्षौंदेखि प्रयोगविहीन अवस्थामा खण्डहरझैं छ।

कपडा उद्योग चलाउने सम्बन्धमा के थियो सेनाको प्रस्ताव ?

कपडा उद्योग सञ्चालन गर्ने विषयमा १७ माघ ०८० मा सेनाले सरकारलाई बुझाएको प्रतिवेदनमा उद्योगका केही संरचना र मेसिनहरू मर्मत-सम्भार गर्नुपर्ने तथा धेरै मेसिनरी नयाँ नै खरिद गर्नुपर्ने उल्लेख गरेको थियो। सेनाको अध्ययनमा तत्काल एक अर्ब ९३ करोड सुरुवाती लगानी र वार्षिक ७८ करोड सञ्चालन खर्च आफैं जुटाएर उद्योग सञ्चालन गर्न सकिने उल्लेख थियो। त्यसका लागि सेनाको सैनिक कल्याणकारी कोषमा बजेट पर्याप्त रहेको भन्दै उद्योग चलाउन आवश्यक पुँजी सरकारले दिनुनपर्ने र सैनिक कल्याणकारी कोषबाटै खर्चने जनाएको थियो। उद्योगबाट उत्पादित कपडा सुरक्षा निकाय र निजामती कर्मचारीलाई प्रयोगका लागि बाध्यकारी बनाउन सके बजारको समस्यासमेत नपर्ने सेनाको भनाइ थियो।

उद्योगको स्वामित्वमा एक सय ६६ रोपनी जग्गा उपलब्ध रहेको, उद्योगका लागि आवश्यक न्यूनतम पूर्वाधार रहेको र उद्योग सञ्चालनका लागि अधिकांश कच्चा पदार्थ देशभित्र नै उपलब्ध रहेको पनि सेनाको प्रतिवेदनमा उल्लेख थियो। आव ०८१/८२ मै सरकारले नीतिगत निर्णय गरी उद्योगको स्वामित्व सेनालाई हस्तान्तरण गरिदिएको भए तत्काल पूर्वाधार निर्माण, मेसिन र उपकरण खरिदको काम गरी परीक्षण उत्पादन सुरु गर्ने तथा ०८२/८३ मा मेसिन थप गरी उद्योगको क्षमता विस्तार गर्ने र नियमित उत्पादन गर्ने प्रस्ताव थियो । उद्योग पुनः सञ्चालन गर्दा नौ वर्षपछि लागत उठाएर उद्योग नाफामा जाने सेनाले दाबी गरेको थियो।

उद्योग वाणिज्य महासंघको साधारणसभा स्थगित

२९-३० चैतका लागि तय साधारणसभा र निर्वाचन अनिश्चित

कृष्ण रिजाल/नयाँ पत्रिका

नेपाल उद्योग वाणिज्य महासंघको साधारणसभा तथा निर्वाचन स्थगित भएको छ। २२ चैतमा पेट्रोलियम ढुवानी व्यवसायी महासंघसहित सातवटा संस्थाले साधारणसभाविरुद्ध मुद्दा दायर गरेको थियो। सोउपर उच्च अदालत पाटनका न्यायाधीश खड्काबहादुर केसी र दीपक खनालको संयुक्त इजलासले बिहीबार अन्तरिम आदेश जारी गर्दै तत्काल निर्वाचन नगर्न भनेको हो। महासंघको ६०औं वार्षिक साधारणसभा २९ चैतमा सुरु भई ३० चैतमा नयाँ कार्यसमितिका लागि निर्वाचन हुने कार्यतालिका थियो।

निवेदनमाथि छलफलका क्रममा निवेदकका तर्फबाट अधिवक्ता जयलाल भण्डारी र प्रितम घिमिरेले पैरवी गरेका थिए भने विपक्षीका तर्फबाट वरिष्ठ अधिवक्ता हरिश्चन्द्र सुवेदी, लीलामणि पौडेल, खगेन्द्रबहादुर राउत तथा अधिवक्ताहरू दीपक घिमिरे, सुमनकुमार केसी र चन्द्रमणि निरौलाले बहस प्रस्तुत गरेका थिए। अदालतले यसअघि रिट निवेदनमा १६ फागुन ०८१ मा जारी गरेको परमादेशअनुसार आवश्यक निर्णय नगरी साधारणसभा आयोजना गरिएमा निवेदक पक्षलाई असर पर्ने देखिएको निष्कर्ष निकालेको छ। यसै आधारमा अदालतले सो मुद्दामा अन्तिम निर्णय नआएसम्म संस्थाको साधारणसभा नगर्नू-नगराउनू भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२ अनुसार विपक्षीका नाममा अन्तरिम आदेश जारी गरेको हो।

अदालतको आदेशपछि नेपाल उद्योग वाणिज्य महासंघको निर्वाचन समितिले अर्को सूचना नभएसम्मका लागि भन्दै निर्वाचनका सम्पूर्ण कार्यहरू स्थगित गरेको छ। महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकालले अदालतको आदेशपछि अब कसरी अघि बढ्ने भन्नेबारेमा छलफल गर्न शुक्रबार पदाधिकारीको बैठक बोलाएको बताए। 'अदालतले आदेशका विषयमा भोलि पदाधिकारी बैठकका छलफल गर्छौं, त्यसपछि एउटा एजेन्डा तयार गरेर कार्यसमितिमा लैजान्छौं,' उनले भने, 'महासंघलाई बलियो र एकताबद्ध बनाउने गरी अघि बढ्नेछौं।'

महासंघका पूर्वअध्यक्ष पशुपति मुरारकाले महासंघको इतिहासमा पहिलोपटक अदालतले साधारणसभा रोकेको भन्दै दुर्भाग्यपूर्ण भएको प्रतिक्रिया दिए। 'अधिल्लोपटक कोभिडको कारण साधारणसभा सरेको थियो, त्यो विषम परिस्थिति थियो,' उनले भने, 'मलाई थाहा भएसम्म अदालतको आदेशका कारण पहिलोपटक चुनाव सर्ने भयो, यो राम्रो भएन।'

एक वरिष्ठ उद्योगीले महासंघलाई निर्वाचनकेन्द्रित व्यक्तिगत स्वार्थ र 'इगो'को चपेटामा पारिएको प्रतिक्रिया दिए। 'महासंघमा मात्रै होइन, जुनसुकै संस्थामा पनि राजनीति हुनु स्वाभाविक हो, तर संस्थालाई नै दुर्घटनातर्फ लैजाने किसिमको राजनीति हुनु दुःखद छ,' उनले भने, 'निजी क्षेत्रको छाता संगठनमा दुई-तीन कार्यकालयता देखिन थालेका यस्ता विसंगति रोकिनुपर्छ।'

■ के हो महासंघभित्रको विवाद ?

शेखर गोल्छा नेतृत्वको महासंघको अघिल्लो कार्यसमितिले १८ वटा वस्तुगत संघलाई सदस्यता दिने निर्णय गरेको थियो। महासंघले एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल, नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघ, नेपाल यर्सागुम्बा संघ, एएसी ब्रिक उत्पादक संघ, नेपाल कागज उत्पादक संघ, ऊर्जा उत्पादक संगठन नेपाल, नेपाल किवी उत्पादक तथा व्यवसायी संघ, नेपाल बेसार संघ, नेपाल कोदो तथा फापर संघ, नेपाल छुर्पी व्यवसायी संघ, नेपाल ओखर उत्पादक तथा व्यवसायी संघ, नेपाल राष्ट्रिय पुस्तक विक्रेता तथा प्रकाशक संघ, नेपाल पुस्तक तथा तथा स्टेसनरी व्यवसायी महासंघ, नेपाल सुन्तला एवं कागती संघ, प्लास्ट नेपाल फाउन्डेसन, नेपाल सिगिङ बाउल संघ, नेपाल कृषि तथा पशुपक्षी व्यवसायी संघ र नेपाल वितरक महासंघलाई वस्तुगत संघको सदस्यता प्रदान गर्ने निर्णय गरेको थियो। तर, सदस्यता सिफारिस समितिको सिफारिसविनै ती संघलाई सदस्यता दिइएको भन्दै त्यसविरुद्ध नेपाल पोल एसोसिएसनले ११ चैत ०८१ मा उच्च अदालत पाटमा रिट दायर गऱ्यो।

अदालतले १६ पुस ०८२ मा पुनः कार्यसमितिबाट निर्णय गराउन भन्दै रिट जारी गऱ्यो। तर, महासंघको निर्वाचन समितिले आसन्न निर्वाचनको मतादाता लिस्टमा ती १८ समितिको नाम उल्लेख नगरेपछि सात संस्थाले अदालतको अघिल्लो आदेशअनुसार कुनै निर्णय नगरी साधारणसभा गर्न लागेको भन्दै त्यसलाई रोक्न निवेदन दिए। सोही निवेदनमाथि छलफल गर्दै अदालतले निर्वाचन रोक्न अन्तरिम आदेश दियो।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको गैह्र बैंकिङ्ग सम्पत्तिको रुपमा रहेको धितो बिक्री सम्बन्धी गोप्य बोलपत्र आह्वान

(प्रकाशित मिति : २०८२/१२/२७)

यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्तिको रुपमा रहेको तपशिलमा उल्लेखित घर/जग्गाहरु बढाबढ मूल्यमा बिक्री गरिने भएको हुनाले उक्त घर/जग्गाहरु खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन भित्रमा** कार्यालय समर्यभत्र यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग, काठमाण्डौं वा यस बैंकका शाखा कार्यालयहरुमा आईपुग्ने गरी के कति दररेटमा उक्त घर/जग्गाहरु लिन कबुल गरेको हो सो खुलाई शर्त बन्देजहरुको अधिनमा रही सो सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन इच्छुक सबैलाई आह्वान गरिन्छ। उक्त अवधिभित्र पर्न आएका बोलपत्रहरु स्थानीय निकायका प्रतिनिधि, नेपाल सरकारका प्रतिनिधि, बोलपत्रदाता वा बोलपत्रदाताको आधिकारिक प्रतिनिधिहरुको रोहवरमा तल उल्लेखित मिति, समय र स्थानमा खोलिने छ।

तपशिल

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ बैशाख ११ गते शुक्रवार।
बोलपत्र खोलिने मिति : २०८३ बैशाख १४ गते सोमवार।
समय : दिउँसो २:०० बजे।
स्थान : नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, दरबारमार्ग, काठमाडौं।

गैह्र बैंकिङ्ग सम्पत्तिको विवरण

१. यस बैंकको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ५ब स्थित कि.नं. २७७, २७५ र २७८ को क्षेत्रफल क्रमशः ०-३-१-०, ०-६-१-० र ०-३-०-० भएका घर/जग्गा तथा टहराहरु तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

२. यस बैंकको नाममा मालपोत कार्यालय मनमैजुमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोलढुङ्गा वडा नं. १ख स्थित कि.नं. २३७३ को क्षेत्रफल ०-४-१-० भएका घर/जग्गा तथा टहराहरु तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

बोलपत्र फाराम यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग काठमाण्डौ वा यस बैंकका शाखा कार्यालयहरुबाट रु. १,०००/- (अक्षरेपी एक हजार रुपैयाँ मात्र) तिरी खरिद गर्न सकिनेछ। अन्य सम्पूर्ण शर्तहरु बोलपत्र फाराममा समावेश गरिएको छ।

विस्तृत जानकारीको लागी यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं.: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेवसाइट : www.nimb.com.np

भृकुटी स्टक ब्रोकिङ निलम्बनमा

काठमाडौं/ सेयर खरिद-बिक्री तथा धितोबापतको रकम फरक ग्राहकको कारोबार राफसाफ गर्न प्रयोग भएको पाइएपछि भृकुटी स्टक ब्रोकिङको लाइसेन्स निलम्बन गरिएको छ। नियामक निकाय धितोपत्र बोर्डको २३ चैतको बैठकले निलम्बन गरिएको बोर्डले जनाएको छ।

धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ३१ विपरीत कार्य गरेको बोर्डले जनाएको छ। धितोपत्र कारोबार राफसाफ तथा फर्स्योट विनियमावली, २०६९ को विनियम १३, १६ र १७ को व्यवस्था पालना नगरी खरिदकर्ता ग्राहकबाट रकम लिने र बिक्रीकर्ता ग्राहकलाई रकम नदिने कार्य गरेको समेत भेटिएको छ।

त्यस्तै, धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को विनियम ८ बमोजिम अग्रिम रकम (कम्तीमा २५ प्रतिशत) नलिई धितोपत्र खरिद गर्न सुविधा दिएको समेत भेटिएको बोर्डले जनाएको छ। गत १२ चैतको कारोबार विवरणअनुसार सो ब्रोकरले लगानीकर्तालाई दिनुपर्ने दायित्व रकम पाँच अर्ब ११ करोड तीन लाख ७४ हजार दुई सय ३७ रुपैयाँ देखिएको छ।

उधारोमा धितोपत्र खरिद गर्न सुविधा दिई लगानीकर्ताले रकम नै नतिरी हितग्राही खातामा धितोपत्र जम्मा गरिदिने कार्यबाट धितोपत्रको मूल्यमा प्रभाव पर्न सक्ने र पुँजी बजारमा प्रतिकूल असर पर्न सक्ने भएकाले कारबाही गरिएको बोर्डले जनाएको छ। निलम्बन अवधिभर कानुनअनुसार लगानीकर्तालाई रकम फिर्ता दिन र अन्य ब्रोकरमार्फत लगानीकर्ताले कारोबार गर्न चाहेको खण्डमा आवश्यक सहजीकरण गर्न भने छुट दिइएको बोर्डले विज्ञप्तिमार्फत जानकारी दिएको छ।

बजेट तर्जुमा गर्न अर्थमा 'डोर लक'

अर्थ मन्त्रालयमा विषयगत मन्त्रालयहरूसँग बजेट, कार्यक्रम र शीर्षकगत छलफल सुरु

नयाँ पत्रिका

आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट तर्जुमा गर्न अर्थ मन्त्रालयमा 'डोर लक' अर्थात् प्रवेशमा कडाइ गरिएको छ। बजेटको गोपनीयता कायम राख्ने प्रचलनअनुसार मन्त्रालय प्रवेशमा कडाइ सुरु भएको प्रवक्ता टंकप्रसाद पाण्डेयले जानकारी दिए। अहिले विषयगत मन्त्रालयहरूसँग छलफल सुरु भएको उनको भनाइ छ। उनले भने, 'मन्त्रालयहरूसँग छलफल गर्ने कार्यक्रम सुरु भएको छ। यसलाई बजेट महाशाखाले निरन्तरता दिइरहेको छ।'

बजेट तथा कार्यक्रम महाशाखाले मन्त्रालयहरूसँग १४ वैशाखसम्म छलफल गर्ने कार्यतालिका छ। महाशाखाअन्तर्गत विषयगत शाखाले सम्बन्धित मन्त्रालयहरूसँग छलफल गरिरहेको पाण्डेयले जानकारी दिए। त्यस्तै, मन्त्रालयले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयसँग पनि ससर्त अनुदान सम्बन्धित छलफल पनि गर्नेछ। २ वैशाखदेखि २० वैशाखसम्म वैदेशिक स्रोतअन्तर्गत प्राप्त हुने रकम यकिन गरी बजेटमा राखिने कार्यतालिका छ।

त्यस्तै, अर्थ सचिवले २५ वैशाखसम्म राजनीतिक दलका प्रतिनिधिहरू, पूर्वअर्थमन्त्रीहरू, पूर्वअर्थसचिवहरू, वरिष्ठ अर्थशास्त्रीहरू एवं विज्ञहरूसँग छलफल गर्नेछन्। १० वैशाखभित्र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको मस्यौदा तयार गर्ने कार्यतालिका छ। २० वैशाखसम्म सार्वजनिक संस्थाको प्रगति विवरण छपाइका लागि प्रेसमा पठाउने तयारी छ। वैशाखम सान्तसम्ममा राजस्व परामर्श समितिको प्रतिवेदन अर्थमन्त्रीसमक्ष पेस गर्ने उल्लेख छ। ३० वैशाखसम्ममा आर्थिक सर्वेक्षण र मन्त्रालयगत प्रगति विवरणलाई अन्तिम रूप दिने उल्लेख छ। १० जेठसम्ममा व्यय अनुमानको प्रारम्भिक मस्यौदा तयार हुनेछ।

विनियोजन विधेयक संसद्मा पेस गर्नुभन्दा १५ दिनअगाडि तयारी गरिसक्ने उल्लेख छ। बजेट वक्तव्यको पहिलो मस्यौदा १ जेठमा तयार पार्ने तयारी छ। ६ जेठमा राष्ट्रपतिसमक्ष बजेट ब्रिफिङका लागि मस्यौदा तयार गर्ने र १३ जेठमा ब्रिफिङ गर्ने कार्यतालिकामा उल्लेख छ। त्यस्तै, १३ जेठमा आर्थिक विधेयक र विनियोजन विधेयकलाई अन्तिम रूप दिने तालिकामा उल्लेख छ। बजेटका सम्पूर्ण सामग्री १४ जेठमा छपाइका लागि पठाउने कार्यतालिकामा उल्लेख छ।

गत २० चैतमा मन्त्रालयले सहसचिव उत्तरकुमार खत्रीको संयोजकत्वमा बजेट लेखन समिति गठन गरेको थियो। समिति सदस्यहरूमा बजेट तथा कार्यक्रम महाशाखा प्रमुख डा. सुमन दाहाल, अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखा प्रमख डा. धनीराम शर्मा, आर्थिक नीति विश्लेषण महाशाखा प्रमुख महेश भट्टराई र वित्तीय संघीयता समन्वय महाशाखा प्रमुख सेवन्तक पोखरेल छन्। आगामी बजेटका लागि राष्ट्रिय स्रोत अनुमान समितिले अर्थ मन्त्रालयलाई चालूतर्फ सात खर्ब ५५ अर्ब २४ करोड, तीन खर्ब ६७ अर्ब १० करोड पुँजीगत र तीन खर्ब ४८ अर्ब ९५ करोड वित्तीय व्यवस्थातर्फ सीमा निर्धारण गरिदिएको छ। त्यस्तै, प्रदेश र स्थानीय तहमा हस्तान्तरणका लागि चार खर्ब १९ अर्ब १५ करोड सीमा तोकिएको छ।



Invitation for Sealed Bids for Interior Construction

Date of Publication: 10th April, 2026 (27th Chaitra, 2082)

Mahalaxmi Bikas Bank Limited a leading national level development bank invites sealed bids from interested and eligible contractors for interior construction works (civil, sanitary, carpentry, furnishing, communication, security, HVAC and electrical & allied works) of our branches as mentioned below:

i. **Charikot (Dolakha)**
ii. **Lakeside, Pokhara**

Terms and Conditions:

- The bid documents can be purchased within office hours (9:00 AM till 5:00 PM) from the office of General Service Department, Head Office, Thapathali upon payment of non-refundable fee of NPR 5,000.00 (NPR Five Thousand Only) on or before 15th day of the first date of publication of this notice.
- Bid document fee should be deposited in the following account of our Bank :
  - » Account Number: 999-20401010201
  - » Account Name: Miscellaneous Deposit Receipt
- Sealed Bids must be submitted within office hours on or before 15th day of the date of publication of this notice. Documents received after this deadline will be rejected.
- Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid bond, amounting to a minimum of 5% of the bid amount in the form of bank guarantee from any commercial bank, which shall be valid for 30 days beyond the validity of the bid (total 120 days validity bid bond). The bid bond may also be deposited through cash margin deposit in the following account of the Bank:
  - » Account Number: 99921607031017
  - » Account Name: Miscellaneous Sundry Creditors

Minimum Eligibility Criteria:

1. At least 5 years of working experience in interior construction works.
2. Has carried out internal construction works of at least 10 branches of Bank and Financial Institutions (BFIs) in Nepal.

The bids shall be opened at 3:00 PM on next working day of the last date of bid submission.

If the last date of purchasing, submission and opening of the bid falls on a public holiday, it shall be extended to the next working day.

The Bank reserves the right to accept partly or reject any or all proposals without assigning any reason whatsoever.

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८७१९

सामान्य प्रशासन विभाग थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९११५१९, Ext.: ४०२, ४०४

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

मध्यपूर्वमा तनावबिच एक महिनामा तीन हजार आठ सय २८ अन्तर्राष्ट्रिय उडान

नयाँ पत्रिका

मध्यपूर्वमा जारी अमेरिका-इजरायल र इरानको सैन्य तनावबिच त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट तीन हजार आठ सय २८ वटा अन्तर्राष्ट्रिय उडान भएको छ। २३ फेब्रुरीदेखि ७ अप्रिलसम्मका अवधिमा एयर अरेबिया, फ्लाई दुबई, हिमालय एयरलाइन्स, कतार एयरवेज र नेपाल एयरलाइन्सलगायतका वायुसेवाले नेपालबाट अन्तर्राष्ट्रिय उडान गरेका हुन्। फेब्रुअरी २८ देखि मार्च ३ सम्म मध्यपूर्वतर्फका सबै उडान पूर्ण रूपमा रद्द भएका थिए।



■ मध्यपूर्वको तनावबिच एयरलाइन्सको अन्तर्राष्ट्रिय उडान

एयरलाइन्स	उडान	रद्द	यात्रु आगमन	यात्रु प्रस्थान	कुल यात्रु
एयर अरेबिया	८१	११	१३,०४०	१०,५३०	२३,५७०
फ्लाई दुबई	६८	३५	१०,०२१	९,९६८	१९,९८९
हिमालय एयरलाइन्स	४३	३२	३,७८४	३,६८३	७,४६७
जजिरा एयरवेज	१	–	१४८	९६	२४४
कतार एयरवेज	६८	४८	११,४३९	१०,०९५	२१,५३४
नेपाल एयरलाइन्स	४६	०	१,२८६	१,०५७	२,३४३

स्रोत : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल

एयर अरेबियाले उक्त अवधिमा कुल ८१ उडान सञ्चालन गर्दा ११ उडान रद्द गरेको छ। यस अवधिमा २३ हजार पाँच सय ७० यात्रुले सेवा पाएका छन्। जसमा १३ हजार ४० आगमन र १० हजार पाँच सय ३० प्रस्थान गरेका थिए। कार्गोतर्फ आठ हजार ६ सय ४२ भित्रिएको र १७ हजार आठ सय २२ बाहिरिएको छ। मार्च ४ मा सबै उडान रद्द भए पनि त्यसपछि क्रमशः उडान संख्या बढ्दै गएको देखिन्छ।

मार्च १० देखि १४ सम्म दैनिक उडान सञ्चालन भएका छन् भने मार्च १६ पछि कार्गो ढुवानी पनि उल्लेख्य रूपमा बढेको छ। उदाहरणका लागि मार्च १६ मा अबुधाबी-काठमाडौं-अबुधाबी उडानमा ६ सय ५४ कार्गो भित्रिएको थियो भने मार्च १७ मा शारजाह-काठमाडौं-शारजाह उडानमा ९ सय ९० कार्गो भित्रिएको देखिन्छ। अप्रिल ४ मा एउटै दिन दुई फरक उडानमार्फत एक हजार ५ सय २० कार्गो इन र एक हजार ६ सय ५१ कार्गो बाहिरिएको छ। यस अवधिमा फ्लाई दुबईले ६८ उडान सञ्चालन गर्दा ३५ उडान रद्द गरेको छ। कुल १९ हजार ९ सय ८९ यात्रुले सेवा पाएका छन्। जसमा १० हजार २१ आगमन र नौ हजार नौ सय ६८ प्रस्थान छन्। कार्गोतर्फ नौ हजार दुई सय ५९ इन र १२ हजार एक सय २२ बाहिरिएको छ। मार्च ७ र ९ मा सबै उडान रद्द भएका थिए भने मार्च १६ मा ड्युटी आवरसम्बन्धी कारणले एक उडान प्रभावित भएको उल्लेख छ। हिमालय एयरलाइन्सले ४३ उडान सञ्चालन गर्दा ३२ उडान रद्द गरेको छ। यस अवधिमा सात हजार चार सय ६७ यात्रु आवागमन भएको छ। यसमा तीन हजार सात सय ८४ आगमन र तीन हजार ६ सय ८३ प्रस्थान छन्। कार्गोतर्फ आठ सय पाँच इन र एक हजार ६ सय ७९ बाहिरिएको छ। मार्च ४ देखि ७ सम्म सबै उडान रद्द भएका थिए भने मार्च ८ पछि आंशिक रूपमा उडान सुरु भए पनि दोहा र दमाम सेक्टरमा निरन्तर रद्द देखिएको छ।

कतार एयरवेजले ६८ उडान सञ्चालन गर्दा ४८ उडान रद्द गरेको छ। यस अवधिमा २१ हजार पाँच सय ३४ यात्रु आवागमन भएको छ। जसमा ११ हजार चार सय ३९ आगमन र १० हजार ९५ प्रस्थान छन्। कार्गोतर्फ २ ९ हजार तीन सय ९८ इन र दुई लाख चार हजार ६१ बाहिरिएको छ। मार्च ४ देखि १५ सम्म प्रायः सबै उडान रद्द भएका थिए। मार्च १६ पछि उडान सुरु भएसँगै यात्रु र कार्गो दुवैमा तीव्र वृद्धि देखिएको छ। विशेषगरी मार्च १७ मा नौ हजार आठ सय ८१ कार्गो आउट, मार्च २३ मा १२ हजार चार सय ९३ कार्गो आउट र अप्रिल १ मा ११ हजार ८४ कार्गो बाहिरिएको देखिन्छ।

नेपाल एयरलाइन्सले ४६ उडान सञ्चालन गरेको छ र कुनै पनि उडान रद्द भएको छैन। यस अवधिमा दुई हजार तीन सय ४३ यात्रु आवागमन भएको छ, जसमा एक हजार दुई सय ८६ आगमन र एक हजार ५७ प्रस्थान छन्। कार्गोतर्फ पाँच हजार दुई सय ६३ इन र १५ हजार आठ सय ५२ बाहिरिएको छ। मार्च २५ देखि २८ बिच यात्रु संख्या उल्लेख्य रहेको छ। अप्रिल ३ मा काठमाडौं-दुबई उडानमार्फत सात हजार एक सय ९३ कार्गो बाहिरिएको छ। यस अवधिमा अप्रिल ५ मा जजिरा एयरवेजले चार्टर उडान सञ्चालन गर्दै दुई सय ४४ यात्रु र आठ सय ७० कार्गो इन ढुवानी गरेको छ।

सुर्खेतमा आजदेखि नबिलको निःशुल्क जलन उपचार

काठमाडौं/ नबिल बैंक र प्रदेश अस्पताल सुर्खेतको संयुक्त आयोजना तथा फेक्ट नेपालको प्राविधिक सहयोगमा शुक्रबारदेखि (२७-२९) 'नबिल निःशुल्क जलन उपचार शिविर' सञ्चालन हुँदै छ। जलनका कारण दीर्घकालीन समस्या भोगिरहेका विपन्न तथा आर्थिक रूपमा कमजोर नागरिकलाई शिविरमा परामर्श, उपचार तथा शल्यक्रियालगायतका सेवा प्रदान गरिने बैंकले जनाएको छ।

शिविरबाट करिब ५० जना जलनपीडित लाभान्वित हुने बैंकको अपेक्षा छ। जटिल समस्या भएर शिविरमा आएका बिरामीलाई काठमाडौंको कीर्तिपुर अस्पतालमा रिफर गरी निःशुल्क उपचारको व्यवस्था मिलाइने बैंकले जनाएको छ। संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सञ्चालन गरिएको निःशुल्क जलन शिविर लुम्बिनी तथा मधेशको जनकपुर र वीरगन्जमा पनि सञ्चालन गर्ने बैंकले जनाएको छ।

शिविरमा आगोले पोलेर शरीरको एक भाग अर्को भागसँग जोडिएको, हातका औँलाहरू टाँसिएको अवस्था भएकाहरूले निःशुल्क उपचार पाउनेछन्। साथै, जन्मिँदै ओठ-तालु (मुखभित्र जिब्रोभन्दा माथि) चिरिएका, जन्मँदै औँला जोडिएका, बढी भएका तथा चोटपटक लागेर समस्या भएका मानिसले पनि सरसल्लाह लिन सक्ने बैंकले जनाएको छ।



यसअघि १२ देखि १४ फागुनसम्म धनगढीमा शिविर सञ्चालन गरिएको थियो। जसमा ६५ जना जलनका बिरामीले निःशुल्क उपचार पाएका थिए। उनीहरूमध्ये २० जना बिरामीको सेती प्रादेशिक अस्पतालमै वरिष्ठ चिकित्सकद्वारा शल्यक्रिया गरिएको थियो। जटिल किसिमका १८ जना बिरामीलाई काठमाडौं साँखुस्थित सुष्मा कोइराला मेमोरियल अस्पतालमा रिफर गरिएको बताइएको छ।

जलनका कारण पीडा भोगिरहेका व्यक्तिलाई उपचार गरी उनीहरूको जीवनमा सुधार ल्याउने प्रयासस्वरूप शिविर आयोजना गरिएको बैंकको भनाइ छ।

एनएमबि लघुवित्तको साधारणसभा

काठमाडौं/ एनएमबि लघुवित्तको साधारणसभा सम्पन्न भएको छ। कम्पनीको १३औँ वार्षिक साधारणसभा बुधबार पोखरामा सम्पन्न भएको छ। सभामा सञ्चालक समितिका तर्फबाट अध्यक्ष कृष्णदत्त भट्टराईले गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन पेस गरेका थिए। सो प्रतिवदेनउपर छलफल गरी पारित गरिएको छ।



संस्थाका कामु प्रमुख कार्यकारी अधिकृत सजल खड्काले लघुवित्तका लागि विगतका वर्ष चुनौतीपूर्ण रहेको बताए। साथै, केहीयता अवस्था सहज बन्दै गएकाले आगामी दिनमा यस क्षेत्रको व्यवसाय सकारात्मक दिशातर्फ अगाडि बढ्ने विश्वास व्यक्त गरे।

एनएमबि बैंकबाट प्रतिनिधित्व गर्नुहुने राजीव रञ्जित, सेयरधनी केशवशरण पौडेलले संस्थाको साधारणसभा समयमा गर्न र लगानीकर्तालाई प्रतिफल मिल्ने गरी कार्य गर्न सुझाव दिए।

एनसेलको इन्टरनेट र डेटा प्याकको शुल्क घट्यो

काठमाडौं/ एनसेलले कल र इन्टरनेट सेवाको शुल्क ६५ प्रतिशतले घटाएको छ। कम्पनीले प्रिपेड ग्राहकका लागि आकर्षक अनलिमिटेड कम्बो प्याक सञ्चालनमा ल्याएको छ। नयाँ वर्ष ०८३ को अवसर पारेर सञ्चालनमा ल्याइएको यस प्याकमा



अनलिमिटेड डेटा, अनलिमिटेड कल र एसएमएस सेवालगायत आकर्षक सुविधा छन्।

कम्पनीले यसअघि प्रदान गर्दै आएको १,९९९ को कम्बो अनलिमिटेड कल र इन्टरनेट सेवाको तुलनामा यो प्याकमा पाइने उही सेवाको मूल्य ६५ प्रतिशतले घटेको छ। अब यो प्याकको मूल्य करसहित ६ सय ९९ पर्नेछ भने समयावधि २८ दिन रहनेछ।

कम्पनीका अनुसार कुनै पनि नेटवर्कमा अनलिमिटेड कल गर्न सकिने, अनलिमिटेड डेटा, दैनिक एक सय एसएमएस र लायन्स गेट प्लेमा निःशुल्क पहुँच यो प्याकका मुख्य विषेशता हुन्।

'कनेक्टिभिटीको महत्त्व र दूरसञ्चार सेवाप्रतिको बढ्दो मागलाई ध्यानमा राख्दै, नयाँ वर्ष ०८३ का अवसरमा अनलिमिटेड डेटा र कलसहितको यो प्याक सञ्चालनमा ल्याएका छौँ,' कम्पनीले भनेको छ, 'यो विशेष प्याकले सेवाको लागत थप घटाउँदै 'बेस्ट भ्यालु' प्रदान गर्छ र ग्राहकको जीवनलाई ननस्टप र डिजिटल बनाउँदै सधैँ अन रहन सहयोग पुऱ्याउने विश्वास लिएका छौँ।"

यो प्याकले मनोरञ्जनका लागि ग्राहकलाई लायन्स गेट प्लेका विभिन्न प्रकारका सामग्रीमा पहुँच सुनिश्चित गर्छ। यसमा हलिउडका हिट फिल्महरूदेखि लिएर, टिभी सो, लायन्स गेट ब्यानरमा बनेका ओरिजिनल कन्टेन्ट, वृत्तचित्रलगायतका सामग्री छन्।

सिद्धार्थ क्यापिटलले पायो आइएसओ ९००१:२०१५ प्रमाणपत्र

काठमाडौं/ मर्चेन्ट बैंकिङसम्बन्धी सेवा प्रदान गर्दै आइरहेको सिद्धार्थ क्यापिटल लिमिटेडले आइएसओ ९००१:२०१५ गुणस्तरीय व्यवस्थापन प्रणाली प्रमाणपत्र प्राप्त गरेको छ। कम्पनीले अन्तर्राष्ट्रिय मापदण्ड संगठनले प्रदान गर्ने यो प्रमाणपत्र भारतको मुम्बईस्थित इन्टरनेसनल सर्टिफिकेसन सर्भिसेस प्रालिबाट प्राप्त गरेको हो। यसले सिद्धार्थ क्यापिटलको गुणस्तरीय, भरपर्दो र ग्राहककेन्द्रित वित्तीय सेवाप्रतिको प्रतिबद्धता पुष्टि हुने बताइएको छ।



आइएसओ ९००१:२०१५ प्रमाणपत्र गुणस्तर र निरन्तर सुधारमा आफ्नो प्रतिबद्धता दर्साउने संस्थालाई प्रदान गरिने बताइएको छ। यसले सञ्चालन दक्षता सुधार गर्दै साझेदार र लगानीकर्तामा विश्वास निर्माण गर्छ। साथै, संस्थाले प्रवाह गर्ने सेवालाई थप प्रभावकारी र परिणाममुखी बनाउने कम्पनीको भनाइ छ। 'प्रमाणपत्र प्राप्त गर्नु सिद्धार्थ क्यापिटलका लागि महत्त्वपूर्ण उपलब्धि हो,' कम्पनीका सिइओ सन्दीप कार्कीले भने।'

बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड
BUDDHABHUMI NEPAL HYDROPOWER COMPANY LIMITED

रजिष्ट्रर्ड कार्यालयः पानीपोखरी, महाराजगञ्ज-३, काठमाण्डौ, फोन नं. ०१-४५३०१५०
इमेलः lowertadi@gmail.com वेभसाईटः www.buddhabhuminepalhydro.com.np
को

मिति २०८२/१०/२९ गतेसम्म कायम साविक शेयरधनीहरुका लागि १ कित्ता शेयर बराबर नयाँ १ (१ : १) कित्ता शेयरको अनुपातमा मिति २०८२ चैत्र २२ गतेदेखि निष्काशन भई रहेको

हकप्रद शेयरको आवेदन दिने अन्तिम म्याद

मिति २०८३ बैशाख १३ गते (बैंकिङ्ग समय) सम्ममात्र

अन्य विस्तृत जानकारीको लागि **मिति २०८२/१२/०६ गतेको "नयाँपत्रिका"** दैनिकमा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं। साथै उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.nicasiacapital.com वा निष्काशन कम्पनीको वेभसाइट www.buddhabhuminepalhydro.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः
एन आई सी एशिया क्यापिटल लिमिटेड
ट्रेड टावर नेपाल, थापाथली-११, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

एनआइबिएल इक्विटीले गोर्खाज हिमालयनमा १५ करोड लगानी गर्ने



काठमाडौं/ एनआइबिएल इक्विटी पार्टनर्स र गोर्खाज हिमालयन हाइड्रो लिमिटेडबिच सम्झौता भएको छ। एनआइएमबि एस क्यापिटल लिमिटेडद्वारा व्यवस्थित एनआइबिएल इक्विटीले गोर्खाजमा १५ करोड लगानी गर्नेसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो।

'यो लगानी हाम्रो पोर्टफोलियोमा एउटा महत्त्वपूर्ण उपलब्धि हो,' एनआइबिएल इक्विटी पार्टनर्सका प्रमुख कार्यकारी अधिकृत शिवान्तबहादुर पाँडेले भने, 'यसले साना आकारका जलविद्युत् र स्वच्छ ऊर्जाका क्षेत्रमा लगानी गर्ने हाम्रो रणनीतिक लक्ष्यलाई प्रस्ट पारेको छ। यस्ता आयोजनाले स्थानीय ऊर्जा सुरक्षा र आर्थिक विकासमा ठुलो टेवा पुऱ्याउने हाम्रो दृढ विश्वास छ।'

यस्तै, गोर्खाज हिमालयनका प्रबन्ध निर्देशक सन्तोष भट्टराईले एनआइबिएल इक्विटीसँग सहकार्य गर्न पाउँदा खुसी लागेको बताए। 'यो साझेदारीले आयोजनाको निर्माण कार्यलाई अझै गति दिनेछ र यसलाई समयमै सम्पन्न गर्न मद्दत पुऱ्याउनेछ,' उनले भने।

गुर्खाज हिमालयन सोलुखुम्बुको सोलुदुधकुण्ड नगरपालिकामा निर्माणाधीन ५.८७५ मेगावाट क्षमताको माथिल्लो जुनबेंसी खोला जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी हो।

कामना सेवाले गऱ्यो मर्चेन्ट बैंकिङका लागि सहायक कम्पनी स्थापना



काठमाडौं/ कामना सेवा विकास बैंक लिमिटेडले मर्चेन्ट बैंकिङसम्बन्धी कार्य गर्न सहायक कम्पनी स्थापना गरेको छ। बैंकले आकाश क्यापिटलको संस्थापक सेयर खरिद गरी उक्त कम्पनीलाई आफ्नो सहायक कम्पनीका रूपमा सञ्चालन गर्ने भएको छ। कम्पनी सञ्चालन गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरिसकेको बैंकले जनाएको छ। यसअघि बैंक र आकाश क्यापिटलबिच संस्थापक सेयर खरिद-बिक्री गर्ने सम्झौतामा हस्ताक्षर भइसकेको छ।

यससँगै नेपाल धितोपत्र बोर्डबाट आवश्यक अनुमति तथा दर्ता प्रक्रिया पूरा गरी मर्चेन्ट बैंकिङ सेवा सञ्चालनमा ल्याइने बैंकले जनाएको छ। यसलाई बैंकले कामना सेवा क्यापिटलका रूपमा सञ्चालन गर्ने बताएको छ। यसबाट बैंकको सेवा दायरा विस्तार हुनुका साथै नेपालको पुँजी बजारको विकासमा सकारात्मक योगदान पुग्ने बैंकले विश्वास लिएको छ।

केन्टका एयरकुलर र फ्यान बजारमा



काठमाडौं/ सिजी इलेक्ट्रोनिक्सअन्तर्गतको केन्ट ब्रान्डले एयरकुलर र फ्यान बजारमा ल्याएको छ। कम्पनीले आधुनिक प्रविधि, उच्च कार्यक्षमतासहितका यी उत्पादनले उपभोक्तालाई सहज, सुरक्षित र ऊर्जा-कुशल सामाधान प्रदान गर्ने लक्ष्य राखेको छ।

कम्पनीका अनुसार, नयाँ एयरकुलर पर्सनल, डेजर्ट, टावर तथा कमर्सियल गरी विभिन्न श्रेणीमा उपलब्ध छन्। यी कुलरमा उच्च एयर डेलिभरी, ठुलो पानीट्यांकी, कम विद्युत् खपतजस्ता प्रविधि जडान गरिएको छ।

त्यसैगरी, केन्टले आधुनिक डिजाइनमा फ्यानका मोडेल पनि ल्याएको छ। जसमा सिलिङ, वाल, टेबल तथा स्ट्यान्ड फ्यानका विभिन्न विकल्प छन्। यी फ्यानमा उच्च स्पिड, कम आवाज, ऊर्जा बचत गर्ने बिएलडिसी प्रविधि तथा आकर्षक र टिकाउ डिजाइन समावेश गरिएको छ यसले उपभोक्तालाई दीर्घकालीन सन्तुष्टि दिने कम्पनीले जनाएको छ।

'नेपाली उपभोक्तालाई गुणस्तरीय र भरपर्दो र आधुनिक उत्पादन उपलब्ध गराउन प्रतिबद्ध छौँ,' कम्पनीले भनेको छ। केन्टका उत्पादन देशभरका आधिकारिक विक्रेता तथा डिलरमार्फत उपलब्ध हुने बताइएको छ। साथै, बिक्रीपछिको सेवाका लागि टोल-फ्री सेवा, प्राविधिक सहयोग तथा वारेन्टी सुविधासमेत प्रदान गर्ने जनाइएको छ।

नबिल बैंक लिमिटेड बट्टार शाखा, नुवाकोटको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८२/१२/२७)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०५/०५ को आर्थिक अभियान पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल/अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको **१५ (पन्ध्र)** दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा बट्टार शाखा, नुवाकोट**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरे मा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम अनुसुचि १ सुर्यगढी गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय चोकदे नुवाकोट, ३ नं. प्रदेश नेपालमा मिति २०७७/११/०३ मा प्रमाणपत्र नं २०९ अन्तर्गत दर्ता भएको **सुन्दर वाखा फर्म।**
ठेगानाः नुवाकोट जिल्ला सुर्यगढी गा.पा. वडा नं ५, धन्सार चौर नुवाकोट।

ऋणी फर्मका प्रोप्राइटरः
भिमसेन गुरुङकी छोरी, कृष्ण बहादुर परियारकी बुहारी भैरब परियारकी श्रीमती, नुवाकोट जिल्ला उर्लेनी गा.वि.स वडा नं ९ स्थायी घर भई हाल नुवाकोट जिल्ला सुर्यगढी गा.पा. वडा नं ५ बस्ने, नागरिकता नं. ५९१८९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: नुवाकोट, मिति : बि.सं. २०५५/११/०५ भएकी **कमला गुरुङ।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१. कृष्ण बहादुर परियारको नाति, भैरब परियारको छोरा, नुवाकोट जिल्ला सुर्यगढी गा.पा. वडा नं ५ बस्ने, नागरिकता नं. २५-०१-७६-०५७५६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.नुवाकोट, मिति : बि.सं. २०७६/०९/०६ भएको **विशाल परियार।**
२. घट्टि परियारको नाति, कृष्ण बहादुर परियारको छोरा, नुवाकोट जिल्ला उर्लेनी गा.वि.स वडा नं ९ स्थायी घर भई हाल नुवाकोट जिल्ला सुर्यगढी गा.पा. वडा नं ५ बस्ने, नागरिकता नं. ७८४२०, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: नुवाकोट, मिति : बि.सं. २०५९/०३/११ भएको **भैरब परियार।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
नुवाकोट जिल्ला उर्लेनी गा.वि.स वडा नं ९ स्थायी घर भई हाल नुवाकोट जिल्ला सुर्यगढी गा.पा. वडा नं ५ बस्ने, **कमला गुरुङ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नुवाकोट जिल्ला गणेशस्थान गा.वि.स वडा नं ३ सिट नं ३ मा अवस्थित कि.नं. १६८६ क्षेत्रफल २-८-१-१ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा बट्टार शाखा, नुवाकोट**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०१/११ गते १:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा बट्टार शाखा, नुवाकोट**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०१/१४ गते ३:०० बजे बैंकको **बट्टार शाखा, नुवाकोट**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **बट्टार शाखा, नुवाकोट**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

धितो रहेको अचल सम्पति लिलाम-बिक्री गर्न सिलबन्दी बोलपत्र आव्हान गरिएको १५ दिने सूचना


(तेस्रोपटक सूचना प्रकाशित मिति : २०८२ चैत्र २७ गते, नयाँ पत्रिका राष्ट्रिय दैनिकमा)

यस संस्थाबाट निम्नानुसार धितो सुरक्षण राखी तपसिल बमोजिम ऋण लिने सदस्यहरूले म्यादभित्र ऋण चुक्ता नगरी लिखित, मौखिक तर ताकेता गर्दा समेत ऋण चुक्ता गर्न नआएकाले सहकारी ऐन-२०७४ को दफा ७९, सहकारी नियमावली-२०७५ को दफा ३० र संस्थाको नियमानुसार गत २०८२ बैशाख ०२ मा प्रथम पटक कर्जा चुक्ता गर्न ३५ दिने सूचना प्रकाशित गरिसकेपछि पनि ऋण चुक्ता गर्न नआएका साथै कैयौंपटक तरताकेता गर्दा समेत ऋण चुक्ता गर्न नआएका कारण पुनः दोस्रोपटक मिति २०८२ जेठ २६ गते धितो लिलामीको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा उक्त सूचना अनुसारको लिलामीमा कसैको बोलपत्र पर्न नआएको कारण पुनः तेस्रोपटक यो १५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र संस्थामा आई अघिल्लो दिनसम्मको सम्पूर्ण साँवा, ब्याज, विलम्ब शुल्क तथा अन्य दस्तुर समेत चुक्ता गरी सुरक्षण बापत रहेको धितो अचल सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित धितो दिनुहुने ऋणी सदस्यलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कर्जाको सम्पूर्ण साँवा, ब्याज, विलम्ब शुल्क समेत नबुझाई बसेमा कानुन बमोजिम धितो सुरक्षणमा रोक्का रहेको जग्गा लिलाम भै जानेछ। पछि तपाईंको उजुरवाजुर लाग्ने छैन।

यो सूचना बमोजिम १५ (पन्ध्र) दिनभित्रमा पनि ऋण चुक्ता नभएमा संस्थामा धितो रहेको अचल सम्पत्ति लिलाम सकार गरिलिन इच्छुक महानुभावहरूमा यो सूचना पत्रिकामा प्रकाशित मितिले १६ (सोन्हौं) दिनदेखि २२ औं (बाइसौं) दिनभित्र (अन्तिम दिन बिदा परेमा लगत्तै भोलिपल्ट) यस संस्थामा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरूको अधीनमा रही सिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त बोलपत्रहरू सूचना प्रकाशित भएको मितिले २३ औं दिन (२०८३ बैशाख १९) वा सो दिन बिदा परेमा लगत्तै त्यसको भोलिपल्ट संस्थाको कार्यालय खुलेको दिनमा दिनको १३:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधिहरूलाई उपस्थित हुन समेत सूचित गरिन्छ, तर बोलपत्रवालाको अनुपस्थितिको कारण बोलपत्र खोल्न बाधा पुग्ने छैन।

बोलपत्र फारम संस्थाको कार्यालय, सुन्धाराबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ।
धितो रहेको सम्पत्ति हेर्न चाहेमा संस्थाको कार्यालय, सुन्धारामा संपर्क गरी हेर्न सकिनेछ।

तपसिल

ऋण शीर्षक र नं.	ऋणीको नाम	लिलाम-विक्री हुने धितो विवरण
व्यापार कर्जा नं. बि.एल्. ०००५९	**नाम : श्री अमन श्रेष्ठ** (नागरिकता नं. १०४९, काठमाडौं-२०५७ श्रावण १३) बाजे : सिंह बहादुर श्रेष्ठ बाबु : गुरु श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, कामनपा-११, भोटेबहाल 	अमन श्रेष्ठको नामको, धादिङ जिल्ला, नौबिसे गाविस-५ (सिट नं. ५ क) क) कि.नं. १५९९, क्षेत्रफल १-१३-१-२ (९३३.९४ वमी) र ख) कि.नं. १६१५, क्षेत्रफल ०-२-३-२ (९१.४१ वमी) को जग्गाहरू
व्यापार कर्जा नं. बि.एल्. ०००६०	**नाम : श्रीमती मुना श्रेष्ठ** (नागरिकता नं. ८५३४, काठमाडौं-२०६० पौष १३) बाबु : बुद्धि नारायण महर्जन ससुरा : गुरु श्रेष्ठ पति : अमन श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, कामनपा-११, भोटेबहाल 	मुना श्रेष्ठको नामको, धादिङ जिल्ला, नौबिसे गाविस-५ (सिट नं. ५ क) क) कि.नं. १६१८, क्षेत्रफल ०-४-०-१ (१२९.१५ वमी), ख) ऐ ऐ, कि.नं. १६१९, क्षेत्रफल ०-३-२-३ (११७.२४ वमी), ग) ऐ ऐ, कि.नं. १६२३, क्षेत्रफल ०-९-२-३ (३०७.९८ वमी) र घ) ऐ ऐ, कि.नं. १६२७, क्षेत्रफल ०-०-०-२ (३.९८ वमी) को जग्गाहरू
व्यापार कर्जा नं. बि.एल्. ०००६१	**नाम : श्री राम श्रेष्ठ** (नागरिकता नं. १५ ६८३, काठमाडौं-२०५९ जेठ २२) बाजे : सिंह बहादुर श्रेष्ठ बाबु : गुरु श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, कामनपा-११, भोटेबहाल 	राम श्रेष्ठको नामको, धादिङ जिल्ला, नौबिसे गाविस-५ (सिट नं. ५ क) क) कि.नं. १६३९, क्षेत्रफल ०-०-३-० (२३.८५ वमी) र ख) ऐ ऐ, कि.नं. १६३३, क्षेत्रफल ०-४-२-३ (१४९.०३ वमी) को जग्गाहरू
व्यापार कर्जा नं. बि.एल्. ०००६२	**नाम : श्रीमती अर्पणा श्रेष्ठ** (नागरिकता नं. २७-१०६०/७०, काठमाडौं-२०६७ पौष २३) बाबु : बुद्धि नारायण महर्जन ससुरा : गुरु श्रेष्ठ पति : राम श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, कामनपा-११, भोटेबहाल 	अर्पणा श्रेष्ठको नामको, धादिङ जिल्ला, नौबिसे गाविस-५ (सिट नं. ५ क) क) कि.नं. १६१२, क्षेत्रफल १-२-१-३ (५८६.२४ वमी) र ख) कि.नं. १६२८, क्षेत्रफल ०-१-३-२ (५९.६२ वमी) को जग्गाहरू
व्यापार कर्जा नं. बि.एल्. ०००६३	**नाम : श्री निश्चल श्रेष्ठ** (नागरिकता नं. २७-०१-७५-१०७४६, काठमाडौं-२०७५ मंसिर ११) बाबु : अमन श्रेष्ठ बाजे : गुरु श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, कामनपा-११, भोटेबहाल 	ऋणीका पिता श्री अमन श्रेष्ठको नाम, हकभोगको धादिङ जिल्ला, नौबिसे गाविस-५ (सिट नं. ५ क), क) कि.नं. १५९९, क्षेत्रफल १-१३-१-२ (९३३.९४ वमी), ख) ऋणीका आमा श्रीमती मुना श्रेष्ठको नाम, हकभोगको धादिङ जिल्ला, ऐ, कि.नं. १६१८, क्षेत्रफल ०-४-०-१ (१२९.१५ वमी) र ग) ऐ ऐ, कि.नं. १६१९, क्षेत्रफल ०-३-२-३ (११७.२४ वमी) को जग्गाहरू

बोलपत्रका शर्तहरू :

१. बोलपत्रदाताले कबोल रकमको १०% ले हुने रकम संस्थाको धरौटी खातामा जम्मा गरेको सक्कलै अधकट्टी भौचर वा बैंक ग्यारण्टीको सकल कागजात बोलपत्र फारामसाथ संलग्न गरेको हुनुपर्नेछ।
२. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनुपर्नेछ। सो म्यादभित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भै धरौटी रकम स्वतः जफत हुनेछ।
३. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरू बोलपत्रदाता स्वयंले नै बेहोर्नुपर्नेछ।
४. बोलपत्र दाखिला भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरूमा कुनै हेरफेर हुने छैन साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन। बोलपत्र स्वीकृत गर्ने/नगर्ने अधिकार संस्थामा निहित रहनेछ।
५. अन्य शर्त बोलपत्रमा उल्लेख भए बमोजिम हुनेछ।

धवलागिरि बचत तथा ऋण सहकारी संस्था लि.
सुन्धारा, काठमाडौं।
फोन नं. : ५-३६८ ५४३, ५-३६७ ५३३, ५-९०३ ४१६

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७७

विनोदको शतकमा आर्मी सात विकेटले विजयी

प्रधानमन्त्री कपमा अपराजित आर्मीका कप्तान विनोद भण्डारीले सुदूरपश्चिमविरुद्ध ७५ बलमा सय रन जोडे

नयाँ पत्रिका

कप्तान विनोद भण्डारीको शतकीय इनिङ्सको सहयोगमा त्रिभुवन आर्मी क्लबले प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेशलाई सात विकेटले पराजित गरेको छ। जनकपुर मैदानमा पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले ३८.१ ओभरमा सबै विकेट गुमाएर १५० रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा विनोदको उत्कृष्ट ब्याटिङ प्रदर्शनमा आर्मीले २०.२ ओभरमा १५५ रन बनायो। आर्मीले प्रतिओभर ७.६२ रनरेटमा ब्याटिङ गरेको थियो। चालू प्रतियोगितामा शतकीय इनिङ्स खेल्ने विनोद सातौँ खेलाडी बने।

यसअघि आर्मीकै बसिर अहमद, लुम्बिनीका रञ्जित खड्का, पुलिसका शंकर राना, आर्मीका अर्जुन साउद, एपिएफका आसिफ शेख र गण्डकीका अर्जुन कुमालले शतकीय इनिङ्स खेलेका थिए। जितसँगै आर्मी शीर्ष स्थानमा उक्लिएको छ। आर्मीले सात खेलमा ६ जितका साथ १३ अंक जोडेको छ। पराजित सुदूरपश्चिम भने १० अंकका साथ दोस्रो स्थानमै छ। आर्मीले शीर्ष स्थानमा सुदूरपश्चिमविरुद्ध तीन अंकको अग्रता लिएको छ। चालू प्रधानमन्त्री कपमा आर्मी मात्र अपराजित रहेको छ। कर्णालीमाथि ४८ रनको जित निकालेको नेपाल पुलिस तेस्रो स्थानमा छ।

पुलिसले चार जित र दुई हार सामना गरी ९ अंक जोडेको छ। मधेश प्रदेशले ९ अंक बनाएको छ। मधेश चौथो स्थानमा छ। चौथो स्थानमा रहेको लुम्बिनी प्रदेशले ७ अंक बटुलेको छ। लुम्बिनी पाँचौँ स्थानमा छ। नेपाल एपिएफ क्लबले सात खेलबाट समान तीन जित र हार सामना गरी ७ अंक बनाएको छ। रनरेटमा एपिएफ कमजोर रहँदा छैटौँ स्थानमा रहेको हो। अर्को सिजन आयोजना हुने जय ट्रफी प्रतियोगितामा प्रधानमन्त्री कपका शीर्ष चार टोलीले प्रतिस्पर्धा गर्नेछन्। चालू प्रधानमन्त्री कपमा दोस्रोदेखि छैटौँ स्थानसम्म कडा प्रतिस्पर्धा भइरहेको छ।



विनोदको आक्रामक ब्याटिङ

१५१ रनको लक्ष्य पछ्याएको इनिङ्समा आर्मीका विनोद आक्रामक रूपमा प्रस्तुत भएका थिए। इनिङ्सको १.६ ओभरमा आर्मीले ओपनर तृतराज दासलाई गुमाएको थियो। त्यसवेला आर्मीले स्कोर बोर्डमा ९ रन मात्र जोडेको थियो। त्यसपछि विनोदले भीम सार्कीसँग दोस्रो विकेटका लागि ८७ रनको साझेदारी गरी टोलीलाई १३.६ ओभरमा ९६-२ को बलियो स्थितिमा राखे। उनीहरूले दोस्रो विकेटका लागि ७२ बल खेलेका थिए। जसमध्ये विनोदले ४७ बलमा ६५ रनको योगदान दिएका थिए। भीमले २५ बलमा दुई चौकाको सहयोगमा १६ रन बनाए। विनोदले कुशल मल्लसँग तेस्रो विकेटका लागि ३७ बलमा ४७ रनको साझेदारी गरी टोलीलाई १९.६ ओभरमा १४३/३ को बलियो स्थितिमा राखे। शेर मल्लको ओभरमा विनोदले आफ्नो विकेट गुमाएका थिए। उनले ७५ बल खेल्दा १२ चौका र पाँच छक्का प्रहार गरेका थिए। कुशलले १८ बलमा समान दुई चौका र छक्का प्रहार गरी २६ रनको योगदान दिए। बलिङमा शेर मल्लले सात ओभरमा ५२ रन खर्चेर दुई विकेट लिए। मिलन बोहराले २३ रनमा एक विकेट हात पारे। विनोदले ४३ बलमा अर्धशतक तथा ७४ बलमा सय रन बनाएका थिए।

बसिरको पाँच विकेटमा सुदूरपश्चिम कमजोर

पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले कमजोर प्रदर्शन गरेको थियो। सुदूरपश्चिमलाई कमजोर बनाउनुका पछाडि बसिर अहमदले घातक बलिङ गरेका थिए। उनले ९.१ ओभरमा ३५ रन खर्चेर पाँच विकेट लिएका थिए। उनले आफ्नो स्पेलमा एक मेडन राखेका थिए। बसिरले १५.२ ओभरमा अभिषेक पाल, २१.१ ओभरमा मिलन बोहरा, २५.६ ओभरमा अशोक धामी, २९.३ ओभरमा हेमन्त धामी र ३८.१ ओभरमा नरेश जोशीको विकेट लिँदा सुदूरपश्चिम १५० रनमा अलआउट भयो।

सुदूरपश्चिमको ब्याटिङमा नरायण जोशीले सर्वाधिक ६३ रनको योगदान दिएका थिए। उनले ६० बलमा पाँच छक्का र तीन चौका प्रहार गरेका थिए। ओपनर अभिषेकले ४१ बलमा चार चौका प्रहार गरी २४ रन जोडे। खडक बोहराले १४ बलमा १३ रन बनाए। सुदूरपश्चिमको मध्यक्रम चल्न सकेन। सो इनिङ्समा सात ब्याट्समान्यानले दोहोरो अंकमा रन नै बनाएनन्।

नेपाल पुलिस तेस्रो स्थानमा उक्लियो

प्रतियोगिताअन्तर्गत ३५औँ खेलमा नेपाल पुलिसले कर्णालीमाथि ४८ रनको जित निकाल्यो। वीरगन्ज रंगशालामा पहिले ब्याटिङ गरेको नेपाल पुलिसले ५० ओभरमा आठ विकेट गुमाएर २६१ रन बनाएको थियो। प्रत्युत्तरमा कर्णाली ४५.२ ओभरमा २१३ रनमा अलआउट भयो। पुलिसका लागि स्पिनर ललितनारायण राजवंशीले ३६ रन खर्चेर पाँच विकेट लिएका थिए। जितसँगै पुलिसले तेस्रो स्थान रक्षा गरेको हो। पुलिसका लागि ओपनर दिनेश खरेलले सर्वाधिक ८२ रनको योगदान दिएका थिए। उनले सय बलमा नौ चौका र एक छक्का प्रहार गरेका थिए। मध्यक्रमका अमित श्रेष्ठले ३२ बलमा ३० तथा रसिद खानले ५५ बलमा २४ रनको योगदान दिए।

यसैगरी कप्तान आरिफ शेखले ३२ बलमा दुई छक्काको सहयोगमा २७ तथा दिल्साद अलीले ३७ बलमा २३ रन जोडे। बलिङमा कर्णालीका बलरले खराब प्रदर्शन गरेका थिए। उसका बलरले ३५ अतिरिक्त रन दिएका थिए।

जसमध्ये २९ वाइड तथा चार लेगबाई फुयाँकेका थिए। प्रकाश जैसीले ५७ रनमा तीन विकेट लिएका थिए। लक्ष्य पछ्याएको इनिङ्समा कर्णालीका अर्जुन घर्तीले ४६ रन जोडेका थिए। उनले समान दुई चौका र छक्का प्रहार गरेका थिए। यसैगरी सुनील धमलाले ४७ बलमा तीन छक्का र एक चौका प्रहार गरी ३४ रन जोडेका थिए।

■ इन्डियन प्रिमियर लिग

कोलकातामाथि लखनउको रोमाञ्चक जित

एजेन्सी

लखनउ सुपर जायन्टले १९औँ इन्डियन प्रिमियर लिगमा बिहीबार कोलकाता नाइट राइडर्समाथि तीन विकेटको रोमाञ्चक जित निकालेको छ। घरेलु मैदानमा कोलकाताले पहिलो ब्याटिङ गरी २० ओभरमा चार विकेट गुमाएर १८१ रन बनाएको थियो। प्रत्युत्तरमा लखउनले २० ओभरमा सात विकेटको क्षतिमा १८२ रन बनायो।

लक्ष्य पछ्याएको इनिङ्सको अन्तिम बलमा लखनउलाई १४ रन आवश्यक थियो। क्रिजमा मुकुल चौधरी थिए। उनले वैभव अरोराको ओभरमा दुई छक्का प्रहार गर्दै कोलकातालाई निराश बनाए। मुलुक र अभेस खानबिच आठौँ विकेटका २४ बलमा ५४ रनको निर्णायक साझेदारी भएको थियो। मुकुलले २७ बलमा सात छक्का र दुई चौका प्रहार गरी ५४ रनको योगदान दिए।

लखनउको ब्याटिङमा आयुश बडोनीले ३४ बलमा ५४ रन बनाएका थिए। उनले सात चौका र दुई छक्का प्रहार गरे। मुकुल क्रिजमा आउँदा लखनउ कमजोर स्थितिमा थियो। उनले बडोनीसँग छैटौँ विकेटका लागि ११ बलमा २१ रन जोडेका थिए। जितसँगै लखनउ ४ अंकका साथ पाँचौँ स्थानमा उक्लिएको छ। पराजित कोलकाताले चार खेलमा तीन हारको सामना गरेको छ। कोलकाता नवौँ स्थानमा छ।

कोलकाताको बलियो योगफल

यसअघि ब्याटिङ गरेको कोलकताको इनिङ्समा अर्धशतक कसैले पनि प्रहार गरेनन्। तर, उसका ब्याट्समान्यानले आक्रामक ब्याटिङ गरेका थिए। कप्तान अजिंका रहाने र फिन एलानले पहिलो विकेटका लागि १.४ ओभरमा १५ रनको साझेदारी गरेका थिए। प्रिन्स यादवले एलानलाई क्याच आउट गराएका थिए। अजिंका र अंगिक्रिस रघुवंशीले दोस्रो विकेटका लागि ८४ रनको साझेदारी गर्दै टोलीलाई १०.२ ओभरमा ९९/२ को स्थितिमा राखे।

ओपनर तथा कप्तान अजिंका दोस्रो विकेटका रूपमा आउट भए। उनले २४ बलमा चार चौका र दुई छक्का प्रहार गरी ४१ रनको योगदान दिए। उनी राठीको ओभरमा मोहमद सामीबाट क्याच आउट भए। विकेटकिपर ब्याट्समान्यान रघुवंशीले क्यामरुन ग्रिनसँग तेस्रो विकेटका लागि ६ रन मात्र बनाए। रघुवंशीले ३३ बलमा पाँच चौका र दुई छक्का प्रहार गरी ४५ रन जोडे। चालू आइपिएलकै सर्वाधिक महँगा खेलाडी ग्रिन अन्तिमसम्म आउट भएनन्। उनले २४ बलमा एक छक्का र तीन चौका प्रहार गरी ३२ रनको योगदान दिए। ग्रिनले रोभमान पावेलसँग पाँचौँ विकेटका लागि ७० रनको साझेदारी गरी टोलीलाई १८१/४ को बलियो स्थितिमा राखे। पावेलले २४ बलको सामना गरी चार चौका र दुई छक्काको सहयोगमा ३९ रनको योगदान दिए। लखनउले सात अतिरिक्त रन दिएको थियो। जसमा सात वाइड र एक लेगबाई समावेश रह्यो। बलिङ क्रममा लनखउका लागि प्रिन्स यादवले ४७ रन खर्चेर एक विकेट हात पारे।



मुकुल चौधरी

नेपाल 'ए' क्रिकेट टोलीले सिरिज खेल्ने

नयाँ पत्रिका

नेपाली राष्ट्रिय 'ए' क्रिकेट टोलीले ओमान, स्कटल्यान्ड र अमेरिकासँग एकदिवसीय खेल खेल्ने भएको छ। नेपालमा हुने आइसिसी विश्वकप लिग २ का आगामी दुई शृंखलाका क्रममा नेपालको 'ए' टोलीले पनि सिरिज खेल्ने भएको हो। नेपाल क्रिकेट संघ (क्यान)ले मूलपानी क्रिकेट मैदानमा हुने खेलको तालिका सार्वजनिक गरेको छ। जसअनुसार नेपाल 'ए'ले तीनै टोलीसँग समान दुई खेल खेल्नेछ। तालिकाअनुसार नेपाल 'ए'ले पहिलो दुई खेल ओमानसँग २२ र २४ अप्रिलमा खेल्नेछ। त्यसपछि ६ र ९ मेमा नेपालले स्कटल्यान्डको सामना गर्नेछ।

७ र ११ मेमा नेपालको भेट अमेरिकासँग हुनेछ। नेपाल 'ए'ले पछिल्लोपटक भारतमा गएर आसामसँग टी-२० शृंखला खेलेको थियो। यस शृंखलामा खेल्ने नेपाल 'ए' टोली घोषणा हुन बाँकी छ। विश्वकप लिग २ मा नेपालको पुरुष राष्ट्रिय क्रिकेट टोलीले ओमान र युएईसँग २५ अप्रिलदेखि ५ मेसम्म खेल्दै छ। त्यसपछि स्कटल्यान्ड र अमेरिकासँग नेपालले १२ देखि २२ मेसम्म आइसिसी विश्वकप लिग २ को सिरिज खेल्नेछ। रोहितकुमार पौडेलको कप्तानीमा रहेको नेपालले आइसिसी विश्वकप लिग २ मा अहिलेसम्म खराब प्रदर्शन गरेको छ। नेपालले लिग दुईमा २० खेल खेल्दा केवल पाँच जित निकालेको छ। १२ अंक जोडेको नेपाल अंकतालिकाको सातौँ स्थानमा छ। नेपालले लिग २ मा १३ खेल गुमाएको छ।

■ उदयपुरमा प्याराग्लाइडिङ एक्युरेसी सुरु



उदयपुर/ उदयपुरको बेलका नगरपालिका- ८ स्थित बोप्ताडडाँडामा पहिलोपटक कोशी प्रदेशस्तरीय प्याराग्लाइडिङ एक्युरेसी प्रतियोगिता सुरु भएको छ। बेलका नगरपालिकाका नगर प्रमुख अशोककुमार कार्कीले प्रतियोगिताको उद्घाटन गरेका छन्। प्रतियोगितामा चार विदेशीसहित ३५ जना पाइलट सहभागी छन्। बिहीबार भएको पहिलो चरणमा २८ जना पाइलटले समान तीन राउन्ड टेकअफ गरेका छन्। बाँकी प्रतिस्पर्धीले शुक्रबार प्रतिस्पर्धा गर्ने ह्याङ्गलाइडिङ संघ जिल्ला समिति उदयपुरका अध्यक्ष ईश्वरमान राईले जानकारी दिए। उदयपुरका सचिव जितु रोइलाका अनुसार एक्युरेसी विधामा निर्धारित 'पिन प्वाइन्ट'नजिक अवतरण गर्ने पाइलटलाई कम अंक दिने प्रणाली लागू गरिएको छ। सबैभन्दा कम अंक प्राप्त गर्ने प्रतियोगीलाई विजेता घोषित गरिनेछ।

'मौसमले साथ दिएमा शुक्रबार प्रतिस्पर्धा सकिनेछ,' उनले भने। प्रतियोगिताका निर्णायकमा भारत (सिक्किम)का राजु राईसहित नेपालका सुरेन गुरुङ, विमल अधिकारी र भूपाल राउत रहेका छन्। 'बोप्ताडडाँडाबाट सुरु भएको प्याराग्लाइडिङ पर्यटनको भविष्य अझ उज्यालो बनाउने अपेक्षा गरिएको छ,' नगरपालिकाका मेयर अशोक कार्कीले भने, 'उदयपुरका विभिन्न स्थानहरू प्याराग्लाइडिङका लागि उपयुक्त रहेकाले सरोकारवालाको ध्यान जानु जरुरी छ।'

खेल संक्षेप

कर्णालीले यू-२० एथलेटिक्स च्याम्पियनसिप खेल्ने



सुखेत/ कर्णालीका खेलाडीले पोखरामा आयोजना हुने चौथो राष्ट्रिय यू-२० एथलेटिक्स च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्ने भएका छन्। प्रतियोगितामा सहभागी हुने खेलाडीलाई बिहीबार कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव रवीन्द्र चन्दले बिदाइ गरेका छन्। सदस्यसचिव चन्दले खेलाडीलाई उच्च मनोबलका साथ प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्न आग्रह गरेका छन्। नेपाल एथलेटिक्स संघको आयोजनामा तथा कास्की जिल्ला एथलेटिक्स संघको समन्वयमा हुने प्रतियोगिता २८ र २९ चैतमा पोखरा रंगशालामा हुनेछ। यसैबिच चन्दले राष्ट्रिय रग्बी सेभेन्स महिला तथा पुरुष च्याम्पियनसिप खेल्न जाने कर्णाली प्रदेशको टोलीलाई पनि बिदाइ गरेका छन्। सो प्रतियोगिता २८ र २९ चैतमा दशरथ रंगशालामा आयोजना हुनेछ। कर्णालीका महिला र पुरुष टोलीले प्रतियोगितामा सहभागिता जनाउनेछन्।

नेपालमा एसिया यू-१२ टेनिस हुने

काठमाडौं/ नेपाल टेनिस संघको आयोजनामा आइटिएफ एसिया १२ वर्षमुनि टिम प्रतियोगिता (दक्षिण एसिया क्षेत्रीय छनोट), २०२६ काठमाडौंमा हुने भएको छ। प्रतियोगिता १३ देखि १७ अप्रिलसम्म सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा आयोजना हुने संघले जनाएको छ। प्रतियोगितामा दक्षिण एसियाका ६ राष्ट्रका खेलाडीले भाग लिनेछन्। नेपालसँगै भारत, भुटान, माल्दिभ्स, पाकिस्तान र श्रीलंका सहभागी हुनेछन्। बंगलादेश सहभागी भएको छैन। टेनिस संघले प्रतिभावान् खेलाडी पहिचान गर्ने उद्देश्यले विशेषगरी जुनियर प्रतियोगितालाई प्राथमिकता दिँदै आएको छ। नेपालमा यो प्रतियोगिता पाँचौँपटक हुन लागेको हो। प्रतियोगितामा ३२ खेलाडी सहभागी हुनेछन्।

हिमालयनले छात्रवृत्ति दिने

काठमाडौं/ हिमालयन ह्वाइटहाउस आइबी वर्ल्ड स्कुलले काठमाडौं क्रिकेट एकेडेमी (केसिए)का ११ जना युवा क्रिकेट खेलाडीलाई छात्रवृत्ति प्रदान गर्ने भएको छ। बुढानीलकण्ठ नगरपालिकामा बिहीबार दुवै संस्थाबिच छात्रवृत्तिसम्बन्धी सम्झौता भएको हो। केसिएका सञ्चालक मदन कार्की र कुन्दन खड्का तथा हिमालयन ह्वाइट हाउसका अध्यक्ष युवराज शर्माले पाँचवर्षे सम्झौतामा हस्ताक्षर गरेका छन्। सहकार्यको उद्देश्य युवा क्रिकेट खेलाडीको खेलकुद र शैक्षिक विकासलाई सँगसँगै अगाडि बढाउनु रहेको शर्माले बताए। केसिएले प्रतिभाशाली युवा क्रिकेटर पहिचान गरी प्रशिक्षण र सिफारिस गर्नेछ। हिमालयन ह्वाइटहाउसले उनीहरूलाई छात्रवृत्ति उपलब्ध गराउनेछ।

विराट गोल्डकपको तयारी पूरा

मोरङ/ ३८औँ विराट गोल्डकप फुटबल प्रतियोगिताको तयारी पूरा भएको छ। आयोजकले दर्शक आकर्षित गर्न यसपटक आयोजक संस्थाले टिकट दर घटाएको छ। लिग चरणका खेल हेर्न प्रवेश शुल्क सय रुपैयाँ, सेमिफाइनलका लागि दुई सय रुपैयाँ र फाइनलका लागि तीन सय रुपैयाँ निर्धारण गरेको छ। सिजनल टिकट एक हजार रुपैयाँ तोकिएको आयोजक समितिका अध्यक्ष किशोरबहादुर शाहीले बताए। २८ चैतदेखि ५ वैशाखसम्म सञ्चालन हुने प्रतियोगितामा आठ टोली सहभागी हुनेछन्। जसमा तीन विभागीय र एक भारतीय टिम सहभागी हुँदै छन्। प्रतियोगिता बेलुका ७ बजेदेखि सहिद मैदानमा सञ्चालन हुनेछ।

बार्सिलोना घरेलु मैदानमा एट्लेटिकोसँग पराजित



युरोपियन च्याम्पियन्स लिगअन्तर्गत क्वार्टरफाइनलको पहिलो लेगमा बार्सिलोना स्पेनिस प्रतिद्वन्द्वी एट्लेटिको म्याड्रिडसँग २-० ले स्तब्ध

एजेन्सी

बार्सिलोना घरेलु मैदान क्याम्प नोउमा बलियो मानिन्छ। बार्सिलोनालाई उसैको मैदानमा हराउन धेरै कठिन छ। तर, युरोपियन च्याम्पियन्स लिग फुटबल प्रतियोगिताअन्तर्गत क्वार्टरफाइनलको पहिलो लेगको खेलमा बार्सिलोनाले आफ्नो घरेलु मैदानको फाइदा लिन सकेन। स्पेनिस प्रतिद्वन्द्वी एट्लेटिको म्याड्रिडसँग बार्सिलोना २-० ले पराजित भयो। एट्लेटिकोलाई अवे खेलमा प्राप्त दुई गोलअन्तरले फाइदा पुगेको छ। अब बार्सिलोनाले सेमिफाइनलमा स्थान सुरक्षित गर्न एट्लेटिको म्याड्रिडलाई कम्तीमा ३-० ले हराउनुपर्ने हुन्छ।

गत साता ला लिगामा शीर्ष स्थानको बार्सिलोनाले एट्लेटिकोलाई हराएको थियो। च्याम्पियन्स लिगमा भने बार्सिलोनाले त्यही प्रदर्शन दोहोऱ्याउन सकेन। बार्सिलोना घरेलु मैदान क्याम्प नोउमा आक्रमण रूपमा प्रस्तुत भएको थियो, तर उत्कृष्ट फिनिसिङ गर्न सकेन। अझ त्यसमाथि पहिलो हाफमा पाउ कुबार्सीले रातो कार्ड पाए। त्यसपछि बार्सिलोनाले बाँकी समयमा १० खेलाडीमा रहेर प्रतिस्पर्धा गऱ्यो। यसको फाइदा एट्लेटिको म्याड्रिडले लियो।

कुबार्सीले एट्लेटिकोका जुलियानो सिमेओनेलाई सिधै पछाडिबाट ट्याकल गरेपछि रातो कार्ड पाएका थिए। खेलको ४५औँ मिनेटमा जुलियन आल्भारेजले फ्रिकिकमा उत्कृष्ट गोल गरी एट्लेटिको म्याड्रिडलाई १-० को अग्रता दिलाए। खेलको ७०औँ मिनेटमा बार्सिलोना २-० ले पछि पऱ्यो। विस्थापन्न खेलाडी अलेक्जान्डर सोर्लोथले एट्लेटिको म्याड्रिडलाई दोहोरो अग्रता दिलाए। उनले माटेओ रुगेरीको पासमा गोल गरेका थिए। दुई गोलले पछि परेको बार्सिलोनाले बराबरी गोल फर्काउने निकै प्रयास गरेको थियो। तर, एट्लेटिको म्याड्रिडको बलियो डिफेन्स तोड्न बार्सिलोनाले धेरै मिहिनेत गरे पनि सफल भएन। यद्यपि, बार्सिलोनाले गोल अवसर पनि नपाएको होइन। मार्कस रासफोर्डको एक गोल अफसाइड भएको थियो।

साबिक विजेता पिएसजीले लिभरपुललाई हरायो

च्याम्पियन्स लिगअन्तर्गत साबिक विजेता पेरिस सेन्ट जर्मेन (पिएसजी)ले पूर्वविजेता लिभरपुलसँग प्रतिस्पर्धा गरेको थियो। उत्कृष्ट फर्ममा रहेको पिएसजीले क्वार्टरफाइनलको पहिलो लेगमा लिभरपुललाई २-० ले हराएको छ। जितसँगै पिएसजीले सेमिफाइनलको आशा बलियो बनाएको छ। पेरिसस्थित पार्क दे प्रिन्सको घरेलु मैदानमा पिएसजीले दुई गोलको अग्रता लिएको छ।

अवे खेलमा दुई गोलले पछाडि रहँदा पनि पिएसजीलाई केही फरक पर्ने छैन। लिरभपुललाई सेमिफाइनल स्थान पक्का गर्न कम्तीमा पनि ३-० को गोलअन्तर आवश्यक पर्छ। एन्डफिल्ड मैदानमा पिएसजीले एक गोल गर्दा पनि लिभरपुललाई गाह्रो पर्न सक्छ। लिभरपुलको फिनिसिङ निकै कमजोर रह्यो। खेलको ११औँ मिनेटमा डेजिरे डुएले पिएसजीलाई १-० को अग्रता दिलाए। उनले डिबक्सबाहिरबाट प्रहार गरेको बल लिभरपुलका खेलाडी रायन ग्राभेनबेर्खेको खुट्टामा लागेर गोल भएको थियो।

दोस्रो हाफमा पिएसजीले थप एक गोल गरेको थियो। जाओ नेभेसको उत्कृष्ट पासमा क्वारात्स्खेलियाले दोस्रो गोल गरेका हुन्। उनले लिभरपुलका गोलरक्षक मामार्डासमेत छलाएर गोल गरेका थिए। पहिलो हाफको तुलनामा दोस्रो हाफमा पिएसजीले खेल नियन्त्रणमा राखेको थियो। यसअघि पहिलो हाफको अन्त्यतिर लिभरपुलले बराबरी गोलको राम्रो मौका गुमायो।

जेरेमी फ्रिम्पोङले गरेको प्रहार गरेको बल क्रसबारनजिक हुँदै बाहिरिएको थियो। खेलका क्रममा डुएलाई बक्सभित्र फाउल गरेपछि रेफ्री होसे मारिया सान्चेज मार्टिनेजले पेनाल्टी दिएका थिए। तर भिएआरले निर्णय उल्ट्याएपछि पेनाल्टी रद्द भयो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com